ISSN 2631-2298

nepalmag.com.np

आइतबार • ८ मंसिर २०७६ • मूल्य रु. २५

# नेपाल

राष्ट्रिय साप्ताहिक

नेसनल मेडिकल कलेज
वीरगञ्जका सञ्चालक
बसरुद्दिन अन्सारी

# सत्ताको आडमा ब्रह्मलुट

राज्यले तोकेभन्दा बढी शुल्क उठाइरहेका ७ मेडिकल कलेज सञ्चालकविरुद्ध विद्यार्थी आन्दोलन चर्के पनि सरकार मूकदर्शक

असफल आईजीपी | किचेन क्याबिनेटमा पुरानै कमरेड

# ३ वर्ष लगातार सम्मानित हुने एक मात्र जगदम्बा सिमेन्ट

Proud to be associated with
**JAGADAMBA CEMENT**

भूषण दाहाल

## हामी मात्र दिन्छौं, गुणस्तरीय उत्कृष्टतालाई निरन्तरता

जगदम्बा सिमेन्टलाई प्राप्त भएको यस श्रृङ्खलाबद्ध उपलब्धिले, उच्च गुणस्तर प्रतिको हाम्रो निरन्तर प्रयास र प्रतिज्ञालाई अझ मजबुत बनाएको छ।

**तपाईंको विश्वास नै हो, मार्गदर्शक हाम्रो सफलताको**

Ordinary Portland Cement (OPC) 2014 | Ordinary Portland Cement (OPC) 2015 | Portland Slag Cement (PSC) 2019

**Portland Slag Cement (PSC) NS Quality Award 2019 मा**
**LETTER OF APPRECIATION बाट सम्मानित**

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
NEPAL BUREAU OF STANDARDS AND METROLOGY
Balaju, Kathmandu
LETTER OF APPRECIATION -2019
This Letter of Appreciation has been presented to
M/s Subha Shree Jagdamba Cement Mills Pvt. Ltd., Chovni, Parsa
for its better performance on Quality Production of
Marked Portland Slag Cement (NS:384)
Date: November 14, 2019
(Bishwo Babu Pudasaini)
Director General
NBSM

मेरो देश, मेरो
जगदम्बा सिमेन्ट

JAGDAMBA Ultra PREMIUM OPC CEMENT

Manufacturer of:
**PPC | PSC | OPC CEMENT**

customer service: 9801110345 | jagdambacement.com | facebook.com/jagdamba.cement

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
ने ग्र १९१
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

Join us each week as Hantakali tears into everything from Dharaney kalo bangur and haku choila to, occasionally, an overconfident, overcooked pasta. We pay for the food we eat, and we'll tell you if it's worth it—without fear or favour.

**kathmandupost.com/food**

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

# भित्र

आइतबार, ८ मंसिर २०७६ (वर्ष २०, अंक १६)
Nepal National Weekly, 24 Nov 2019 (Vol. 20, No. 16)




कामदार मार्केटिङ | १५

१२
**हाम्रो नेपालमा**
धान कुटी चामल

२०
**शिक्षा**
स्थानीय पाठ्यक्रम कति प्रभावकारी ?

२२
**राजनीति**
नयाँ सचिवालय, पुरानै अनुहार

२४
**(अ)सहमति**
भास्कर गौतम

२६
**आवरण**
सत्ताको आडमा ब्रह्मलुट

३४
**नेपाल प्रहरी**
असफल आईजीपी

३७
**प्रदेश २**
दसगजामै भारतीय चेकपोस्ट

४०
**कालापानी बहस – २**
गेजा शर्मा वाग्ले/चन्द्रदेव भट्ट

४ हराए, ४ ढले | ३८

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १४
तिब्बती हाटबजारकै भर | ४५
रङ | ४७
६ प्रश्न | ४९
साहित्य : उज्ज्वल प्रसाई | ५०
नेपाल मण्डल | ५४
नोटबुक | ५६

## सम्पादकीय

# बसरुद्दिनहरूप्रति राज्य किन मौन ?

कसैले आफूमाथि अन्याय गरेको अनुभूति भए न्याय माग्न जाने छहारी राज्य र त्यसका निकाय हुन् । अहिले चिकित्सा शिक्षाका विद्यार्थीहरू आन्दोलनमा छन् । तिनको मागबारे हामीले बुझ्दै गयौँ भने सत्ताको आडमा लुट मच्चाउने मेडिकल कलेज सञ्चालकहरूको बदमासीमा हाम्रो राज्य कुन हदसम्म मूकदर्शक छ भन्ने यथार्थ थाहा पाउन सक्छौँ ।

सरकारले शैक्षिक सत्र ०७५/७६ मा उपत्यकाभित्रका मेडिकल कलेजका लागि ३८ लाख ५० हजार र उपत्यकाबाहिरका मेडिकल कलेजका लागि ४२ लाख ४५ हजार रुपैयाँ शुल्क तोकेको थियो । १ कात्तिकमा चिकित्सा शिक्षा आयोगले उपत्यकाभित्र ४० लाख २३ हजार र उपत्यकाबाहिर ४४ लाख ३६ हजार रुपैयाँ शुल्क तोके पनि मेडिकल कलेजहरूले चोरबाटोबाट २ लाखदेखि २५ लाख रुपैयाँसम्म उठाएका छन् । भर्ना, रजिस्ट्रेसन, सम्बन्धन, कम्युनिटी, फिल्ड, क्लिनिकल ट्रेनिङ, इन्टर्न, मेडिकल टेस्ट, विद्यार्थी कल्याण, शिक्षक/गाइड, पुस्तकालय, खेलकुद, परीक्षालगायत २४ शीर्षकमा अतिरिक्त शुल्क उठाएर ती कलेजहरूले लुटको शृंखला नै मच्चाएका छन् ।

राष्ट्रिय सतर्कता केन्द्रले गरेको अनुसन्धानबाट १२ वटा मेडिकल कलेजले विद्यार्थीबाट झन्डै ३ अर्ब रुपैयाँ ठगी गरेको खुलासा भइसकेको छ । *नेपाल*को यो अंकमा भूषण यादव र माधव बस्नेतले त्यसका दृष्टान्त प्रस्तुत गरेका छन् । आन्दोलित विद्यार्थीहरू भनिरहेका छन्, सरकारी निर्णयमाथि चुनौती दिइरहेका मेडिकल कलेज सञ्चालकहरूमाथि कडा कारबाही होस् ।

शिक्षामन्त्री गिरिराजमणि पोखरेलले दुई साताअघि *नेपाल*सँग कुरा गर्दै तोकिएको समयभित्र विद्यार्थीको रकम नफर्काए मेडिकल कलेज सञ्चालकलाई कारबाही गर्ने घोषणा गरेका थिए । मेडिकल कलेजहरूको दादागिरी रोक्न दुई महिनाअघि नै गृहमन्त्री रामबहादुर थापा र शिक्षामन्त्री पोखरेलले सम्बन्धित विश्वविद्यालयका पदाधिकारीलाई एक महिनाभित्र रकम फिर्ता गर्न निर्देशन दिएका थिए । तर सरकारी निर्देशन टेर्नु त कता हो कता, उल्टै वीरगन्जस्थित नेसनल मेडिकल कलेजका सञ्चालक बसरुद्दिन अन्सारीले बाउन्सर लगाएर एमबीबीएस प्रथम वर्षका विद्यार्थीमाथि आक्रमण गरेको घटना सार्वजनिक भयो । जुनसुकै पार्टीको सरकार बने पनि तिनलाई रिझाएर आर्थिक लाभ उठाउँदै आएका बसरुद्दिनमाथि अहिलेसम्म सरकारले कारबाही गर्ने संकेत देखाएको छैन । यो विद्यार्थीहरू मात्र नभई सर्वसाधारणमाथि राज्य पक्षले गरेको अपमान हो ।

मेडिकल कलेजहरूको शुल्क विवादबारे अध्ययन गर्न सरकारले सुरेशकुमार राईको संयोजकत्वमा ९ सदस्यीय उपसमिति गठन गरेको थियो । उपसमितिले सरकारी ४ र निजी १८ गरी २२ वटै मेडिकल कलेजमाथि अध्ययन र अनुगमन गरेर १५ भदौमा समितिसमक्ष प्रतिवेदन बुझाइसकेको छ । तर त्यसको निरुपण गरी दोषीमाथि कारबाही गर्ने आँट राज्य पक्षले किन देखाउन सकिरहेको छैन ? हामी यो बेला राज्यलाई समाजवादउन्मुख राज्य बनाउने संवैधानिक प्रतिबद्धता सम्झाउन चाहन्छौँ ।

अघिल्लो साता राजधानीमा आयोजित एक बहसमा वाम चिन्तक डा सरोज धितालले भनेका थिए, 'समाजवादउन्मुख लोकतान्त्रिक गणतन्त्रको दर्शनले चिकित्सा शिक्षा र स्वास्थ्य सेवालाई विनिमयको वस्तुका रूपमा रहिरहन स्वीकृति दिन सक्दैन ।' घटनाप्रवृत्ति भने ठीक उल्टा छन् । मेडिकल शिक्षाका बेथिति अध्ययन गर्न बनेका दर्जनौँ समिति र तिनका प्रतिवेदनलाई प्रकारान्तरले मिल्काउने सरकारी कार्यशैलीले चालू व्यवस्थाकै खिसी गरेको छ ।

सत्ताको आडमा विद्यार्थीहरूमाथि ब्रह्मलुट मच्चाउने बसरुद्दिन अन्सारीहरूमाथिको कारबाही आजको आवश्यकता हो, राज्यप्रति नागरिक आशाको प्रतिविम्ब पनि ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १ मंसिर २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

## स्वाभिमानमा हस्तक्षेप

कालापानी, लिपुलेकलगायत नेपालका अविभाज्य भूभाग समेटेर भारतले हालै प्रकाशित गरेको नयाँ नक्सालाई लिएर नागरिक समाज र विद्यार्थीले विरोध गर्दै आएका छन् *(कालापानीमा दुखेको देश, १ कात्तिक)* । मुलुकको सार्वभौमिकता, अखण्डता र स्वतन्त्रताको बर्खिलाप हुने गरी भारतले दादागिरी देखाएको भन्दै नेपाली जनता स्वाभिमानको प्रतिरक्षाका निम्ति बोल्न थालेका हुन् ।

■ **ऋतिक यादव**
*काठमाडौं स्कुल अफ ल, भक्तपुर*




## पूर्वमाओवादीमा विचलन

१० वर्षसम्म सशस्त्र युद्धमा सामेल तत्कालीन माओवादी नेताहरू निष्कलंक रहेनछन् भन्ने महरा काण्डले देखायो *(नसुध्रिएका नेता, २४ कात्तिक)* । द्वन्द्वकालमै थुप्रै माओवादी नेता–नेतृहरूको यौन विवाद बाहिर आएकै हो । द्वन्द्वका बेला थुप्रै कार्यकर्ताले यौन सम्बन्धको आरोपमा सफायासम्मको कारबाही भोगे । तर माथिल्लो तहका नेताहरूमाथि कारबाही गरिएको सुन्नमा आएन ।

■ **कौशिला घर्ती**, *सिस्ने गाउँपालिका, रुकुम*

**कालापानीले मागेको राष्ट्रिय एकता**
Hari krishna shakya @Harikrishnashky

नेपाल बुद्ध जन्मेको देश हो । भारत बुद्धको कर्मभूमि हो । दुवै एकअर्काका अभिन्न मित्र हुन् । भारतीय सभ्यताको इतिहास नेपालको इतिहासबिना अधूरो हुन्छ । दुवै देशले आ–आफ्नो संवेदनशीलतालाई हेरेर सीमा समस्या समाधान गरून् ।

Lokraj Bhatta@LokBhatt

आलु २ सयमा १ धार्नी, प्याज केजीको डेढ सय, साग १ मुठाको ५० रूपैयाँ, १ कोठाको भाडा साढे ६ हजार ! यस्तो महँगो सहर काठमाडौंमा बस्न न्यूनतम आम्दानी कम्तीमा १ लाख हुनुपर्छ । महँगीमा निम्नस्तरलाई काठमाडौंमा बाँच्न गाह्रो ।

**नभन्ठान्नुस्, पृथ्वी तातेर मलाई के हुन्छ र !**
Er. Kamal Rijal @kamalrijal1

सबैले बुझ्ने गरी लेखेकामा अजयजीलाई धन्यवाद । अन्तर्राष्ट्रिय, क्षेत्रीय वा स्थानीय होस् । वातावरणीय असर पनि विभेदपूर्ण नै छ । एक तिहाइ जनताले दुई तिहाइ जलवायु क्षेत्र ओगटेको तथ्य सार्वजनिक नै छ ।

**कालापानीमा भारतको सामरिक स्वार्थ**
Min Gurung

यो अहिले कसरी आयो ? नयाँ भने होइन । ५० को दशकमा तत्कालीन एमालेका भ्रातृ संगठन लिपुलेक, लिम्पियाधुरा भनेर झन्डा बोकेर हिंडेकै हुन् । अहिले फेरि त्यही दोहोऱ्याइरहेछन् ।

B.N. Shrestha

नेपाल सरकारलाई दबाब दिनैपर्छ । सीमा विवाद रहनु हुँदैन । यतिबेला राम्रो अवसर पनि छ । नेपालका सबै राजनीतिक दल पार्टी भएर होइन, एकजुट भएर जानुपर्छ ।

**हिरासतमा मैले जे भोगें : ऱ्यापर भिटेन**
Arjun Budha

अश्लीलता आफ्नो ठाउँमा छ । उनको गीत साधुहरूले सुनेर मज्जा लिने गर्छन् । खुलेर मन हलुका गराएर गाउँदा समाज बिग्रिन्छ भन्छन् ।

**प्रतिक्रियाका लागि**
nepalpatra@kmg.com.np
**लेख रचनाका लागि**
nepalmag@kmg.com.np
@NepalMagazine
@NepalMagazine
@nepalmagazine

**साताका ७** nepalmag.com.np

१ **प्लटिङले सक्यो धान फल्ने खेत**
पूर्वका झापा, मोरङ र सुनसरीमा उत्पादन भएको धान स्थानीय माग पूरा गरी निर्यात हुन्थ्यो भन्दा पत्याउन गाह्रो पर्छ । अहिले उल्टो छ । यहाँ भारतबाट ठूलो परिमाणमा धान, चामल आयात हुन्छ । खेतीयोग्य जग्गामा घडेरीका लागि प्लटिङ बनेका कारण पूर्वमा खेतीयोग्य जमिन खुम्चिएको हो ।

२ **'शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारले मात्र पुग्दैन' : डा सरोज धिताल**
संविधानले समाजवादउन्मुख राज्य भनेको संघीय लोकतान्त्रिक गणतन्त्रमा शिक्षा र स्वास्थ्य कस्तो हुनुपर्छ ? शान्तिपूर्ण स्थितिमा राज्यले कि त आफ्नो उद्देश्यअनुरूप शिक्षाको जिम्मा कसैलाई ठेक्कामा दिन्छ कि आफैं लिन्छ वा कुनै ठेकेदारसँग प्रत्यक्ष साझेदारी गर्छ ।

३ **मोदीलाई पत्र लेख्दै केसीको अनशन स्थगित (भिडियो)**
प्राडा गोविन्द केसीले नवौं दिनमा अनशन स्थगित गरे । डडेलधुरामा १७ औं अनशन बसिरहेका उनले भारतले नेपालको कालापानीसहितको भूभाग समेटेर नयाँ नक्सा सार्वजनिक गरेको विषयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेख्दै अनशन तोडेका हुन् ।

४ **मलावीबाट यसरी तुहियो, अमेरिका जाने सपना**
अमेरिका जाने सपनामा अफ्रिकी मुलुक मलावीमा बन्धक बनेका ६ नेपाली स्वदेश फर्किएका छन् । गत वर्ष दसैंअघि नेपालबाट उडेका उनीहरूलाई अमेरिका लैजानु त कता हो कता, दलालले बन्धक बनाएर यातना दिए । मलावी प्रहरी र मानव बेचबिखन अनुसन्धान ब्युरोको सहयोगमा उनीहरू नेपाल फर्किएका हुन् ।

५ **चीन–अमेरिकाको प्रयोगशाला नबनोस् नेपाल (सन्तोष शर्मा पौडेल)**
बेइजिङ–वासिङ्टनको प्रतिस्पर्धाले नेपालको विदेश नीतिका आधारभूत मान्यता र सिद्धान्तको परीक्षण हुनेछ । हिन्द–प्रशान्त रणनीतिको हिस्सा हुने कि नहुने भन्नेले नेपालको असंलग्नताको सिद्धान्तप्रतिको विश्वासलाई चुनौती दिनेछ । नेपालले बेल्ट एन्ड रोडमा भाग लिने गरी सहमति गरिसकेको अवस्थामा अमेरिकाको बीआरआईप्रतिको नकारात्मक दृष्टिकोणले कूटनीतिक दबाब परिरहनेछ ।

६ **पुस्तकसँगै फेरिँदै पुस्तकालय**
बालबालिकालाई निःशुल्क पुस्तक उपलब्ध गराउन 'ग्लोबल डिजिटल लाइब्रेरी' सुरु भएको छ । २५ कात्तिकमा काठमाडौंमा लाइब्रेरी उद्घाटन भएको हो । यो अभियानले सन् २०३० सम्म विश्वका सबै बालबालिकामाझ पुस्तक पुऱ्याउने लक्ष्य राखेको छ ।

७ **स्वस्थ मानिसलाई बिरामी बनाउने रौंभन्दा मसिना कण (भिडियो)**
विश्व स्वास्थ्य संगठनको वायु गुणस्तर मापदण्डअनुसार २४ घन्टामा प्रतिघनमिटर हावामा खतरनाक पीएम–२.५ को मात्रा २५ माइक्रोग्रामभन्दा बढी हुनु हुँदैन । नेपालले यो सूचकांकलाई ४० माइक्रोग्राम तय गरेको छ । तर काठमाडौंमा मापदण्डभन्दा ६ गुणा बढी प्रदूषण हुने गरेको छ ।

MARTIN
ICE CREAM
भाइटल आईसक्रिम
इटालियन जेलातो
सित्तैमा मग !!*
MARTIN ICE CREAM
Vital
An Italian Gelato
Aus scoops & Smile
Witness the grand opening of AUS scoops and smile ice-cream parlour in Jamal near Nepal Chamber of Commerce
१ लि.
भाइटल आईसक्रिम
१ वटा किन्दा
१ मग सित्तैमा
५०० मि.लि.
भाइटल आईसक्रिम
२ वटा किन्दा
१ मग सित्तैमा
*यो योजना सिमित अवधिको लागि मात्र लागु हुनेछ ।
भाइटल आईसक्रिम भाटभटेनी सुपरमार्केट तथा अन्य मार्टहरूमा उपलब्ध छ ।
SHAKTI
FOOD PRIVATE LIMITED
Patan Industrial Estate, Lagankhel, Lalitpur
Tel: 5522129, 5520504, Fax: 977-1-5523359
www.shaktifood.com.np
For Martin Ice-cream franchise: 9851089720
An ISO 22000 Certified Company
YouTube

# प्रवेश

## सोझै




## साताका चर्चित

**सरस्वती चौधरी**
भलिबल खेलाडी

एभीसी एसियन सेन्ट्रल जोन सिनियर महिला भलिबल च्याम्पियनसिपमा स्वर्णसँगै 'प्लेयर अफ द म्याच' घोषित ।

**सुजिता बस्नेत**
मोडल

मिस मेरिल्यान्ड युएसएमा ९३ अमेरिकी प्रतिस्पर्धीलाई पछि पारेर सेकेन्ड रनरअप र पिपल च्वाइस अवार्ड ।

**कृष्ण थापा**
चेस खेलाडी

फिडेको अफिसियल अन्तर्राष्ट्रिय प्रतियोगितामा उपाधि जित्ने पहिलो नेपाली ।

**माधव घिमिरे**
राष्ट्रकवि

५१ हजार र ताम्रपत्रसहित शतवार्षिकी अभिनन्दन-०७६ बाट सम्मान ।

**शारदाप्रसाद अधिकारी**
ठेकेदार

पहुँचका आधारमा कमलविनायक-नगरकोट सडक विस्तार ठेक्काका लागि चौथो पटक म्याद थप ।

मुलुकबाहिर

# खेलको बीचमा बिरालो कुदेपछि



यो पृथ्वी मानवको मात्र होइन । कीरा, फट्यांग्रा, जनावर, रूखबिरूवा सबैले पृथ्वीलाई जीवन्त बनाएका छन् । तर तीक्ष्ण दिमागी भनेर आफूलाई सर्वश्रेष्ठ घोषणा गर्ने मानव प्राय: भुलिदिन्छ, पृथ्वी अरूको पनि घर हो । जसरी मानव पृथ्वीमा यत्रतत्र विचरण गर्छ, त्यस्तै जीवजन्तुले स्वतन्त्र विचरण गर्न पाउनुपर्छ । मानवको एकलौटी आचरणलाई यदाकदा यी जीवजन्तुले चुनौती दिँदै आएका छन् । नपत्याए पढ्नुस् :

अमेरिकाको व्यावसायिक नेसनल फुटबल लिग (एनएफएल) को खेल हुंदै थियो, मेटलाइफ स्टेडियममा । न्युयोर्क जायन्ट्स र डलास काउब्वाइज एकापसमा भिड्दै थिए । *न्युजडटस्काईडटकमका* अनुसार १० नोभेम्बरमा कालो बिरालो हरियो चौरमा मस्त कुद्यो । बिरालो कुदेको चौरमा रहेको ठूलो प्रोजेक्टरमा पनि देखियो । बिरालो कुद्न थालेपछि रेफ्रीले खेल रोके । सबैको ध्यान बिरालोतर्फ मोडियो । सुरक्षा गार्डले बिरालो पक्रिन खोजे पनि सफल भएनन् । बिरालो पक्रिन ठाउँ-ठाउँमा जाल राखे पनि सफल नभएको स्टेडियमले विज्ञप्ति नै जारी गऱ्यो । ने




त्यस बखतको **नेपाल**




## दमकलकै दिलमा आगो लाग्या'छ

अब डेनिस र म्यागिरसको पनि केही नलाग्ने भएको छ। वर्षौंदेखि राजधानीका साना-ठूला अग्निकाण्डका प्रत्यक्षदर्शी यी दमकलले विस्तारै आगो निभाउने क्षमता गुमाउन थालेका छन्। एक सय वर्ष नपुगेका वस्तुलाई पनि म्युजियमले लिने नियम भएको भए संग्रहालयमा सबैभन्दा पहिला यिनै दमकल पुग्ने थिए। तर, अहिलेको समयका लागि 'आउट डेटेड' तथा साधनस्रोतले अत्यन्तै विपन्न भएर पनि सकेसम्मको चर्को स्वर निकालेर उपत्यकाभित्रका अग्निपीडित स्थानमा पुग्नुपर्ने यिनको नियति भएको छ।

जुद्ध वारुण यन्त्रालयको छाताअन्तर्गत काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा सञ्चालित दमकललाई एकपछि अर्को कर्मचारीले छोड्दैछन् भने खाली ठाउँमा नयाँ नियुक्ति हुन छोडेको पनि एक दशक पुग्न लागिसक्यो। फायरतर्फ ४२ जनाको दरबन्दी भएको काठमाडौंमा अहिले ३२ जना कर्मचारी मात्रै कार्यरत छन्। पाटनमा खाली रहेका १३ पदमा नयाँ नियुक्ति नहुँदा २० अग्नि नियन्त्रकहरूले सबै काम भ्याउनु परेको छ भने भक्तपुरको पनि हालत उस्तै छ। यहाँ फायरतर्फ नौवटा दरबन्दी खाली रहँदा २३ बाट काम चलाउनुपरेको छ।

***नेपाल*, १-१५ मंसिर २०५७**

सुरेश किरण

# शान्तिपूर्ण अतिक्रमण

हाम्रो दक्षिणी छिमेकी भारतले पुनः एक पटक शान्तिप्रतिको आफ्नो प्रतिबद्धता पुष्टि गरेको छ । सायद पटक-पटक हारेको कारणले होला, अहिले भारत कुनै युद्धको पक्षमा छैन । पूरै शान्तिको पक्षमा रहेको छ । बुद्धलाई भारतमा जन्मेको भनेर दाबी पनि गर्ने अनि युद्ध पनि खोज्ने त गर्नुभएन नि !

अहिले भारत दुनियाँमा जे गर्न चाहन्छ, त्यो शान्तिपूर्ण ढंगले गर्न चाहन्छ । जस्तो, भारतले भर्खरै कश्मीरलाई आफ्नोमा पूरै विलय गरायो । त्यो शान्तिपूर्ण ढंगले नै गर्‍यो । संविधानमा एउटा संशोधन गर्‍यो, सकियो । यो त उसको आफ्नै देशभित्रको मामिला भयो । कुनै विदेशीको भूमि कब्जा गर्ने हो भने त्योसमेत शान्तिपूर्ण ढंगले नै कब्जा गर्न सकिन्छ भन्ने उदाहरण पनि भारतले प्रस्तुत गरेको छ । जस्तो, आफ्नो देशको एउटा नक्सा सार्वजनिक गर्‍यो । त्यसैमा नेपालको भूभागसमेत आफूभित्र पारिदियो, सकियो । न लडाइं, न झगडा, न युद्ध ! शान्तिपूर्ण अतिक्रमण । दुनियाँमा अरू देशको भूमिसमेत शान्तिपूर्ण ढंगले अतिक्रमण गर्न सकिन्छ भन्ने यो उदाहरणले देखाउँछ, शान्तिप्रतिको भारतीय असीम प्रेम ।

वर्तमान संसारमा शान्ति यति दुर्लभ भइसक्यो कि मानिसहरू प्रेमसमेत लडाइँबाट प्राप्त गर्न खोज्छन् । यस्तो अवस्थामा छिमेकी मुलुकको भूमिसमेत शान्तिपूर्ण ढंगले अतिक्रमण गर्नुजस्तो उदाहरण अरू कहाँ पाउनु ? यो शान्तिपूर्ण अतिक्रमणका लागि प्रधानमन्त्री नरेन्द्र मोदीलाई शान्तिको नोबेल पुरस्कार पो दिने हो कि ?

# जब प्रधानमन्त्री सक्रिय हुन्छन्

प्रधानमन्त्री खड्गप्रसाद ओलीले आफ्नो स्वास्थ्य खराब भएको हल्ला फैलिएपछि त्यसलाई खण्डन गर्ने कार्य अघि बढाएका छन् । हल्लालाई खण्डन गर्ने उनको आफ्नै शैली छ । उनी अहिले त्यही प्रयोग गरिरहेका छन् ।

स्वास्थ्य खराबीको हल्लासँगै उनलाई धेरैले अबचाहिँ आराम गर्नुस् भन्ने सुझाव दिन थालेका थिए । तर उनले न कसैको सुझाव लिए, न त आराम । उनी त झन् पो सक्रिय हुन थाले । उनले आफ्नो सक्रियतालाई पहिलेभन्दा दोब्बर पारेका छन् । र, उनको यही सक्रियताको फलस्वरूप विभिन्न उच्च पदमा नियुक्त विशिष्ट व्यक्तिको पद धमाधम धरापमा पर्दै जान थालेको छ । पहिलो चरणमा सात प्रदेशका सात प्रमुखको पद चेट् भयो । त्यसपछि उनको आफ्नै सल्लाहकार मण्डलका सदस्यको पद चेट् भयो । अब अर्को चरणमा मन्त्रीको पालो आउँदै छ ।

वास्तवमा प्रधानमन्त्री सक्रिय भए भने त्यसले के नतिजा ल्याउँछ भन्ने कुराको उदाहरण हो, यो । उनी बिरामी परुन्जेल, उपचार गरुन्जेल, अस्पताल बसुन्जेल सक्रिय भएका थिएनन् । अतः सबैको पद सुरक्षित थियो । जब सक्रिय हुन थाले, तब सबैको पद असुरक्षित हुँदै जान थाल्यो ।

अहिले संकेत हेर्दा प्रधानमन्त्रीले आफ्नो सक्रियतालाई अझै पनि स्थगित गर्ने कुनै छाँट देखिन्न । यसले अझै गति लिने सम्भावना देखाइरहेको छ । यसको सीधा अर्थ यही हुन आउँछ कि विभिन्न पदमा विराजमान अरू पनि धेरै मानिसको पदमाथिको खतरा अझै टरेको छैन । बरू त्यो अझ बढ्दै छ । सायद त्यसैले पनि होला, अहिले प्रधानमन्त्री पुनः सक्रिय भन्ने सुनियो कि धेरै मानिसको खुट्टा काम्न थालिहाल्छ । खै, कहिलेसम्म चल्ने हो, यो सक्रियता !



# राहतपूर्ण नक्सा

कालापानीलाई विवादमा पारेर भारतले जुन नक्सा सार्वजनिक गर्‍यो । त्यसले अरूलाई हैरान पारे पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भने ठूलै राहत प्रदान गरेको छ । भारतीय नक्साका कारण उनलाई जो राहत प्राप्त भयो, त्यो निःसन्देह लोभलाग्दो पनि छ ।

भारतीय नक्सामा नेपालको कालापानी आफैंमा गाभेपछि नेपालमा विरोध सुरू भएको छ । त्यो विरोध कार्यक्रममा सबैभन्दा अग्रपंक्तिमा रहेका छन्, कांग्रेस समर्थित नेपाल विद्यार्थी संघका युवा कार्यकर्ता । विद्यार्थी कार्यकर्ता कालापानीको पछि लागेपछि गत सातादेखि कांग्रेस केन्द्रीय कार्यालयमा चलिरहेको धर्ना बन्द भएको छ । केही सातादेखि कांग्रेस कार्यालयमा नेविसंघ कार्यकर्ताको धर्ना चलिरहेको थियो । त्यो पनि आफ्नै नेताहरूविरूद्ध । कार्यालयमा कुनै नेता आएको देखियो कि धर्नाकारी तुरुन्तै नाराबाजीसमेत सुरु गर्थे । त्यसमाथि पार्टी सभापति त झन् देख्नै नहुने । उनी आएको थाहा भयो कि कार्यकर्ता झन् थपिन पुग्थे ।

यो धर्नालाई कसरी बन्द गरौं भन्ने लागिरहेको थियो । ठीक यही बेला भारतीय नक्सा सार्वजनिक भएपछि नेविसंघ कार्यकर्ता धर्ना-सर्ना छाडेर त्यही नक्साको पछि लागेका छन् । अहिले कांग्रेस केन्द्रीय कार्यालय धर्नामुक्त भएको छ । सभापति देउवाका लागि योजत्तिको ठूलो राहत अरू के होला ?

कार्यकर्ता भारतीय नक्साको पछि लागेपछि कांग्रेसलाई अलिकति प्रतिपक्षी कर्म गर्ने अवसर पनि प्राप्त भएको छ । यसलाई चाहिँ बोनस राहत भन्नुपर्ला । भारतीय नक्साले सभापति देउवाको नक्सा पो बदल्ने संकेत देखियो त !

[ झटारो ]

# विशिष्टहरूलाई शिष्ट सुझाव

लक्ष्मण गाम्नागे

कल्पनै नगरेको, यो मुलुकको पाँचौं नम्बरका उच्च अधिकारी महराजी जेलको हावा खान पुग्नुभयो । जनताका माननीय प्रतिनिधिका पनि प्रतिनिधि सम्माननीय सभामुख । सत्ताविरोधी हिंसात्मक आन्दोलन गर्दा पनि उहाँ जेल पर्नुभएको थिएन होला । हेर्दा नै मायालाग्दो भद्र भलाद्मी मान्छे । मृदुभाषी । इमानदार पनि हुनुहुन्छ रे भन्ने सुनेको हो । पार्टीमा पनि अध्यक्षको प्रिय पात्र । असल भएरै होला, कहिल्यै सत्तासुखबाट वञ्चित हुनु नपरेको सुकिलो, मुकिलो, सुकोमल व्यक्तित्व । त्यस्तो मुलायम व्यक्तित्वले आज 'बलात्कार प्रयास' जस्तो निम्न स्तरको अभियोगमा जेल बस्नुपरेको छ । बरु ड्याम्मै केही करोडको भ्रष्टाचार अभियोग लागेको भए पनि इज्जतै रहन्थ्यो, पूर्ण बलात्कार भए पनि बरु तै-तै भन्नुहुन्थ्यो, 'बलात्कार प्रयास' जस्तो असफल र निम्छरो घटनामा इज्जतै स्वाहा हुनु, पदै जानु, जेलै जानु, कस्तो विडम्बना ! दशा लागेको भनेको यही होला ।

पार्टीका दुई नम्बर अध्यक्षले एक कार्यक्रममा बताएअनुसार महराजीले त्यस्तो ठूलै अपराध गरेको पनि होइन रहेछ, नैतिक दृष्टिले अलि नमिल्ने कुरा गरेको भन्ने बुझियो । बलात्कार प्रयासभन्दा पनि ठूलो गल्तीचाहिँ उहाँले नेतृत्वलाई ढाँटेर गर्नुभएछ । प्रचण्डजीले आफैं घरमा गएर 'कुरा के हो खसोखास बताउनुस्' भनेर च्याखन्याख पार्दा पनि उहाँले साँचो कुरा बताउनुभएनछ । उहाँले 'धोका खाएँ, बचाइपाऊँ' भनेको भए बचाउन सकिने सम्भावना हुने रहेछ । यसरी विचार गर्दा पार्टीका नेता-कार्यकर्ताले जे-जसो गरेको भए पनि पोल खुलेपछि सत्य कुरा नेतृत्वलाई बताउनुपर्ने रहेछ भन्ने पोल खुल्न बाँकी विशिष्टहरूले ध्यानमा राख्नुहोला ।

एक जना महराजीको बलिदानीबाट बाँकी धेरै विशिष्टज्यूहरूले पाठ सिक्ने सुनौलो अवसर आएको छ । विभिन्न राजनीतिक दलका ठूल्ठूला नेताहरूबारे बजारमा त्यस्तै सम्बन्धका हल्ला आइरहन्छन् । संयोगले अहिलेसम्म उहाँहरू जोगिइरहनुभएको होला । कति नेताहरूका नाम बजारमा आए पनि चर्कोसँग आएका छैनन् । युट्युबरहरूले रंगेहात भेट्टाएका छैनन् । ती चर्चामा आइरहने पात्र अवश्य पनि सावधान हुनुभयो होला । नभए अब सतर्क रहनुहोला ।

यस प्रकरणबाट पाठ सिक्दै आइन्दा त्यस्ता गोप्य सम्बन्धहरू अत्यन्त होसियारीपूर्वक कायम राख्नुहोला । ठूलो र सार्वजनिक पदमा बस्ने व्यक्तिले त्यसरी अवैध सम्बन्ध राखेको भए दिनदहाडै पार्टनरकहाँ जाने काम बन्द गर्नुहोला । साइरन बजाउँदै, बाटो जाम गर्दै, सुरक्षाकर्मीसहित गाडीको ताँती लगाएर पनि नजानु होला । सुरक्षाकर्मी वा सवारी चालकबाट पोल खुल्ने खतरा हुन्छ भन्ने त लाटोबुंगोले पनि थाहा पाउने कुरा हो । त्यस्ता विशिष्ट व्यक्तिले गाडी आफैं चलाएर वा कसैले थाहा नपाउने गरी मुखमा मास्क लगाएर ट्याक्सीमा जानुहोला । परिवारका सदस्यले, श्रीमतीले, गेटमा बसेका सुरक्षाकर्मीले वा घरको कुकुरले पनि थाहा नपाउने गरी आधारातितिर लुसुक्क निस्कनुहोला । सडकका सीसीक्यामेरालाई छल्दै गन्तव्य स्थल छिर्नुहोला ।

त्यतिले मात्र पुग्दैन, आफ्नो पार्टनरलाई बिच्किन नदिन आर्थिक, शारीरिक, पदीय आदि सबै कुरामा सन्तुष्ट पारेर राख्नुपर्ने रहेछ भन्ने पाठ सम्बन्धितहरूले सिक्नुहोला । घटना घटिसकेपछि र सम्भावित खतराको ज्ञान भइसकेपछि 'फर्गेट एस्टर्डे' वा यस्ता कुनै शंकास्पद सन्देश नपठाउनु होला । जे-जसरी हुन्छ यस्ता सम्बन्धलाई बाहिर विस्फोट गराएर दुनियाँलाई हँसाउने काम नगर्नुहोला । भित्रभित्रै एक्लै हाँस्नुहोला ।



# धान कुटी चामल

**विद्या राई**

बझाङ थलारा गाउँपालिका सिरेटाकी अमृता सिंह, ३३, को दैनिकी ओखलमा धान कुट्दै सुरु हुन्छ। ७ जनाको परिवारलाई एक छाक पुग्ने धान कुट्न दुई घन्टा लाग्छ। आधुनिकतासँगै कुटानीपिसानी मेसिन दूरदराज पुगेको छ। तर बझाङजस्तै सुदूरपश्चिमका पहाडी जिल्लामा भने परम्परागत तरिकाले ओखलमै धान कुट्ने चलन छ।

मेसिनमा कुटेको चामलको तुलनामा अर्गानिक, पोषिलो र स्वादिष्ट हुने भएकाले ओखलमा कुटेर खाने गरिन्छ। चाडवाड, बिहे, व्रत, भोजभतेर लगाउनुपर्‍यो भने गाउँभरिका मान्छे भेला भएर कुट्छन्। यसले समुदायमा सहकार्य, समन्वय र सद्भाव कायम राख्न सहयोग पुगेको छ। ने

# राजा र राणाका विलासी कार

ट्रक लिएर काठमाडौँ छिरेको शिख समुदायले उपत्यकासहित नेपालभर व्यवस्थित यातायातको जग बसाल्यो । यसको सुरूआत नेपालकै पहिलो त्रिभुवन राजपथबाटै भयो । शिख समुदायले ढुवानीका साधन मात्र नभई यात्रुवाहक बस पनि सञ्चालनमा ल्यायो । उपत्यकामा सार्वजनिक यातायात नियमित नभए पनि अमलेखगन्ज-भीमफेदीसम्म फोर्ड कम्पनीका पुराना साना बस चल्थे । यी बस पनि नियमित हुँदैनथे । कारण, सडकको अवस्था राम्रो थिएन । सेभ्रोलेटका जीप, जीएमसी चार बाई चारका ट्रक पनि फाट्टफुट्ट थिए । राजधानीमा नियमित यातायात नहुँदा आवश्यक खाद्यान्न हेटौंडाबाट रोपवेमार्फत कालीमाटी आउँथ्यो ।

प्रीतम सिंह

सन् १९५६ सम्म उपत्यकामा कमर्सियल गाडी थिएनन् भन्दा पनि हुन्छ । मोटरसाइकल मुस्किलले तीन-चार वटा र व्यक्तिगत ट्याक्सी यस्तै १५-२० वटा थिए । बहुसंख्यक मानिस पैदल र साइकल प्रयोग गर्थे । प्रशासनिक अड्डा सिंहदरबारमा जागिर खान उपत्यकाका कांठ क्षेत्रबाट आउने बढीजसोसँग साइकल हुन्थे ।

हामीले काठमाडौंमा बस सेवा सुरू गर्दासमेत राजा-राणा खलकका संसारमै महँगोमध्ये पर्ने रोड राइडर कार चल्थे । करिब २०-२५ वटा यस्ता महँगा कार विलासी ठाँटबाँट भएकाले मात्र प्रयोग गर्छन् भन्ने गाइँगुइँ सुनिन्थ्यो । पुलिसका आईजीपीसमेत साइकल चढेर कार्यालय र निवास धाएको म आफैँले देखें । त्यतिबेला इन्स्पेक्टर रहेर पछि आईजीपी भएका डीबी लामाले काठमाडौं उपत्यकामा सार्वजनिक सवारी सञ्चालनार्थ भरपूर सहयोग गरे ।

उपल्लो प्रशासनिक ओहोदाका वरिष्ठ अधिकारीसँग समेत सरकारी-निजी सवारी साधन थिएनन् । यसको प्रमाण म आफैं गुरुजी बनेर तत्कालीन प्रधानन्यायाधीश भगवतीप्रसाद सिंहलाई मध्यतराई भ्रमण गराएँ, सन् १९६१ मा । काठमाडौंबाट सरकारी काम विशेषले न्यायाधीश सिंहलाई ट्रकमा राखेर वीरगन्ज र जनकपुर घुमाएँ । काम सकिएपछि ट्रकमै बोकेर काठमाडौं उतारें । मध्यतराई ट्रक यात्रा गराएको यस्तै ३-४ वर्षपछि मुख्य न्यायमूर्तिलाई भेट्न जाँदा भने सिंहसँग सरकारले दिएको पुरानो जीप देखेको थिएँ ।

काठमाडौंमै व्यवस्थित सडक नभएको अवस्थामा सार्वजनिक यातायातको पहुँच हुने कुरै भएन । राजदरबारदेखि न्युरोडसम्मको बाटो मात्र कालोपत्रे थियो । अहिले विकसित स्वरूपमा आएका राजधानीका बाहिरी-भित्री सडक कच्ची थिए भने पानी पर्दा हिलाम्य हुन्थे । अहिले अन्नपूर्ण होटल रहेको क्षेत्रको बाटो धेरै पछि खुलेको हो । काठमाडौं-थानकोट ट्र्याक भर्खरै खुलेको थियो ।

ललितपुर, भक्तपुरका सडक पनि कच्ची नै थिए । उपत्यकामा सार्वजनिक बस हुइँकिँदासमेत ललितपुर र भक्तपुरलाई आधाभन्दा बढी जंगलले ढाकेको थियो । पछि अरनिको राजमार्ग विस्तारका क्रममा मात्र आधुनिक भक्तपुर निर्माणले गति लिएको हो ।

सार्वजनिक यातायात शून्य रहेको अवस्थामा हामीले नै सन् १९५९ मा पहिलोपल्ट काठमाडौंमा बस भित्र्यायौं । भारतबाट पार्टपुर्जा ल्याएर वीरगन्जमा एसेम्बलिङ गरी बस भित्र्याएपछि मात्र उपत्यकाबासीले नियमित यातायात उपभोग गर्न पाए । सुरुमा दुइटा बसबाट सुरू गरेको सेवा विस्तार हुँदै जाँदा ६० सम्म पुगे । पछि काठमाडौंमै भारतबाट पार्टपुर्जा ल्याएर नयाँ बसको आकारमा ढाल्न थाल्यौं । त्यसका लागि आफैंले दक्ष जनशक्ति जम्मु कश्मीरबाटै ल्याएँ । उपत्यकामा चलाउन जम्मु कश्मीरबाटै फियाट कार ल्याएको थिएँ ।

उपत्यकामा बस सेवा सुरू भएकै समय राजा महेन्द्रले मलाई दरबार बोलाए, सन् १९६० मा । त्यो भेटमा राजाले खाद्यान्न ढुवानी साधनजस्तै यात्रुबस सेवा विस्तार गर्न सुझाए । त्यसपछि हामीले भारतीय नम्बर प्लेटका गाडीसमेत काठमाडौं भित्र्यायौं । भारतीय ट्रक नेपालमा पहिलेदेखि नै चल्थे । भारतबाट सार्वजनिक यातायात ल्याउँदा नेपाल सरकारले भन्सार चलान, कर, सडक दस्तुर सबैमा छूट दिने व्यवस्था गरिदियो । यस्ता गाडी आवश्यकता परून्जेल चलाउने र पछि उतै फर्काइन्थ्यो ।

त्रिभुवन राजपथबाहेक अन्यत्र सडक नभएको अवस्था फेरिँदै गयो । लाइफ-लाइन मानिने महेन्द्र राजमार्ग शिलान्याससँगै सडक विस्तारले तीव्रता पाउन थाल्यो । उपत्यकाबाहिर सडक सञ्जाल विस्तारसँगै राजधानीमा पनि पूर्वाधार निर्माणले गति लियो । सन् १९६५ पछि विराटनगरको निजी कम्पनीले काठमाडौंमा सार्वजनिक यातायात सुरू गऱ्यो । बाटाघाटा बनेसँगै अरू कम्पनी पनि थपिए ।



**▪ प्रस्तुति : गोकुल अर्याल**

# विशेष

सरोज बैजु

# कामदार मार्केटिङ

## सरकारले मलेसिया रोजगारीमा 'फ्री भिसा, फ्री टिकट' को प्रावधान ल्याए पनि म्यानपावर सञ्चालक गीता र कुरानको कसम खुवाएर असुल्दै

**जनक नेपाल**

सरकारले **'फ्री भिसा, फ्री टिकट'** प्रणाली लागू गर्दै २९ भदौ मा मलेसिया रोजगारी खुला गऱ्यो । नेपाल-मलेसियाबीच सम्पन्न नयाँ समझदारीअनुसार कामदारले अब कुनै खर्च बेहोर्नु नपर्ने हो । तर लालधनुष म्यानपावरले क्याम्पबेल सोप कम्पनीका लागि ४० कामदारको माग आएको भन्दै आवेदक युवालाई १ लाख ६० हजार रुपैयाँ जम्मा गर्न भनिसकेको छ । एजेन्ट त्यति रकम जुटाउन सक्ने कामदारको खोजीमा छन् । तीमध्येका एक नुम गुरुङ भन्छन्, "शून्य लागत भने पनि म्यानपावरलाई पैसा नबुझाई कोही रोजगारीमा जाने स्थिति छैन । नसक्ने काठमाडौंबाटै फर्किने हो, सक्ने मलेसिया उड्ने हो ।"

अंग्रेजी नयाँ वर्ष आउनु दुई महिनाअगावै एक सयभन्दा धेरै नेपाली म्यानपावर कम्पनी सञ्चालक कामदार 'मार्केटिङ' का लागि मलेसिया पुगेका छन् । स्थानीय एजेन्टलाई २ हजार ५ सयदेखि ४ हजार रिंगिट (६७ हजारदेखि १ लाख ८ हजार रुपैयाँ) सम्म कमिसन दिने प्रस्ताव गर्दै उनीहरूले कामदार मागको मोलमोलाइ गरिरहेका छन् । त्यसले शून्य लागतमा मलेसिया रोजगारी नहुने आशंका बढाएको छ ।

म्यानपावर कम्पनीले हुन्डीबाट पैसा पठाउने र कामदारकै पैसा शोधभर्नाका रूपमा फर्काउने नयाँ उपाय झिकेका छन् । ०७२ देखि नै 'फ्री भिसा, फ्री टिकट' भन्दै त्यसरी नै पैसा पठाइरहेका म्यानपावर कम्पनीले कामदारलाई कतै पैसा नदिएको कसम खुवाउँदै आएका छन् । "गाउँबाट काठमाडौं आउँदै एजेन्टले गीता छुवाएर कसम खुवाउँछ । उड्नुअघि म्यानपावरले उसैगरी कसम खुवाउँछ र भिडियो

खिचेर राख्छ," मलेसिया पुगेका बाराका एक युवा भन्छन्, "पैसा खुवाएर पनि नदिएको कसम खानुपर्छ ।"

म्यानपावर कम्पनी र एजेन्टले हिन्दुलाई गीता र मुस्लिमलाई कुरान छोएर कसम खान लगाउने गरेका छन् । शून्य लागतको प्रमाण जुटाउन आफूले कतै पैसा नदिएको भिडियो रेकर्डसमेत राख्ने गरिएको छ । त्यो क्रम मलेसिया रोजगारी खुलेसँगै पुनः सुरु भइसकेको छ । कामदार माग, छनोट, पूर्वस्वीकृतिबिनै स्वास्थ्य जाँच र इमिग्रेसन सेक्युरिटी क्लियरेन्स (आईएससी) मा एक लाखभन्दा धेरै कामदारको रकम खर्च भइसकेको छ ।

म्यानपावर कम्पनीले माग आउनासाथ छनोट गर्ने भन्दै कामदारबाट असुल्न थालेपछि वैदेशिक रोजगार विभागले कामदारले पूर्वस्वीकृति नलिँदै मेडिकल जाँच, आईएससीलगायत प्रक्रियामा पैसा असुलीलाई अनुचित भन्दै तत्काल रोक्न निर्देशन दिएको छ । साथै, पूर्वस्वीकृतिबमोजिम विज्ञापन गरी छनोट प्रक्रिया पूरा नगरेका कामदारबाट असुलिएको रकम ससम्मान फिर्ता गर्न १८ कात्तिकमा विभागले सूचना निकालेरै निर्देशन दियो ।

आईएससी र बायोमेट्रिक स्वास्थ्य जाँच गर्दै आएका संस्थाले भने पैसा फिर्ता गर्नुको सट्टा श्रममन्त्री गोकर्ण विष्टलाई गुहारे । अनुचित ढंगले स्वास्थ्य जाँच गरेका संस्थामाथि न कारबाही गरियो, न त शुल्क फिर्ता । वैदेशिक रोजगार कार्यालय, ताहाचलले कात्तिक तेस्रो सातासम्म १ हजार ८ सय कामदारले मात्र मलेसियाका लागि पूर्वस्वीकृति लिएको जनाएको छ ।

विभागका निर्देशक भोलानाथ गुरागाईं माग किनबेच र बढाबढका लागि व्यवसायी मलेसिया गएको सूचना विभागले पाएको भन्दै त्यस्ता म्यानपावर कम्पनीलाई प्रमाण पुऱ्याएर कारबाही अघि बढाइने बताउँछन् । भन्छन्, "एक-एकमा अनुगमन गर्न सक्ने स्थिति छैन । तर कामदारले पैसा तिर्नु परेको गुनासो आउनासाथ अनुगमन गरेर कारबाही गर्छौं ।" मलेसिया रोजगारी स्थगित गर्नुअघिको जस्तो म्यानपावर कम्पनीले जथाभावी रकम असुल्ने स्थिति भने नरहेको गुरागाईं दाबी गर्छन् ।

मलेसियासँग १२ कात्तिक ०७५ मा श्रम समझदारी भएको थियो । केही अस्पष्टता सम्बोधन गर्दै बन्द रोजगारी खोल्नुअघि २४ र २५ भदौमा मलेसियाको पुत्रजयामा सम्पन्न दोस्रो संयुक्त कार्यसमूह बैठकमा थप सहमति गरियो । त्यसले कामदारलाई शून्य लागतमा वैदेशिक रोजगारीको बाटो खोलेको छ । तर कामदार पठाउँदाको खर्च फर्किनेमा ढुक्क हुन नसकेको भन्दै म्यानपावर कम्पनीले अनेक चोर बाटो खोजेर रकम असुल्ने अवस्था कायमै छ । त्यसले नै समझदारी कार्यान्वयनलाई थप पेचिलो बनाइदिएको छ ।

अझै पनि प्रवर्द्धन बोर्ड शुल्क १ हजार ५ सय, नेपालमा गरिने बिमाको ४ देखि ७ हजार र कामदार अनुशिक्षणको ७ सय गरी झन्डै ९ हजार हाराहारी रकम कसले तिर्ने भन्ने अन्योल कायमै रहेको व्यवसायी बताउँछन् । उनीहरूले रोजगारदाता कम्पनीले शोधभर्ना नगरे कहाँ गएर रकम दाबी गर्ने भन्ने प्रश्न पनि उठाएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे फ्री भिसा, फ्री टिकट स्वागतयोग्य निर्णय भए पनि व्यावहारिक चुनौती धेरै रहेको बताउँछन् । भन्छन्, "शोधभर्ना सुनिश्चित नहुने जोखिमले व्यवसायी चिन्तित छन् । सुनिश्चित भए मात्र शून्य लागत सम्भव हुनेछ ।"

समझदारीले कामदारको मासिक तलबको आधा सेवाशुल्कबापत पाउने व्यवस्था गरेको छ । तर विगतमा थुप्रै रोजगारदाता कम्पनीले सेवाशुल्क नदिएको भन्दै कामदारबाटै पैसा असुलिएका थुप्रै घटना छन् । त्यस्तै, कुनै कारण बीचैमा प्रक्रिया रद्द भए त्यसको क्षतिपूर्ति पाउने स्थिति पनि देखिँदैन । मन्त्रालय उच्च स्रोत भने त्यस्ता कम्पनी नेपाल र मलेसिया दुवैको कालोसूचीमा पर्ने दाबी गर्छ । दूतावासमार्फत गुनासो सुल्झाइने भएकाले अहिल्यै जोखिम देखाएर गलत धन्धा नगर्न सचेत गराइएको छ । मलेसियाले स्ट्यान्डर्ड अपरेसन प्रोसेस (एसओपी) लागू गरेकाले रोजगारदाता कम्पनीले समझदारी कार्यान्वयन गर्नेमा आफूहरू विश्वस्त रहेको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

अन्योलकै बीच म्यानपावर कम्पनीले थालेको मलेसिया मार्केटिङले वैदेशिक रोजगारीमा अस्वस्थ प्रतिस्पर्धा बढाउने अध्यक्ष गैरे स्वीकार्छन् । रोजगारदाता कम्पनीका माग किनबेच गर्ने र एजेन्टलाई कमिसन बढाबढ गर्ने म्यानपावरलाई संघले काँध नथाप्ने दाबी गर्दै उनी भन्छन्, "सबै व्यवसायी चोखा छौं भन्दिनँ । बिटुलो बनाइयो, बदनाम भयौं, अब सुध्रिनुपर्छ भनिरहेका बेला नियम परिधि नाघेर हिँड्ने कम्पनीलाई संघले काँध थाप्दैन । कारबाहीका लागि राज्यलाई सहयोग गर्छौं ।"

गौँडागौँडामा सिन्डिकेट खडा गरेर कामदार ठगिएको भन्दै १६ महिनाअघि २ जेठ ०७५ मा सरकारले मलेसिया रोजगारी बन्द गराएको थियो । गृहकार्यबिनै स्वास्थ्य परीक्षण संस्था सञ्चालकलाई धरपकड गर्दै उनीहरूविरुद्ध ठगी मुद्दा चलाइयो । सञ्चालक मात्र होइन, कर्मचारी र तिनका आफन्तसमेत थुनिए । तर कमजोर आधार समाएकाले बायोमेट्रिक र भीएलएनका सञ्चालक अदालतबाट तारेखमा छुटे । रोजगारी बन्दको निर्णय पनि कति हचुवाका भरमा गरिएको थियो भने मन्त्रालयले मातहत निकायलाई कुनै औपचारिक परिपत्रसमेत नगरिएको स्रोत बताउँछ । मन्त्रालयको वक्तव्यकै भरमा बन्द गरिएको मलेसिया रोजगारी अर्को वक्तव्यबाटै २९ भदौमा खुलाइएको थियो ।

सरकारले मलेसिया बन्द गर्ने बेला सयौं कामदारको कलिङ भिसा लागेको थियो । सरकारी निर्णयले उनीहरू रोकिने अवस्था आयो । वैदेशिक रोजगार व्यवसायी संघका तत्कालीन अध्यक्ष रोहन गुरुङको डेलिगेसनपछि मन्त्रीस्तरीय बैठकले १७ चैत ०७५ मा त्यस्ता कामदारलाई आवश्यक प्रक्रिया पुऱ्याएर पठाउने परिपत्र गऱ्यो । गुरुङ उनै हुन्, जसको सल्लाहमा मन्त्री विष्टले बायोमेट्रिक सिन्डिकेटमाथि छापा मारेका थिए । पछि मलेसिया रोजगारी खुलाउन र कतार भिसा सेन्टर खोल्ने विषयमा मन्त्री विष्टसँग उनैको मतभेद भयो ।

^ वैदेशिक रोजगारीमा जान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लामबद्ध युवा

कलिङ भिसा लागेका कामदार पठाउन विभागले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सिफारिस अनिवार्य गरेको थियो। संघले मौकाको फाइदा उठाउँदै म्यानपावर कम्पनीबाट १० हजार लेबी लिएर धमाधम सिफारिस गरिदियो । त्यसको मारमा पनि कामदार नै परे । मलेसिया रोजगारी रोकिएका बेला कलिङ भिसाका नाममा पठाइएका झन्डै १७ हजार कामदारबाट १ हजारदेखि ५ हजारसम्म असुली गरिएको भुक्तभोगी बताउँछन्। त्यसले प्रतिकामदार लागत झन्डै २ लाख रुपैयाँ पुगेको थियो ।

चर्को शूल्य तिरेर मलेसिया उड्नेमा अधिकांश कामदार मन्त्री विष्ट र सत्तारुढ नेकपा निकट द रिभर, ट्रस्ट नेपाल, इन्टरनेसनल, लालधनुषलगायत म्यानपावर कम्पनीमार्फत पठाइएका थिए । त्यो मौकामा पूर्वस्वीकृति दिएबापत वैदेशिक रोजगार कार्यालय ताहाचलका कर्मचारीले ५ हजारसम्म उठाएको दाबी गर्ने म्यानपावर कम्पनी भन्छन्, "अरू बेला काम छिटो गराउन एक-दुई हजार दिए पुग्थ्यो। मलेसिया रोकिएको मौकामा ५ हजार घटी काम गरेनन्।" १० हजार रुपैयाँसम्म घुस खुवाउनु परेको म्यानपावर कम्पनीको गुनासो सार्वजनिक भएपछि वैदेशिक रोजगार कार्यालयले 'पूर्वस्वीकृति लिँदा कुनै रकम नबुझाएको' लिखतमा हस्ताक्षर गराउन थाल्यो। त्यो क्रम मलेसिया नखुलुन्जेल कायमै थियो ।

ती अनियमितताबारे श्रम मन्त्रालय र वैदेशिक रोजगार विभागका अधिकारीको एउटै बोली छ, "छँदै छैन त भन्न सक्दैनौं तर पहिलेजस्तो छैन ।" मन्त्री विष्ट पनि त्यस्तै भाषामा कमजोर प्रतिवाद गर्छन् ।

## सिन्डिकेटको नालीबेली

तत्कालीन श्रमराज्यमन्त्री टेकबहादुर गुरुङले २३ असार ०७२ मा कामदारको स्वास्थ्य जाँचमा सिन्डिकेट हुने गरी बायोमेट्रिक प्रणाली लागू गराए । त्यसलाई ढाकछोप गर्न तयारीबिनै 'फ्री भिसा, फ्री टिकट' प्रणाली घोषणा पनि गरियो । तर श्रम सम्झौताबिना एकतर्फी घोषणा गरिएकाले व्यवहारमा भने लागू हुन सकेन । सुरुमा ६ महिनाका लागि परीक्षण भनेर बायोमेट्रिक भित्र्याइएको थियो। विरोधमा उत्रिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई थामथुम पार्दै ३१ बुँदे सहमति गरेर आन्दोलन तुहाइयो । रोजगारदाताले सेवाशुल्कबापत १० हजार नपठाए कामदारबाटै लिन पाउने व्यवस्थापछि म्यानपावर कम्पनीको विरोध टुंगिएको थियो ।

बायोमेट्रिक सिन्डिकेट लागू गर्न सफल भएपछि राज्यमन्त्री गुरुङले आफूलाई सघाउने उपसचिव गिरिजा शर्मालाई कतारको श्रम सहचारीमा नियुक्त गरे। त्यस्तै, रमेश कोइराला कतारको राजदूत बनाइए । बायोमेट्रिक मात्र होइन, वान स्टेप सेन्टर (ओएसटी), भिसा स्ट्याम्पिङ चार्ज (भीएलएन), इमिग्रेसन सेक्युरिटी क्लिरेन्स (आईएससी) मा पनि उस्तै सिन्डिकेट खडा छन्। ओएसटी र भीएलएनका सञ्चालक राम श्रेष्ठको वैदेशिक रोजगारीमा सबैभन्दा ठूलो सिन्डिकेट छ । उनी पूर्वमन्त्री एवं कांग्रेस नेता गोपालमान श्रेष्ठका भान्जा हुन् । श्रेष्ठलाई उन्मुक्ति दिएकामा ललितपुर जिल्ला अदालतका न्यायाधीश भीम आत्रेय न्याय परिषद्को कारबाहीमा परे। काठमाडौँ जिल्ला अदालतका न्यायाधीश अमृतकुमार बस्नेतमाथि छानबिन गरियो । तर स्वयं श्रेष्ठ र कामदार शोषणको जालो भने जस्ताको तस्तै रह्यो ।

आईएससीका सञ्चालक गोविन्द थपलिया पूर्वप्रहरी नायब उपरीक्षक हुन् । प्रधानमन्त्री केपी ओलीसँग उनको निकट सम्बन्ध छ। प्रहरी सेवाबाट हटेपछि कोसी म्यानपावर कम्पनी खोलेर बसेका उनको वैदेशिक रोजगार व्यवसायमा खासै अनुभव नभए पनि ओली पहिलोपल्ट प्रधानमन्त्री भएका बेला आईएससी हत्याए । बायोमेट्रिक सञ्चालकलाई पक्राउ गर्ने क्रममा प्रहरीले आईएससीमा पनि छापा मारेको थियो। नियन्त्रणमा आइसकेका थपलियाले शौचालय पसेर बालुवाटारमा फोन गरेपछि प्रहरी उनलाई नलिएरै फर्किएको थियो ।

बायोमेट्रिकलाई सिन्डिकेट मान्ने-नमान्ने भन्नेमा नेपालमा सुरुदेखि नै विवाद छ । बायोमेट्रिकका लागि १ सय ६३ स्वास्थ्य संस्थाले निवेदन दिएकामा ३९ मात्र छानिएपछि विरोध सुरु भएको हो । सोही विवादले २ सय २६ सदस्यीय स्वास्थ्य व्यवसायी महासंघका १ सय ६० सदस्यसहित वरिष्ठ उपाध्यक्ष सीताराम रेग्मीले नेपाल मेडिकल व्यवसायी संघ गठन गरे। त्यतिबेला आफूलाई सिन्डिकेट स्वीकार्न १ करोड ७५ लाख अफर गरिएको रेग्मी दाबी गर्छन्। "सिन्डिकेट लागू गराउन, टिकाउन ठूलै आर्थिक चलखेल हुँदै आएको छ," उनी भन्छन्, "अहिले सिन्डिकेट राखेरै मलेसिया खुलाउन पनि माथिल्लो राजनीतिक तहसम्मै चलखेल भएको प्रस्टै छ।"

## बंगलादेशको चुनौती

मलेसियाले २० कात्तिकमा बंगलादेशसँग नयाँ श्रम सम्झौता गर्‍यो । यसले नेपालका लागि गरिएको फ्री भिसा र फ्री टिकटको समझदारीभन्दा सजिलै बंगलादेशी कामदार ल्याउन सक्ने ढोका खोलेको छ। त्यसै पनि मलेसियामा रेस्पोन्सिबल बिजनेस अलायन्स (आरबीए) मा दर्ता हुने बहुराष्ट्रिय कम्पनीको संख्या झन्डै एक सय मात्र छ। २० लाखभन्दा धेरै कामदार चाहिने

# कतारमा अर्को सिन्डिकेट

**श्रममन्त्री गोकर्ण विष्टले मलेसिया रोजगारीको सिन्डिकेट हटाउन त सकेनन् नै, उनकै पालामा कतार भिसा सेन्टर (क्यूभीसी) का नाममा अर्को सिन्डिकेट खडा भएको छ।**

**नेपाल-कतारबीच सन् २००५ को श्रम सम्झौताले कामदारको हक सुरक्षित नगरेको भन्दै श्रम मन्त्रालय नयाँ सम्झौताको पक्षमा थियो। कतारले गत १३ र १४ मार्चमा दोहामा भएको संयुक्त प्राविधिक समितिको बैठकमै तत्काल कतार भिसा सेन्टर (क्यूभीसी) को अनुमति मागेको थियो। श्रम मन्त्रालयका प्रतिनिधिले भने क्यूभीसीलाई नयाँ श्रम सम्झौताको एउटा अंगका रूपमा सञ्चालन गर्नुपर्ने अडान राखेका थिए। श्रमबाट माग पूरा नभएपछि कतारले प्रधानमन्त्री कार्यालय र परराष्ट्रसँग लबिइङ गर्न थाल्यो। परराष्ट्रले कामदारसँग कुनै शुल्क नलिने गरी अनुमति दिएपछि १५ जेठमा क्यूभीसी सञ्चालनमा ल्याइएको छ। स्थानीय एजेन्टमार्फत नेपालको कानुनअनुसार क्यूभीसी सञ्चालन अनुमति दिइएको परराष्ट्रको दाबी छ। तर यस्तो अनुमति दिने कानुनी आधार परराष्ट्रसँग नभएको श्रम मन्त्रालयका अधिकारीहरू टिप्पणी गर्छन्।**

**क्यूभीसीको योजना चार वर्षअघि टेकबहादुर गुरुङ श्रमराज्यमन्त्री हुँदै अघि बढेको थियो। सतहमा मल्टिभर्स प्रालि र नेतृत्वमा एसओएस म्यानपावरका अध्यक्ष हेम गुरुङ देखिए पनि यसमा सुरुदेखि नै पूर्वराज्यमन्त्री गुरुङ संलग्न छन्। कतारका पूर्वराजदूत रमेश कोइराला, कांग्रेस सभापति शेरबहादुर देउवाका साला भूषण राणा र निर्माण व्यवसायी रविन गुरुङसमेत क्यूभीसीका साझेदार मानिन्छन्। पूर्वराज्यमन्त्री गुरुङकै पहलमा कतारमा राजदूत बनेका कोइराला फर्किएको तीन सातामै क्यूभीसी सञ्चालनमा**

भए पनि आरबीएमा दर्ता हुने कम्पनीका लागि एक लाख मात्र विदेशी कामदारको खाँचो हुने व्यवसायीको भनाइ छ। अहिले मलेसियाबाट स्थानीय स्तरका खाद्य र फर्निचर उद्योगबाट धेरै माग आउनुको एउटा कारण पनि यसैलाई मानिएको छ। ती उद्योग आरबीएमा आबद्ध नभएकाले नेपाली म्यानपावर कम्पनी र मलेसियन एजेन्टको रोजाइमा पनि तिनै छन्।

गाउँका एजेन्टबाट सुरु भएको असुली काठमाडौँका म्यानपावर कम्पनी हुँदै उड्नुअघिसम्म १ लाख ३० हजारदेखि डेढ लाखसम्म पुग्ने गरेको भुक्तभोगी बताउँछन्। इथिकल रिक्रियुटमेन्टका अध्यक्ष कुमुद खनाल म्यानपावर कम्पनीको अस्वस्थ प्रतिस्पर्धा र सिन्डिकेट हटाउन नसक्दा कामदार चर्को मूल्य तिरेर वैदेशिक रोजगारीमा गइरहेको बताउँछन्। उनी भन्छन्, "स्थिति यस्तो छ कि पैसा तिर्नुपर्दैन, सबै शुल्क कामदार कम्पनीले बेहोर्छ भन्दा युवाहरूले पत्याउँदैनन्।"

रोजगारदाता कम्पनीले सुरक्षागार्डमा भने अहिलेसम्म बाध्यात्मक रूपमै भए पनि नेपाली कामदारको विकल्प खोजेका छैनन्। सुरक्षागार्डको हकमा 'मलाया लाहुरे' कालीन प्रभावले सन् २००१ देखि नेपाली कामदारलाई मात्र लिने नीति बनेको थियो। नेपाली सुरक्षागार्डको विकल्प खोज्न बंगलादेशले भूतपूर्व सैनिकलाई तीन वर्ष सुरक्षागार्डका लागि लिइदिन मलेसियासँग लामै लबिइङ गर्दै आएको छ।

नेपालले ०४२ सालदेखि नै वैधानिक रूपमा कामदार मलेसिया पठाउन थालेको हो। झन्डै २ लाख खर्चिएर मलेसिया पुगेका कामदार तीन वर्षपछि घर फर्किंदा औसतमा ३ लाख ४० बजार मात्र बचत हुने दाबी गर्दै एक थरी व्यवसायी मलेसिया बन्द गर्ने सुझाव दिन्छन्, "तीन वर्षपछिको साढे ३ लाखभन्दा अघिको २ लाख ठूलो हो। स्वदेशमै लगानी गरे धेरै फाइदा हुन्छ।"

केही आर्थिक आँकडाले त्यसको पुष्टि पनि गर्छ। मलेसिया बन्द गरेको अघिल्लो आर्थिक वर्षको सात महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या ३९ प्रतिशतले घट्दा रेमिट्यान्स भने २८ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्यांक थियो। नेपाली कामदारको ठूलो श्रमबजार मलेसिया रोजगारी बन्द भएका बेला पनि रेमिट्यान्समा कुनै प्रभाव परेको देखिएन। दसैँमा भित्रिनुपर्ने रेमिट्यान्समा १ प्रतिशत हाराहारी कमी देखिएबाहेक झन्डै एक लाख कामदार घट्दासमेत अर्थतन्त्रलाई प्रभाव परेन।

"

**अस्वस्थ प्रतिस्पर्धा र सिन्डिकेट हटाउन नसक्दा पैसा तिर्नु पर्दैन, सबै शुल्क कामदार कम्पनीले बेहोर्छ भन्दा पनि युवाहरूले नपत्याउने स्थिति छ।**

**– कुमुद खनाल**
अध्यक्ष, इथिकल रिक्रियुटमेन्ट

मलेसियाबाहेक पनि वैदेशिक रोजगारीमा जाने कामदारको संख्या केही वर्षयता घटिरहेको छ। तर रेमिट्यान्स भने उत्साहजनक नै देखिन्छ। त्यसको कारण रोजगारीमा नयाँ गन्तव्य थपिनुलाई लिइएको छ। खाडी मुलुकभन्दा राम्रो आय हुने युरोपेली देशमा नेपाली कामदार जाने क्रम केही वर्षयता बढेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ।

## सिन्डिकेटमा फेससेभिङ

वैदेशिक रोजगार व्यवसायी रघुनाथ पुरी र तत्कालीन अध्यक्ष रोहन गुरुङको आडमा मन्त्री विष्टले नबुझेरै बायोमेट्रिक सञ्चालकमाथि कारबाही चलाएको निष्कर्ष मन्त्रालयका उच्च अधिकारीहरूले निकालेका छन्। पुरी, गुरुङ र अर्का व्यवसायी पूजा चन्द मन्त्री विष्टको आडमा ओएससी, भीएलएन र बायोमेट्रिकको सिन्डिकेट आफ्नो पोल्टामा ल्याउन चाहन्थे।

श्रममन्त्री विष्ट सिन्डिकेटविरुद्ध सुरुमा कडै रूपमा प्रस्तुत हुन खोजेका थिए। श्रम सम्झौतामा हवाई टिकट छुटाउने र ढिलासुस्ती

कतार दूतावास

**आएको हो । क्यूभीसीका सञ्चालक गुरुङको दोहोरो राजनीति छ । काठमाडौँमा उनी कांग्रेस सभापति देउवापत्नी आरजु राणा निकट छन् भने गृहजिल्ला कास्कीमा नेकपा नेताद्वय सोमनाथ प्यासी, दिवंगत रवीन्द्र अधिकारीका सहयोगी मानिन्थे ।**

**मलेसिया रोजगारीमा बायोमेट्रिक प्रणालीलाई सिन्डिकेट भन्दै विरोधमा उत्रिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघ क्यूभीसीमा भने मौन रह्यो । बरु भिसा सेन्टरको प्रस्ताव अस्वीकार गरेको भन्दै श्रममन्त्री विष्टसँग तत्कालीन अध्यक्ष रोहन गुरुङको सम्बन्ध चिसिएको स्रोत बताउँछ ।**

**कतार सरकारले सिंगापुरको बायोमेट सर्भिसेसलाई नेपालसहित ८ देशमा भिसा सेन्टर खोल्ने सम्झौता गरेको थियो । नेपालमा क्यूभीसी खोल्न कतारका राजदूत युसुफ बिन मोहम्मद अहमेद अल-हलीले लामै कसरत गरेका थिए । प्रधानमन्त्री तहसम्मको कूटनीतिक पहलपछि कतारले भिसा सेन्टर खोल्ने मिति तय गर्न अनुरोध पत्र पठायो ।**

**२९ वैशाखमा विष्टले कामदारलाई कुनै पनि शुल्क नलाग्ने व्यवस्था सुनिश्चित हुने गरी कतार भिसा सेन्टरसम्बन्धी आवश्यक निर्णय प्रचलित कानुनबमोजिम नै गर्नुपर्ने घुमाउरो पत्राचार गरे । त्यसैलाई स्वीकृतिका लागि सहमतिका रूपमा परराष्ट्रले अर्थ्यायो र अनुमति दिएको थियो । कामदारले भिसा शुल्क र सेवाशुल्क बुझाउन नपर्ने, रोजगारदाताबाटै स्वास्थ्य परीक्षण शुल्क, बायोमेट्रिक, विद्युतीय करारपत्र हस्ताक्षर र समय बुकिङको शुल्क सबै बेहोर्ने कतारको लिखित प्रतिबद्धता छ ।**

गरेको भन्दै सहसचिव कृष्ण ज्ञवालीलाई तत्कालै सरुवासमेत गराए । बायोमेट्रिकको सिन्डिकेट तोड्न स्वास्थ्य संस्था छनोटलाई गति दिए । झन्डै दुई महिना चिकित्सकको टोली स्थलगत खटाएर स्वास्थ्य संस्थाको मापदण्ड पूरा गरे-नगरेको निरीक्षण गरे । डा रमन सिंहको नेतृत्वमा विशेषज्ञ समिति गठन गरिएको थियो। सुरुमा समितिले ९९ स्वास्थ्य संस्थालाई छनोट गर्‍यो । तर सांसद एलपी साँवा लिम्बूले आफू निकट केही संस्था नपरेकामा बबाल मच्चाए । आफू निकट व्यवसायी रघुनाथ पुरीको स्वास्थ्य संस्था पनि छुटेकामा मन्त्री विष्टले सहजै पुन: निरीक्षणको अनुमति दिए । असन्तुष्ट थप्दै जाँदा १ सय २२ संस्था छनोट भए । त्यसमा पहिले छानिएका कतिपय हटाइए, नयाँ थपिए । विशेषज्ञ समितिको विश्वसनीयतामाथि प्रश्न उठेपछि बिचौलियाले त्यसैलाई चर्काएर मलेसियालाई भड्काउन खोजेको मन्त्रालयको बुझाइ छ ।

तोकिएको मापदण्ड पूरा गरी सूचीकृत हुन स्वास्थ्य संस्थाहरूले कम्तीमा १ करोडका उपकरण थप्नुपरेको व्यवसायी बताउँछन् । "बायोमेट्रिक सिन्डिकेट हटाउने भनिएकाले ऋण खोजेरै उपकरण थपियो । तर मन्त्रीले आफ्नो प्रतिबद्धता पूरा गर्न सकेनन् । बीचमै अडान छाडे," मेडिकल व्यवसायी संघका अध्यक्ष रेग्मी भन्छन् ।

मलेसिया रोकिएपछि मन्त्री विष्ट चौतर्फी घेराबन्दीमा परेको बुझ्न गाह्रो थिएन । दैनिक दुइटा उडान भर्दै आएको मलेसिया एयरलाइन्स र हिमालय एयरलाइन्सका उडान बन्द भए । रेमिट्यान्स कम्पनीको उस्तै दबाब थियो । सबैभन्दा धेरै मलेसियामा कामदार पठाइरहेका ५ सयभन्दा धेरै म्यानपावर कम्पनी टाउको दुखाइ बनेका थिए । त्यस्तै, स्वास्थ्य जाँच, भीएलएन, आईएससी गर्ने कम्पनीको चलखेल थामिनसक्नु थियो । मलेसिया सरकारको कूटनीतिक दबाब पनि हुने नै भयो । सबैभन्दा धेरै मलेसिया जान तम्तयार हजारौँ बेरोजगार युवाको तारो बनेका थिए, मन्त्री विष्ट । यस्तोमा प्रधानमन्त्री ओली र पार्टी शीर्ष नेतृत्वको चासो स्वाभाविक हुने नै भयो ।

त्यसमाथि श्रम मन्त्रालयमा अनौठो विरोधाभास थियो । एकातर्फ स्वास्थ्य संस्थाहरूको पुरानो मुद्दामा बायोमेट्रिक सिन्डिकेट होइन भन्दै मन्त्रालय सर्वोच्चमा वकालत गर्दै थियो । अर्कोतर्फ काठमाडौँ र ललितपुर जिल्ला अदालतमा बायोमेट्रिक सञ्चालक संस्थाविरुद्ध सिन्डिकेट र ठगीको मुद्दा दर्ता गरियो । कामदारको स्वास्थ्य जाँचमा बायोमेट्रिकले ४ हजार ५ सय शुल्क लिएको भन्दै ठगी मुद्दा अघि बढाइएको थियो । जबकि मन्त्रालयले १९ माघ ०७१ मा तोकेको शुल्क नै त्योभन्दा धेरै थियो । त्यसले मन्त्री विष्टको 'स्टन्ट' लाई सस्तो साबित गर्न मद्दत मात्र पुर्‍याएन, मुद्दा कमजोर भई अभियुक्तले सफाइ पाउँदै जाँदा उनी रक्षात्मक पनि बन्न पुगे ।

मलेसिया खुलाउन राजनीतिक स्तरबाटै पनि धेरै चलखेल भएका छन् । सुरुमा बायोमेट्रिक हटाउन मन्त्री विष्टलाई उक्साउने तत्कालीन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष रोहन गुरुङ विपक्ष कित्तामा उभिए । स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्का र भीआरआईका सञ्चालक राम श्रेष्ठ शक्तिकेन्द्र धाए । गुरुङले प्रधानमन्त्रीका सल्लाहकारद्वय विष्णु रिमाल र राजन भट्टराईसम्म सम्पर्क बढाएका थिए । मलेसिया खुल्नासाथ आएका रिमाल र भट्टराईकै ट्वीटबाट पनि त्यसको पुष्टि गर्छ । मलेसिया खुलाउन मुख्यसचिव लोकदर्शन रेग्मीले पनि सहजीकरणको भूमिका वहन गरेको मन्त्रालय स्रोत बताउँछ ।

खड्काले सत्तारुढ नेकपा अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसँग पहुँच स्थापित गरे । उनले पूर्वस्वकीय सचिव चुडा खड्कामार्फत प्रचण्डलाई आफ्नो पक्षमा ल्याएका थिए । प्रधानमन्त्री ओली र अर्का अध्यक्ष प्रचण्ड नै मलेसिया रोकिनु गलत भएको निष्कर्षमा पुगेपछि मन्त्री विष्टको केही जोर चलेन । उनी पनि फेससेभिङ गरेर ब्याक हुने स्थितिमा आइपुगे । बायोमेट्रिक अनुमतिका लागि ८६ संस्थाको निरीक्षण गर्न मलेसियाले अहिले निवेदन मागेको छ । त्यसैलाई सिन्डिकेट हट्ने क्रमका रूपमा मन्त्रालयले अर्थ्याउन थालेको छ । यति लामो प्रकरणबाट मन्त्री विष्टले नेपाल-मलेसिया श्रम समझदारीलाई विश्व श्रम संगठन (आईएलओ) मने प्रशंसा मात्र हात पारेका छन् । त्यसबाट उत्साहित उनीमाथि त्योभन्दा सिन्डिकेट तोड्न नसकेको आरोप लागिरहेको छ । विष्ट भन्छन्, "मैले जे गरेँ, कामदारको हितमा गरेको छु । सिन्डिकेट पनि बिस्तारै तोडिने क्रममै छ ।" ने

# स्थानीय पाठ्यक्रम कति प्रभावकारी ?

## विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पारे पनि शिक्षकमै विषयगत ज्ञान कमजोर

**कल्पना भट्टराई**

भक्तपुरबाट हराइसकेको मौलिक खेल हो, 'कसिमला पाँय्' । परम्परागत यो खेललाई भक्तपुर नगरपालिकाले कक्षा ६ का लागि एक वर्षपहिले विद्यालय तहको पाठ्यक्रममै समेटेको छ। लुडोसँग मिल्दोजुल्दो यो खेल दुई व्यक्तिबीचमा खेलिन्छ। त्यसका लागि एउटा कागजको बोर्ड र १३/१३ वटा गोटी हुन्छन्।

पहिले भुइँमा चित्र कोरेर ढुंगाको सानो टुक्रालाई गोटीका रूपमा प्रयोग गरिन्छ । जित्नका लागि बुद्धिको प्रयोग हुने भएकाले यो खेल बौद्धिकतासँग पनि जोडिएको छ। बालबालिकाको बौद्धिक विकासका लागि पाठ्यक्रममा यो खेल राखिएको नगरपालिकाका शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्यको भनाइ छ। भन्छन्, "पाठ्यक्रममा समेटिएपछि शिक्षक र विद्यार्थी दुवैले यो खेल सिक्न पाएका छन् ।"

विद्यालय तहकै पाठ्यक्रममा भक्तपुरको परिचय बनेको जुजु धौको सांस्कृतिक, आर्थिक र वैज्ञानिक महत्त्व पनि समेटिएको छ। जुजु धौ बनाउने स्थानीय प्रविधि विद्यार्थीलाई उद्योगमै लगेर सिकाइन्छ। कर्माचार्यका अनुसार पाठ्यक्रममा भक्तपुरका कला, संस्कृति, धर्म, रीतिरिवाज र ऐतिहासिक स्थल समावेश गरिएको छ ।

गत वर्ष १ र ६ कक्षासम्म स्थानीय पाठ्यक्रम निर्माण गरेर पढाउन थालिए पनि पाठ्यपुस्तक भने बनाई नसकेको कर्माचार्य बताउँछन् । भन्छन्, "पाठ्यक्रमअनुसार पढाइन्छ, पाठ्यपुस्तकको ठाउँमा सन्दर्भ सामग्रीलाई पेनड्राइभमा राखेर वितरण गरिँदै आएको छ ।"

काठमाडौँको गोकर्णेश्वर नगरपालिकाले यसै शैक्षिक सत्रदेखि स्थानीय पाठ्यक्रम 'मेरो गोकर्णेश्वर' लागू गरेको छ । कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि बनाइएको पाठ्यक्रममा स्थानीय सम्पदा, धर्म, संस्कृति, भाषा, सभ्यता, कला, चाडपर्व र स्थानीय पहिचान समेटिएको छ। नगरपालिकाका शिक्षा शाखा प्रमुख टेकेन्द्रप्रसाद ढकालका अनुसार पाठ्यक्रममा नगरपालिकाको सबै पक्षलाई चिनाउने विषयवस्तु छन्। विद्यालयका लागि छापिएका २४ हजार थान पुस्तकमा स्वास्थ्य, योग, वातावरण, उत्प्रेरणामूलक पाठ पनि छन्।

वैदिक सनातन धर्म, बुद्ध जयन्ती, रक्षाबन्धनजस्ता धार्मिक, सांस्कृतिक विषय पनि समेटिएका छन्। साथै, गोकर्णेश्वर नगरपालिका व्यवस्थापनको संरचनाबारे पनि विद्यार्थीले पढिरहेको नगरपालिकाका प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी बताउँछन्। शिक्षाविद्, प्राध्यापक, स्थानीय शिक्षक, संस्कृतिविद्, स्थानीय बुद्धिजीवीको सहभागितामा निर्माण गरिएको पाठ्यक्रम कक्षा १ देखि ८ सम्म एकैपल्ट लागू गरिएको हो ।

उपत्यकाभित्र मात्र होइन, रूपन्देहीको देवदह नगरपालिकाले पनि 'बौद्ध शिक्षा र देवदह परिचय' समेटेर ०७५ वैशाखमा स्थानीय पाठ्यक्रम लागू गरेको छ । पाठ्यक्रममा नैतिकता र असल कर्मका लागि बुद्धका पञ्चशील सिद्धान्तलाई प्राथमिकता दिइएको छ। कथा, निबन्ध र सूत्र अनि योगाभ्यासको माध्यमबाट बुझाउने गरिएको र यसबाट विद्यार्थीको आनीबानीमा समेत परिवर्तन आएको नगरपालिका प्रमुख हीराबहादुर खत्रीको अनुभव छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको सहयोगमा सिद्धिचरण भट्टराई संयोजकत्वको ११ सदस्य समितिले पाठ्यक्रम निर्माण गरेको हो । देवदहका ३० सामुदायिक र संस्थागत विद्यालयमा पढाइने उक्त पाठ्यक्रम अंग्रेजी र नेपाली दुवै भाषामा तयार गरिएको छ। नगर शिक्षा शाखा प्रमुख टीकाराम शर्मा भन्छन्, "नैतिकता र परोपकारसित जोडिएको स्थानीय पाठ्यक्रमले विद्यार्थीमा राम्रो प्रभाव पारेको छ।"

कति स्थानीय तहमा पाठ्यक्रम निर्माण गरिएको छ ? शिक्षा मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रसँग तथ्यांक नै छैन । नेपालको संविधानका धारा ३१ (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने उल्लेख छ । साथै, स्थानीय सरकार सञ्चालन ऐन, ०७४ ले स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने अधिकार दिएको छ ।

### पढाउनै समस्या

स्थानीय पाठ्यक्रम अन्य पाठ्यक्रमजस्तो गरी पढाउन सकिँदैन। आफ्नै वरपरको परिवेश, संस्कार, संस्कृति र इतिहासमा आधारित हुने भएकाले विद्यार्थीले भन्दा बढी मिहिनेत शिक्षकले गर्नुपर्छ। स्थानीय संस्कृति र अन्य विशेषताबारे

कसिमला पाँयूको प्रतिस्पर्धामा भक्तपुरका विद्यार्थीहरू

शिक्षक स्वयंले अध्ययन अनुसन्धान गरेपछि मात्र विद्यार्थीलाई त्यसबारे पढाउन सक्छन् ।

पाठ्यक्रम लागू गरिएका अधिकांश विद्यालयमा शिक्षकलाई पढाउन समस्या भएको छ । स्थानीय तहका ऐतिहासिक स्थलबारे जानकारी भए पनि पुराना संस्कार, संस्कृति र बुद्धदर्शन सम्बन्धमा जानकारी नहुँदा पढाउन समस्या हुने गरेको केरवानी मावि देवदहकी शिक्षक मनीषा न्यौपाने बताउँछिन् । भन्छिन्, “तर पढाउँदा विद्यार्थी भने रमाइलो मानेर सुन्छन् ।” देवदहकै अर्का शिक्षक निर्मल ढुंगाना पनि पाठ्यपुस्तक पढाउन मात्र नभई लेख्नसमेत अप्ठेरो भएको अनुभव सुनाउँछन् ।

गोकर्णेश्वर नगरपालिकाका शिक्षा शाखा प्रमुख ढकाल संस्कृति, भूगोल र इतिहासबारे राम्रो ज्ञान नहुँदा सामाजिक विषय शिक्षकले विद्यार्थीले चाहेजति सूचना दिन नसकेको स्वीकार्छन् । भन्छन्, “यी सबै विषय बुझेका शिक्षक स्थानीय तहमा पाउनै मुस्किल पर्छ ।” पाठ्यक्रम विकास केन्द्रका उपसचिव गणेश भट्टराईका अनुसार पाठ्यक्रम परिमार्जन गरेर लैजानुपर्ने चुनौती पनि छ ।

सबै स्थानीय तहमा विज्ञ नहुने भएकाले पाठ्यक्रम निर्माण प्रभावकारी नभएको भट्टराईको धारणा छ । शिक्षाविद् विद्यानाथ कोइराला स्थानीय पाठ्यक्रम निर्माण गर्दा कक्षा १ देखि ५ सम्मका बालबालिकालाई आफ्नो क्षेत्रको प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक मठमन्दिरबारे परिचित गराउने खालका विषय पाठ्यक्रमा समावेश गर्नुपर्ने धारणा राख्छन् । स्थानीय पाठ्यक्रममा भौगोलिक स्थिति, त्यहाँको वातावरण, वनस्पति, पशुपक्षी र तिनको संरक्षण, ज्ञान र सीप दिने खालका विषयवस्तु समावेश गर्दा पाठ्यक्रम उपयुक्त हुने कोइरालाको मत छ ।

उनका अनुसार विद्यार्थीको रुचि, आवश्यकता र चाहनालाई आधार मानेर पाठ्यक्रम विकास गर्नुपर्छ । “विद्यार्थी जुन ठाउँमा हुर्के-बढे, त्यो स्थानबारे जान्नुपर्‍यो,” उनी भन्छन्, “त्यसको महत्त्व थाहा दिनुपर्‍यो अनि मात्र तिनले आफ्नो ठाउँ चिन्छन् ।”

स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा स्थानीय शिक्षक नै सहभागी हुनु आवश्यक छ । प्राथमिक शिक्षा पाठ्यक्रम, ०६० को दीर्घकालीन सोचमा स्थानीय सीप, व्यवसाय, पेसा, स्रोत-साधनको महत्त्व र आवश्यकता पहिचान गरी विकास गर्न पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई स्थान दिइने उल्लेख छ ।

प्राथमिक तहमा मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा, माटोको काम, धातु, काठ,




देवदह नगरपालिका, रूपन्देही र गोकर्णेश्वर नगरपालिका, काठमाडौँको स्थानीय पाठ्यपुस्तक

ऊन, राडीपाखी, चोयाको काम, कागजको काम, करेसाबारी, फलफूल, तरकारी खेतीजस्ता व्यवसाय, सीप र प्राविधिक विषय पठनपाठन गराउन सकिने र सामाजिक अध्ययन, सिर्जनात्मक तथा शारीरिक क्रियाकलाप विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने उल्लेख छ ।

## प्रभावकारी यसरी

केन्द्रको पाठ्यक्रमले स्थानीय संस्कृति, जनजीवन, भूगोललगायत पक्षलाई नसमेटेपछि स्थानीय पाठ्यक्रम बनाउनुपर्ने आवाज उठेको हो । स्थानीय आवश्यकताका विषयवस्तु त्यहीँका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान, सीप र प्रविधि समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम भनी परिभाषित गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रका उपसचिव गणेश भट्टराईका अनुसार केन्द्रीयले समेट्न नसकेका विषयवस्तु स्थानीय पाठ्यक्रमले राख्नुपर्छ । स्थानीय मूल्य, मान्यता, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोगी हुने उनको अनुभव छ ।

कला, संस्कृति, सीप र प्रविधिलाई अन्यत्र फैलाउन, विद्यार्थीमा सूक्ष्म विषयवस्तुको खोज तथा अनुसन्धान गर्ने बानीको विकास गर्न सकिने, स्थानीय पेसा, व्यवसाय र प्रविधिको प्रवर्द्धन र संरक्षण गर्न सकिने भएकाले स्थानीय पाठ्यक्रमको प्रभावकारिता निकै रहेको शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्मा बताउँछन् । भन्छन्, “विद्यार्थीमा क्षमताको विकास भई स्थानीय स्रोत-साधनमाथि अपनत्वको भावना बढ्छ । आफू र आफ्नो समुदायप्रति पाठ्यक्रमको माध्यमबाट अझ परिचित हुन्छन् ।”

धेरैजसो विद्यालयमा स्थानीय पाठ्यक्रमका नाममा कम्प्युटर र अंग्रेजी विषय पढाइएको छ । साथै, आवश्यकतामा आधारित विषयवस्तु समेटी स्थानीय सरकारले पाठ्यक्रम विकास गरी सबै स्थानीय तहमा लागू गर्नुपर्ने शिक्षाविद् कोइराला बताउँछन् । भन्छन्, “आफ्नो गाउँठाउँको ऐतिहासिक महत्त्व, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञान-सीप जान्न-सिक्ने हक सबै बालबालिकालाई हुन्छ । आफूलाई नचिन्ने शिक्षा पढेर के काम ?” ने

# नयाँ सचिवालय, पुरानै अनुहार

## प्रधानमन्त्री ओलीको 'किचेन क्याबिनेट' हेरफेरको अन्तर्य

**जनक नेपाल**

सत्तारोहणको २१ महिनापछि प्रधानमन्त्री केपी ओलीले भिन्न ढंगले चल्न खोजेको संकेत दिइरहँदा धेरैले उनको सचिवालयमा नयाँ अनुहारको अपेक्षा गरेका थिए । किचेन क्याबिनेटको राजीनामा मागेर उनले त्यो छनक पनि देखाए । तर एक सातापछि उनैलाई बालुवाटारमा थमौती गरिएको छ ।

प्रधानमन्त्री ओली केही महिनायता पार्टी र सरकारका महत्त्वपूर्ण जिम्मेवारी हेरफेर गर्नुपर्ने दबाबमा थिए । त्यसको सुरुआत उनले आफ्नै सचिवालयबाट थालेको धेरैको बुझाइ थियो । तर समयक्रमले दुई सल्लाहकारलाई बिदा गर्न ओलीले सिंगो सचिवालयको राजीनामा मागेको पुष्टि गर्‍यो ।

नियुक्तिकै बेला ओलीले सचिवालय सदस्यलाई भनेका थिए, 'नियुक्तिलाई पाँचै वर्षजस्तो नठान्नू ।' २२ कात्तिकमा ओलीले आफ्नो सचिवालयको बैठक डाके र राजीनामा मागे । जनसम्पर्क सल्लाहकार अच्युत मैनाली, प्रेस सल्लाहकार कुन्दन अर्याल, प्रेस संयोजक चेतन अधिकारी, घनश्याम भट्टराईलगायत २३ कात्तिकमै राजीनामा दिएर बालुवाटारबाट बाहिरिए । तर प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सल्लाहकार राजन भट्टराई, प्रमुख स्वकीय सचिव इन्द्र भण्डारी, स्वकीय सचिव राजेश वज्राचार्यलाई भने राजीनामा अस्वीकृत गरेर काममा फर्काए । निरन्तरता पाएकासँगै २९ कात्तिकको मन्त्रिपरिषद् बैठकले प्रेस सल्लाहकारमा नेकपा केन्द्रीय सदस्य सूर्य थापा, आर्थिक मामिला सल्लाहकारमा पूर्वसचिव लालशंकर घिमिरे र विकास विज्ञमा इन्जिनियर गजेन्द्र थपलियालाई नियुक्त गरेको छ ।

सल्लाहकार रिमाल बालुवाटारबाट बाहिरिने चर्चाले सामाजिक सञ्जाल गर्माएको थियो । धेरैले स्वागत गरेका थिए । उनीमाथिको आलोचना भारी हुँदै जाँदा ओली गुट तरंगित भयो । प्रदेश ५ का मुख्यमन्त्रीसमेत रहेका शंकर पोखरेलले सामाजिक सञ्जालमै लेखिदिए, 'प्रधानमन्त्रीको समृद्ध नेपाल, सुखी नेपाली अभियानको भरोसायोग्य सारथि हो, कमरेड विष्णु रिमाल । प्रमुख सल्लाहकार परिवर्तन हल्ला साबित हुनेछ ।' रिमाल पूर्वएमालेभित्र चुस्त व्यवस्थापकीय कौशल भएका नेतामा गनिन्छन् । प्रदीप नेपालको कमान्डमा गठन भएको पिपल्स भोलिन्टियर्समार्फत उनले महाधिवेशन र पार्टी सभा-सम्मेलन व्यवस्थापन गर्थे । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को नेतृत्व सम्हालेपछि मजदुर नेता बने । नवौं महाधिवेशनमा सचिवमा पराजित रिमाल कतै निर्वाचित नभई सिंहदरबारमा हालीमुहाली गर्ने तहमा पुगे । उनले ओलीबाहेक कसैप्रति उत्तरदायी बन्नु नपर्ने रबैया देखाइरहेको भन्दै पार्टीपंक्ति असन्तुष्ट छ ।

आफूलाई 'बा' भन्दै घेर्न जाने समूहप्रति संकेत गर्दै प्रधानमन्त्री ओलीले भनेका थिए, 'मेरा केही गलगाँडहरू छन्, तिनलाई काटेर फाल्न सक्दिनँ । तिनलाई टाढै राख्नू ।' सचिवालयले त्यो समूहका लागि बालुवाटारको ढोका बन्द नै गरिदियो । सो समूह मात्र होइन, वर्षौंदेखि सघाएका पुराना नेता तथा शुभेच्छुकसँग पनि ओलीको सम्बन्धविच्छेद गराएको दोष रिमालमाथि लाग्यो । प्रमुख राजनीतिक सल्लाहकारका रूपमा रिमालले प्रधानमन्त्री ओलीलाई पार्टी, विचार र नेतासँग जोड्नुपर्ने हो । तर, उनी राजनीतिक कम, प्रशासनिक सल्लाहकार ज्यादा भइदिए । प्रमुख स्वकीय सचिवको काममा हस्तक्षेप गर्न थाले । उनी प्रधानमन्त्रीको भेटघाट तालिकासमेत मिलाउँछन् ।

ओलीले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई मन्त्रिपरिषद् हेर्ने गरी मन्त्री बनाउन चाहेका थिए । उनले नमानेपछि त्यो भूमिकामा आए, प्रमुख सल्लाहकार रिमाल । एक मन्त्री भन्छन्, "प्रधानमन्त्रीले मन्त्रीसँग ब्रिफिङ लिनुभन्दा धेरै सल्लाहकारले सचिवसँग लिन्छन् । सचिवहरू मन्त्रीभन्दा ज्यादा रिमालप्रति जवाफदेही बनेका छन् ।" सचिवसँग ब्रिफिङ लिने, राष्ट्रिय गौरवका आयोजनाको अनुगमन, अन्तरमन्त्रालय समन्वय र सचिव सरुवाको काम पनि उनैले गरिरहेका छन् । प्रमुख

सल्लाहकारको भूमिकाले मुख्यसचिव लोकदर्शन रेग्मी भूमिकाविहीनझैं छन् ।

नेकपा नेता रघुजी पन्त प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारले मन्त्रीसँग राजनीतिक समन्वय गर्न सके पनि चोरबाटोबाट सचिव चलाउन नमिल्ने बताउँछन् । पूर्वप्रधानमन्त्रीद्वय मनमोहन अधिकारी र माधवकुमार नेपालको सचिवालयमा काम गरिसकेका उनी प्रधानमन्त्रीले सल्लाहकारभन्दा मन्त्रीलाई धेरै विश्वास गर्नुपर्ने धारणा राख्छन् । प्रधानमन्त्रीलाई मन्त्रीसरहको सल्लाहकार चाहिएको भए बिनाविभागीय मन्त्री बनाउनुपर्ने उनको तर्क छ । भन्छन्, "सल्लाहकारको काम प्रधानमन्त्रीलाई सल्लाह दिने हो, आफैं शासन चलाउने होइन ।"

रिमालले आईटी विज्ञका रूपमा ई-सेवाका सञ्चालक असगर अलीलाई सचिवालयमा भित्र्याए । निजी कम्पनी 'कथा नेपाल' लाई *नेपाल टेलिभिजन*को स्टुडियो प्रयोग गरेर जनतासँग प्रधानमन्त्री कार्यक्रम चलाउन दिए । टेलिभिजनको व्यापार महाशाखाले प्राइम टाइम दरको शुल्क दाबी गरेपछि कार्यक्रम बन्द गरियो ।

सल्लाहकारद्वय रिमाल र भट्टराई दुवै आलोचना नसहने स्वभावका छन् । त्यसैले रिमाल तत्कालै ट्वीट गरेर रुखो प्रतिक्रिया जनाउँछन् । उनको ट्वीटलाई बालुवाटारको धारणा मानेर प्रधानमन्त्री ओली थुप्रैपल्ट विवादमा तानिएका छन् । सचिवालयले सरकारका राम्रा कामको प्रचार गर्न र विवादमा प्रतिरक्षा गर्न नसकेको भन्दै प्रधानमन्त्री धेरै अघिदेखि असन्तुष्ट थिए । जनसम्पर्क सल्लाहकार मैनालीमाथि कामै गर्न नसकेको आरोप थियो । त्यस्तै, प्रेस सल्लाहकार अर्यालले मिडियासँग राम्रो समन्वय गर्न नसकेको ओलीको बुझाइ छ ।

प्रधानमन्त्री बेखुस हुनुको अर्को कारण, बालुवाटारका गोप्य सूचना चुहिनु हो । चिनियाँ राष्ट्रपतिको भ्रमणका बेला व्यापार सन्धिका केही असमझदारी बालुवाटारबाटै बाहिरियो । ओलीको अघिल्लो कार्यकालमा पनि राष्ट्रपति विद्यादेवी भण्डारीको भारत भ्रमण स्थगित हुनुअगावै बालुवाटारको अहिलेकै टिमले भारतीय दूतावासमा चुहाएको थियो । अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रधानमन्त्रीको सचिवालयले आफ्नो सुराकी गरिरहेको गुनासो ओलीलाई नै सुनाएका थिए । खासगरी ५ साउनमा भारतीय खुफिया एजेन्सी 'रअ' का प्रमुख सामन्त गोयलले खुमलटार निवासमै पुगेर भेट्न लागेको सूचना बालुवाटारले नै आफू निकट अनलाइन पोर्टललाई चुहाएको प्रचण्डको आरोप छ ।

"दुई अध्यक्षबीच अविश्वास बढाउने गरी प्रधानमन्त्रीको सचिवालयले आफूविरुद्ध सुराकी र प्रचारबाजी गरेको भन्दै प्रचण्डले गुनासो गर्नुभएको थियो," प्रचण्ड निकट स्रोत भन्छ, "त्यसले पनि ओलीलाई सचिवालय हेरफेर गर्न बाध्य बनायो ।"

ओलीलाई वरिष्ठ नेता वामदेव गौतम र महासचिव विष्णु पौडेलले पनि सचिवालय हेरफेर गरेर चुस्त, समन्वयकारी र जनसम्पर्कमुखी बनाउन सुझाएका थिए । उनीहरूले अप्रत्यक्ष रूपमा रिमाललाई हटाउन सल्लाह दिए पनि ओली त्यसका लागि तयार थिएनन् । त्यसैले उनले सचिवालय पुनर्गठनको हौवा चलाएर पुरानै शैलीमा अघि बढ्ने सन्देश दिएका छन् ।

पूर्वप्रधानमन्त्री सुशील कोइरालाका परराष्ट्र सल्लाहकार दिनेश भट्टराई प्रधानमन्त्रीको सचिवालय संस्थागत र सुदृढ नहुँदा चाहेर पनि प्रभावकारी हुन नसक्ने बताउँछन् । सल्लाहकार फेर्नुको अर्थ प्रधानमन्त्री सन्तुष्ट भएनन् भन्ने बुझ्नुपर्ने तर्क गर्दै उनी भन्छन्, "प्रधानमन्त्रीले चाहँदा र विश्वास गर्दासम्म सल्लाहकारले सेवा गर्ने हो ।"

प्रधानमन्त्रीको सचिवालय र सल्लाहकारले संस्थागत ढंगले भन्दा व्यक्तिगत क्षमताका आधारमा काम गर्नु परेकाले नतिजामुखी हुन नसकेको उनको ठम्याइ छ । कतिसम्म भने सल्लाहकारको सम्बद्ध मन्त्रालयसँग समेत कुनै समन्वय हुँदैन । सल्लाहकारमाथि बिचौलियाको प्रभावमा पर्ने, अपडेट नहुने र सल्लाह दिने गरेको आरोप छ । प्रधानमन्त्री, मन्त्री वा नेताले विषयविज्ञभन्दा पार्टी कार्यकर्तालाई जागिर खुवाउन सल्लाहकारमा नियुक्ति गर्ने प्रवृत्ति छ । भट्टराई भन्छन्, "सल्लाहकारले विषयकेन्द्रित ब्रिफिङ गर्ने, प्राथमिकता सुझाउने र प्रस्ट निर्णयका लागि सघाउने हो । सल्लाह लिने वा नलिने प्रधानमन्त्रीको कुरा हो ।" ने

## ओलीको नयाँ शैली

**पौने दुई वर्ष एक्लै हिंडेको आरोप खेपेका नेकपा अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली एक महिनायता पार्टी निर्णयबाट चल्ने अभ्यास गर्दै छन् । पार्टी एकीकरण टुंगिने बेला उनले शीर्ष नेतासँगको सम्बन्ध सुधार र पार्टी निर्णयलाई महत्त्व दिन थालेको देखिन्छ ।**

**प्रधानमन्त्री ओली अहिले अर्का अध्यक्ष पुष्पकमल दाहालसँग समझदारीमै चलिरहेका छन् । खासगरी मिर्गौला रोग बल्झिएपछि उनी नयाँ ढंगले चल्न खोजेका हुन् । वरिष्ठ नेता झलनाथ खनालको वरीयताक्रम उकासेर र वामदेव गौतमलाई उपाध्यक्ष प्रस्ताव गरेर नजिक्याएका ओलीको सम्बन्ध अर्का वरिष्ठ नेता माधवकुमार नेपालसँग भने चिसिएको थियो । कात्तिक अन्तिम साता नेता नेपालसँग एक्लाएक्लै बसेर मन माझामाझ गरेपछि प्रधानमन्त्री ओली मन्त्रिपरिषद् हेरफेरमा लागेका छन् ।**

**जनमुखी हुन नसकेको भन्दै पहिलो बजेट ल्याएपछि नै पार्टीपंक्तिबाटै ओलीले आलोचना बेहोर्नुपरेको हो । मन्त्रीहरू एकपछि अर्को विवादमा पर्न थाले । तत्कालीन एमालेले आफूअनुकूल मन्त्री छनोटको सुविधा ओलीलाई नै दिएको थियो । तर उनले सन्तुलन मिलाउन नसकेको भन्दै वरिष्ठ नेता नेपालले गुनासो गरिरहे । मन्त्रीहरूको कार्यक्षमतामाथि प्रश्न उठ्यो । प्रधानमन्त्री कार्यालयले गरेको कार्यमूल्यांकनमै अधिकांश मन्त्रीहरू कमजोर देखिएपछि ओली मन्त्रिपरिषद् हेरफेरको मनस्थितिमा पुगेका थिए । तर अन्तरपार्टी समीकरणका कारण उनी केही मन्त्री चलाउन सक्ने स्थितिमा थिएनन् ।**

**एक वर्ष पुग्दा नपुग्दै गृहमन्त्री रामबहादुर थापालाई अर्कै मन्त्रालयमा सार्ने टुंगोमा पुगेका थिए, प्रधानमन्त्री ओली र अर्का अध्यक्ष दाहाल । ठीक त्यसैबेला दिल्ली भ्रमणमा निस्केका दाहालले आलोपालो प्रधानमन्त्रीको गोप्य भनिएको सहमति सार्वजनिक गरिदिए । त्यसैबाट बिच्किएका ओलीले थापालाई गृहमन्त्रीमै राखेर सहयोग लिने रणनीति लिए । मन्त्रिपरिषद् हेरफेर अड्काउने अर्की मन्त्री हुन्, खानेपानी तथा सरसफाइमन्त्री बिना मगर । मेलम्ची खानेपानी आयोजनामा सरकार पूरै असफल हुँदासमेत चाल नपाउने मन्त्री मगरलाई हटाएर ससुरा प्रचण्डलाई नाखुस बनाउन नचाहँदा पनि हेरफेर लम्बियो । विश्लेषक झलक सुवेदी प्रधानमन्त्री ओली पार्टी र सरकारमा सन्तुलन मिलाएर नेतृत्वको छवि सुधार्ने मुडमा देखिएको बताउँछन् । भन्छन्, "सरकारको छवि सुधार्ने, पार्टीमा सन्तुलन मिलाउने र आफू लामो उपचारमा बस्दासमेत काम नरोकिने ढंगले तयारी गरेको बुझिन्छ ।"**

(अ) सहमति

# पुँजीवादी परोपकारका जटिलता

भास्कर गौतम

बलियो नेपाल अभियानको सल्लाहकार पदबाट डा अरुणा उप्रेतीले राजीनामा दिएपछि यसबारे सार्वजनिक चासो बढेको छ । फाउन्डेसनको ध्येय, प्राप्त सहयोग रकम र सर्वसाधारणलाई पौष्टिक खाद्यान्न उपलब्ध गराउने सो समूहको विरोधाभासी उद्देश्य आदि विषय प्रधान बनेका छन् । यी विमर्शले डा उप्रेतीको राजीनामासँगै अन्य सदस्यको व्यावसायिक नैतिकतामाथि प्रश्न जन्माएको छ । अनि चौधरी फाउन्डेसनको सामाजिक उत्तरदायित्वभित्रको व्यापारिक स्वार्थसमेत सतहमा ल्याएको छ । यी बहस जरुरी छन् तर पर्याप्त छैनन् ।

उदाहरणका लागि, बलियो नेपाल अभियानमा राष्ट्रसंघको एक निकायको साझेदारी छ । यो अभियानको हकमा वा अन्य अवस्थामा समेत राष्ट्रसंघीय निकायबारे जे-जस्तो बहस आवश्यक छ, त्यस्तो चर्चा सार्वजनिक वृत्तमा हम्मेसी हुने गर्दैन । यस पटक पनि पुरानो नजिर हाबी छ ।

बलियो नेपाल अभियानलाई आधार बनाएर धेरै कुराबारे सार्वजनिक विमर्श गर्न सकिन्छ । केवल सल्लाहकारहरूको व्यावसायिक नैतिकता, व्यापारिक समूहको सामाजिक दायित्व र सो कार्यक्रमको दाता वरिपरि मात्र चर्चा केन्द्रित गरिरहँदा आधारभूत विषयमा प्रवेश नै गरिँदैन । बलियो नेपाल अभियान यस्तो जटिलताको स-सानो संस्करण मात्र हो ।

पछिल्लो केही दशकमा पुँजीवादी परोपकारले नयाँ अनुहार धारण गरेको छ । पुँजीवादी परोपकारलाई मूलतः दुई किसिमले बुझ्ने गरिन्छ । सूक्ष्म स्तरमा यस्तो अभ्यासलाई परिभाषित गरिनु पहिलो आयाम हो । यसले पुँजीवादी परोपकारलाई भद्र तरिकाले गरिने लोकोपकार मान्छ । यस्ता परोपकारी कार्यले पुँजीवादी व्यवस्थामा जसरी नाफाउन्मुख व्यवसाय सञ्चालन गरिने तौरतरिकालाई बढावा दिन्छ । बंगलादेशका मोहम्मद युनुसले प्रारम्भ गरेको ग्रामीण बैंकलाई माइक्रो अभ्यासको उदाहरण मान्न सकिन्छ । भनिन्छ, ग्रामीण बैंकले करिब दस करोड जनतालाई गरिबीको स्तरबाट उकास्न सघायो । बंगलादेशबाहिर समेत ग्रामीण बचत र सहकारीले ल्याएको लहर, त्यस्तो लहरले गरिबहरूको जीवन गुजारामा खेलेको भूमिका व्यापक छ । त्यसैले माइक्रो स्तरका अभ्यासको लोकोपकारको प्रतिरक्षामा ठूलै आवाज गुञ्जिने गर्छ ।

म्याक्रो (बृहत्) स्तरमा गरिने पुँजीवादी परोपकारको परिभाषा अर्को आयाम हो । यहाँ लोकोपकारलाई जसरी व्याख्या गरिएको छ, त्यसले पुँजीवादलाई स्वाभाविक रूपमा लोकोपकारी देख्छ । उद्यमशीलतामा हुने रचनात्मक प्रयोग अन्ततः जनगणको हितमा नै उपयोग गरिने मान्यताले यहाँ घर बनाएको छ । पुँजीवादले उत्पादन गर्ने नयाँ-नयाँ वस्तु कालान्तरमा उच्च गुणस्तरमा र सस्तो मूल्यमा पाइने भएकाले गरिबसमेत धेरै लाभान्वित हुने विश्वास गरिन्छ । उदाहरणका लागि, गेट्स फाउन्डेसनले लाखौँलाई एचआईभी/एड्सको रोकथाम र मलेरियाबाट बचाएको छ । अमेरिकामै समेत फाउन्डेसनका गतिविधिले त्यहाँका गरिब समुदायको शैक्षिक उन्नतिमा सघाएको छ ।

पुँजीवादी परोपकारमा मूलतः व्यापारिक तौरतरिका हाबी छ । विश्वका प्रभावशाली परोपकारी संस्थाहरूले गरिबी न्यूनीकरणका लागि र तिनै समुदायको स्वास्थ्य तथा शैक्षिक उन्नतिमा गरिरहेका कामले केही दशकमै ठूलो हलचल ल्याएका छन् । भुइँतहमा भइरहेका सुधारले पश्चिमा देशका विश्वविद्यालयका पाठ्यक्रममा हेरफेर भएको छ । त्यहाँका नामी बिजनेस स्कुलहरूमा विद्यार्थीले सामाजिक उद्यमशीलता अध्ययन गर्न रुचि बढाए । उद्यमशीलतालाई धेरैभन्दा धेरै पक्षबाट बढाउन अनेकौँ विषयवस्तुको पठनपाठन प्रारम्भ भयो । त्यही विषय पढेका विद्यार्थीले संसारभर विकासशील देशहरूमा अनेकौँ सामाजिक कार्य थाले तर नाफा आर्जनलाई केन्द्रमा राखेर । सामाजिक उद्देश्यले अभिप्रेरित नाफामुखी व्यापारले कर लचकता पाउन थाल्यो । संसारका प्रभावशाली लगानीकर्ता र उद्यमीहरूले यस्ता अभ्यासलाई बजार विस्तारको नयाँ सम्भावना मान्न थाले । परिणाम, बजारको आधारभूत अवयव र त्यससँग जोडिएको सामाजिक कार्यलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आउन थाल्यो ।

हेर्दाहेर्दै पुँजीवादी परोपकारले शक्तिशालीहरूको मन जित्न थाल्यो । विश्वका आधारभूत वित्तीय केन्द्रहरूमा समेत लोकोपकारका स्वार्थले सहजै ठाउँ पाउन थाले । विश्व व्यापारमा केही सीमित पुँजीपतिहरूले नियन्त्रण गरेकै थिए । बिस्तारै उनीहरूले लोकोपकार गर्ने अभ्यासमा समेत पकड जमाउन थाले । परिणाम, निजी लगानीकर्ताको सानो समूहले पुँजीवादी परोपकारको माध्यमबाट राष्ट्रिय नीतिमा मात्र नभएर वैश्विक नीति निर्माणमा समेत प्रभावशाली भूमिका खेल्न थाले ।

यस्तै सकारात्मक भूमिका खेल्ने दाबी गर्दै चौधरी फाउन्डेसन पनि बलियो नेपाल अभियान सञ्चालन गर्न तम्सिएको छ । एकतर्फ पौष्टिक तत्त्व नभएको चाउचाउ बेच्ने, अर्कोतर्फ पौष्टिक खाद्यान्नमा सर्वसाधारणको पहुँच बढाउने योजना बुन्दै छ । देश-विदेश सबैतर्फ मानव-जातिको हित चाहने व्यक्तिहरू यो अभियानलाई साथ दिन लागिपरेका छन् । तर यस्तो अभियानले पुँजीवादी परोपकारको आधारभूत चरित्रलाई नै बलियो बनाउने भएकाले भुइँतहका सीमान्तकृत होइन, केही पुँजीपतिहरू थप बलियो रहनेमा दुईमत छैन । यसको भेउ पाउन पुँजीवादी परोपकारका तीन

डा उप्रेतीले गेट्स फाउन्डेसनलाई पत्राचार गर्ने चर्चा छ । यस्तो गर्नु त राम्रो हो । तर पुँजीवादी परोपकार नै सो फाउन्डेसनको ध्येय हो । चौधरी फाउन्डेसन पनि त्यही मूल्य-मान्यताबाट दीक्षित छ ।

मूल समस्यातर्फ फर्किनुपर्छ ।

निजी परोपकारीहरूको पारदर्शिता र जवाफदेहिता पहिलो समस्या हो । गेट्स फाउन्डेसनलाई नै हेर्दा, विश्व स्वास्थ्य संगठनको सम्पूर्ण बजेटको १० प्रतिशत यसले उपलब्ध गराउँछ । सन् २०१३ मा विश्व स्वास्थ्य संगठनका लागि यो फाउन्डेसनको हिस्सा एकल दातामध्ये सबैभन्दा बढी थियो । अमेरिकी सरकारभन्दा पनि ठूलो हिस्सा थियो । राष्ट्रसंघको विधानअनुसार उसका निकाय सदस्य राष्ट्रहरूप्रति उत्तरदायी रहन्छन् । गेट्स फाउन्डेसन भने उसका तीन संरक्षकप्रति मात्र जिम्मेवार छ । बिल गेट्स, मेलिन्डा गेट्स र फाउन्डेसनका सीईओ वारेन बफेटप्रति । यी तीनै जना व्यापारी हुन् । त्यसैले सन् २०१३ पछि सानो आलोचनात्मक तप्काले राष्ट्रसंघीय निकायहरूको स्वतन्त्र भूमिकामाथि प्रश्न तेर्स्याइरहेको छ । के-कस्तो कार्यक्रममा पैसा खर्च गर्ने र त्यो पैसा कसरी खर्चिने भन्नेमा निजी परोपकारीहरूको शक्तिशाली अंकुशबाट राष्ट्रसंघीय निकाय के-कति स्वायत्त छन्, उनीहरू जान्न चाहन्छन् । बलियो नेपाल अभियानको सन्दर्भमा समेत यी र यस्ता प्रश्नबाट नेपाल अछुतो छैन ।

ठूला निजी परोपकारीहरूले शिक्षा र स्वास्थ्यलाई नाफाउन्मुख बनाउन र बजारतर्फ धकेल्न मनग्गे भूमिका खेलिरहेको सन्दर्भ दोस्रो आलोचना हो । निजी परोपकारीहरूको रुचि शिक्षा र स्वास्थ्यमा जति-जति बढ्दै गयो, त्यति-त्यति यी क्षेत्रमा सरकारको लगानी घट्दो छ । लगानी सँगसँगै आफ्नो उत्तरदायित्वबाट समेत राज्य पन्छिँदै छ । फोर्ड फाउन्डेसनका पूर्वनिर्देशक माइकल एडवार्ड्सले खुलेर औँल्याएअनुसार 'अमेरिकी अनुभवमा समेत श्रम कानुनले उपलब्ध गराउने सुरक्षा र अन्य सामाजिक सुरक्षाको विकल्पको रूपमा निजी परोपकारी कार्यलाई हेर्न मिल्दैन ।' युरोपको हकमा त झन् मिल्दैन । उनको बुझाइमा, कुनै पनि लहडले निजी परोपकारी संस्था बन्द हुन सक्छ । जसरी आयो, त्यसरी नै जान सक्छ । तर राज्य र निर्वाचित निकायलाई यो छुट छैन । नागरिकप्रति जिम्मेवार भइरहन ती बाध्य छन् ।

अमेरिकामै समेत निजी परोपकार र सार्वजनिक शिक्षाबीचको तनाव पछिल्ला दशकमा धेरै मुखरित भइरहेछ । एकअर्कासँग सहकार्य गरिरहेका गेट्स फाउन्डेसन, ब्रोड फाउन्डेसन र वाल्टोन फेमिलीजस्ता ठूला पुँजीवादी परोपकारी संस्थाले आधारभूत र निम्न माध्यमिक शिक्षालाई नाफामुखी बनाउन व्यापक भूमिका खेले, खेलिरहेका छन् । मूलतः लोकोपकार वरिपरि व्यापक विस्तार भइरहेका उद्योगलाई सघाएर उनीहरूले यस्तो पकड कायम गरेका छन् । नेपालमा पनि कृषक र बजारबीचको लोकोपकारलाई खोतल्न थालियो भने पुँजीवादी परोपकार र पछिल्लो दशकमा फस्टाएको बिचौलियाहरूको सञ्जालबीच सामाजिक सहयोगका विशिष्ट आयाम भेटिन्छन् । पौष्टिक खाद्यान्न वितरणको अभियान यस्तो सञ्जालको सानो हिस्सा मात्र हुनेछ ।

धेरै निजी परोपकारीले ऐतिहासिक रूपमा र आज पनि त्यस्तो व्यापारी रणनीतिबाट धन आर्जे, जसले सामाजिक र आर्थिक असमानताको खाडललाई घनीभूत तबरमा बढायो । यो तेस्रो आलोचना हो । यिनै असमानतालाई सम्बोधन गर्ने दाबीसाथ उनीहरू परोपकारी कार्यमा लागे । उनीहरूको सक्रियताले सामाजिक लगानीलाई राज्यको खर्चबाट घटाउन महत्त्वपूर्ण भूमिका खेल्यो । नेपालजस्तो विकासशील देशको सन्दर्भमा सामाजिक लगानीलाई कहिल्यै बढ्न दिएन किनकि उनीहरूको अपेक्षा र कतिपय अवस्थामा मूल सर्त नै लगानीमैत्री वातावरणका लागि राज्यले भूमिका खेल्नुपर्‍यो भन्ने रह्यो । बाहिरको हकमा पछिल्ला दुई शताब्दीमा व्यापार गर्ने हिंस्रक तरिकालाई प्रश्रय दिँदै ठूला व्यापारीले लोकोपकारी कार्य गरिरहे । त्यसैले पुँजीवादी परोपकार उत्तिकै आलोच्य थियो । आज तरिका फेरिएको छ । संसारका चर्चित पुँजीवादी परोपकारीहरू हिंस्रक नै त छैनन् तर उनीहरूले आर्जेको खर्बौं मूलतः श्रमिकको कमजोर सुरक्षा, वित्तीय अस्थिरता र जकडिएको भूमण्डलीय असमानतालाई घनीभूत बनाउने रणनीतिबाट अभिप्रेरित छ । गेट्स फाउन्डेसन यसको अपवाद होइन । लोकोपकारको माध्यमबाट पुनः असमानतालाई कायम राख्न र बजार विस्तार गरिरहन फाउन्डेसन कटिबद्ध छ ।

डा उप्रेतीले गेट्स फाउन्डेसनलाई पत्राचार गर्ने चर्चा छ । यस्तो गर्नु त राम्रो हो । तर पुँजीवादी परोपकार नै सो फाउन्डेसनको ध्येय हो । चौधरी फाउन्डेसन पनि त्यही मूल्य-मान्यताबाट दीक्षित छ । तथापि यी दुई फाउन्डेसनको आकार र स्थानविशेषमा मात्र फरक छैन । बाहिरका पुँजीवादीको तुलनामा नेपालका पुँजीवादी लोकोपकारसमेत अरूले दिएको चन्दाबाट गर्न खोज्छन् । मूल कुरा कुनै एउटा संस्थाको विरोधाभासी चरित्र मात्र छैन । त्योभन्दा महत्त्वपूर्ण कुरा यस्तो हो- जबसम्म शक्तिशालीले मात्र लोकोपकार गर्ने अवसर पाइरहन्छन्, बाँकी जनगणको काम उनीहरूले सिर्जना गरेको किच्चड सफा गर्ने कार्यमा सीमित रहन्छ । पौष्टिक खाद्यान्न अभाव पनि त्यस्तै एउटा किच्चड हो, जसलाई बढाउन चौधरी ग्रुप र अन्य धेरै ग्रुप निरन्तर क्रियाशील छन् । उनीहरूले नै यसलाई सफा गर्ने सामर्थ्य राख्छन् भन्नु फगत नयाँ भ्रमको खेती मात्र हो । ने

**यो बहस-शृंखलाअन्तर्गत अर्को साता अरुणा उप्रेतीको लेख *'भान्छामा घुसेको भोजनको राजनीति'* प्रकाशित हुनेछ ।**

प्रधानमन्त्री केपी ओलीसँग नेसनल मेडिकल कलेज वीरगन्जका सञ्चालक बसरुद्दिन अन्सारी

# सत्ताको छहारीमा बसरुद्दिनको ब

# राज्यले तोकेभन्दा बढी शुल्क उठाइरहेका ७ मेडिकल कलेज सञ्चालकविरूद्ध विद्यार्थी आन्दोलन चर्के पनि सरकार मूकदर्शक

**भूषण यादव**/वीरगन्ज

०४८ र ०५१ को निर्वाचनमा काठमाडौंमा लगातार पराजित पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ०५६ मा पर्सा रोजे। पर्सा त्यसबेला कांग्रेसको किल्ला मानिन्थ्यो। वीरगन्ज बजार र केही गाउँ पर्ने निर्वाचन क्षेत्र नं १ बाट भट्टराईले उम्मेदवारी दिएका थिए।

चुनावी अभियानमा मुस्लिम समुदायलाई कांग्रेसतर्फ तान्न वीरगन्जको गन्डक बहुअरी क्षेत्रमा गरिएको एक भेलामा भट्टराईले 'प्रधानमन्त्री बनेपछि तपाईंहरूको समुदायलाई के सहयोग गर्न सक्छु' भनी सोधेका थिए।

नेपाल मुस्लिम रिलिफ सोसाइटीले समुदायका लागि एउटा अस्पतालको माग राख्यो। भट्टराईले 'अस्पताल मात्र होइन, म यहाँ शिक्षण अस्पताल नै दिन्छु' भन्ने प्रतिबद्धता गरे। निर्वाचन क्षेत्र नं १ मा कुर्मी समुदायपछि मुस्लिमको बाहुल्य छ।

पहिलोपल्ट पर्साबाट निर्वाचन जित्न सफल भट्टराई प्रधानमन्त्री बनेपछि नेपाल मुस्लिम रिलिफ सोसाइटीका अगुवा काठमाडौं पुगे। "प्रधानमन्त्री बनेकामा बधाई दियौं," मुस्लिम समुदायका एक अगुवा सम्झिन्छन्, "चुनावी अभियानमा हामीसँग गरेका वाचा पनि सम्झायौं।"

केही महिनामै भट्टराई सरकारले वीरगन्जमा ५० प्रतिशत समुदाय र ५० प्रतिशत सरकारको लगानी रहने गरी शिक्षण अस्पताल बनाउने अनुमति दियो। सोसाइटीमा त्यसबेला डा जैनुद्दिन अन्सारी (हाल नेसनल मेडिकल तथा शिक्षण अस्पतालका सञ्चालक)

एक सदस्यका रूपमा थिए भने अध्यक्ष शेख नसिम अख्तर । मेडिकल कलेज सञ्चालन गर्ने अनुमति पाएपछि मुस्लिम रिलिफ सोसाइटीमा एक जना मात्र चिकित्सक सदस्य थिए । शिक्षण अस्पताल सञ्चालनका लागि चिकित्सक आवश्यक पर्ने भन्दै डा जैनुद्दिन अन्सारीकै अध्यक्षतामा मुस्लिम रिलिफ सोसाइटीले उपसमिति बनाएको थियो ।

जैनुद्दिन बसरुद्दिन अन्सारीका जेठा दाइ हुन् । बसरुद्दिन त्यसबेला काठमाडौं कालीमाटीमा औषधी पसल सञ्चालन गरिबसेका थिए । "समुदायबाट १ करोड उठाउनुपर्नेमा करिब ८० लाख रुपैयाँ सेयरबापत संकलन भइसकेको थियो," एक मुस्लिम अगुवा भन्छन्, "पैसा अभावमा शिक्षण अस्पताल निर्माणमा ढिलाइ भइरहेको थियो ।"

त्यही क्रममा मुस्लिम रिलिफ सोसाइटी मातहत सञ्चालन हुने अनुमति पाएको शिक्षण अस्पतालको स्वामित्व परिवर्तन गरियो । डा जैनुद्दिन अन्सारी सञ्चालक हुने गरी स्वामित्व परिवर्तन गरिएको जानकारी आएपछि मुस्लिम रिलिफ सोसाइटीले अदालत गुहार्‍यो । त्यसबेलासम्म भट्टराई सरकार ढलिसकेको थियो ।

"सोसाइटीको पक्षबाट अदालतमा केही तारेख तोड्न लगाइयो," मुस्लिम समाजका अगुवा भन्छन्, "सोसाइटीका केही पदाधिकारी अचानक मौन बसिदिए ।" यसरी समुदायका नाममा सञ्चालन अनुमति पाएको मेडिकल कलेज निजी हुन पुगेकामा वीरगन्जका मुस्लिम समुदाय असन्तुष्ट त छन् तर खुलेर विरोध गर्ने अवस्थामा छैनन् ।

मेडिकल कलेजको स्वामित्व लिएपछि मुस्लिम समाजबाट सेयरबापत संकलित रकम फिर्ता गरिएको थियो । स्वामित्व लिएपछि अन्सारी दाजुभाइले वीरगन्जको नगवामा रहेको बाबा इन्टरनेसनल होटल भाडामा लिएर नेसनल मेडिकल कलेज सुरु गरे । डा जैनुद्दिनले सञ्चालन गर्दै आएको नर्सिङहोममा समेत कक्षा सुरु गरिए । विद्यार्थी भर्ना र अचल सम्पत्ति बैंकमा राखेर आएको रकमले वीरगन्ज सहरको पूर्वपट्टि रहेको भेडियाही क्षेत्रमा जग्गा खरिद गरी मेडिकल कलेजका लागि पूर्वाधार बनाउन थालियो ।

२६ असार ०६६ मा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मेडिकल कलेजको औपचारिक उद्घाटन गरेका थिए । विगतमा जनशक्ति नहुँदा मेडिकल काउन्सिलबाट अनुगमन आउने बेला 'खडेबाबा' को प्रयोग गरिन्थ्यो । काउन्सिलको अनुगमन आउने बेला बिरामीको भीड देखाउन स्थानीय पत्रिका तथा एफएममा निःशुल्क उपचारको विज्ञापन प्रसारण गरिन्थ्यो । कहिलेकाहीँ अनुगमनका लागि अचानक आउने अधिकारीलाई कलेजको मूलगेटभित्र प्रवेश दिइँदैनथ्यो । कर निर्धारणका लागि वीरगन्ज महानगरपालिकाका कर्मचारीलाई समेत कलेज परिसर प्रवेशमा निषेध गरिँदा प्राविधिकले *गुगल म्याप*को सहायताले घरजग्गा कर निर्धारण गरेका थिए । मेडिकल कलेजको सुरुआती चरणमा यस्तै हर्कतले कलेज व्यवस्थापन चर्चामा आइराख्यो ।

नेसनल मेडिकल कलेज, वीरगन्ज

## हुरीपीडितको उपचारमा असुली

१७ चैत ०७५ मा बारा-पर्सामा आएको विनासकारी हुरीबाट पीडित भएकाको उपचार निःशुल्क गर्ने घोषणा कलेज सञ्चालक डा जैनुद्दिनले गरेका थिए । तर हावाहुरीमा परी घाइते भएकाको उपचार खर्चबापतको ३१ लाख ३८ हजार रुपैयाँ कलेज व्यवस्थापनले प्रदेश सरकारसँग २२ साउनमा असुलेको छ । जबकि हावाहुरी आएको दोस्रो दिन नै मेडिकल कलेजले आफ्नो परिसरमा निःशुल्क उपचारको सूचना टाँसेको थियो । सूचनामा थियो, 'नेसनल मेडिकल कलेजद्वारा निःशुल्क स्वास्थ्योपचार एवं खानाको व्यवस्था छ । स्थान : रातो घर पूर्वपट्टिको अडोटोरियम ।'

प्रधानमन्त्री, उपप्रधानमन्त्री, मुख्यमन्त्रीलगायतको उच्चस्तरीय टोली अनुगमनमा आउँदा पनि मेडिकल कलेजले घाइतेलाई निःशुल्क उपचार गराएको जनाएको थियो । प्रधानमन्त्री केपी ओली घाइतेको उपचारबारे अनुगमनमा मेडिकल कलेज पुग्दा एमडी बसरुद्दिन अन्सारीले घाइतेको निःशुल्क उपचार र खानाको व्यवस्था गरेको बताएका थिए ।

पर्सा र बारामा १७ चैत ०७५ मा आएको हावाहुरीले घाइते भएका २ सय ३२ जनाको उपचार गरेको भन्दै प्रदेश सरकारबाट नेसनल मेडिकल कलेजका निर्देशक आविद हुसैनले उपचार खर्च लिएका हुन् । निर्देशक हुसैनले सुरुमा निःशुल्क भनिए पनि प्रदेशका मुख्यमन्त्रीले उपचारको खर्च प्रदेश सरकारले दिने भनेपछि लिएको प्रतिक्रिया दिएका थिए ।

स्रोतका अनुसार मेडिकल कलेजले दोहोरो बिल पेस गरेर उपचार खर्च बढी देखाएको

छ। २७ चैत ०७५ मा कलेज व्यवस्थापनले प्रदेश सरकारलाई उपचार खर्चको बिल भर्पाइ पठाउँदा २ सय ३२ जना बिरामीको उपचार गर्दा औषधीसहितको २० लाख ६९ हजार रुपैयाँ खर्च भएको जनाएको थियो। त्यसबेला एक बिरामी उपचारकै क्रममा रहेको अस्पतालको पत्रमा उल्लेख छ। तर ४ असारमा पठाएको पत्रमा बाँकी बिरामीको उपचारमा थप १० लाख ६९ हजार रुपैयाँ खर्च भएको भन्दै रकम मागिएको छ। जिल्ला प्रशासन कार्यालय पर्सामार्फत भएको पत्राचारमा प्रशासनले पनि छानिबनबिनै पेस भएको बिल प्रदेश सरकारलाई पठाएको थियो।

## कलेजको दादागिरी

पछिल्लो समय एमबीबीएसका विद्यार्थीले मेडिकल कलेजले लिएको अतिरिक्त रकम फिर्ताको माग राख्दै ७ कात्तिकमा गरेको आन्दोलनमा कलेज व्यवस्थापनले बाहिरबाट गुन्डा बोलाएर कुटपिट गराएको विषयले चर्चा पाएको छ। कुटपिटमा कलेजका एमडी बसरुद्दिन अन्सारीसमेत संलग्न रहेको विद्यार्थीले आरोप लगाउँदै आएका छन्। विरोध गर्ने विद्यार्थीलाई बाहिरी गुन्डा बोलाएर रातभरि बन्धक बनाएका थिए।

१० कात्तिकमा सुरक्षाको माग राख्दै प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईको कार्यकक्षमै पुगे, विद्यार्थी। प्रहरी उपरीक्षक सोमन्द्रसिंह राठौरसमेतको उपस्थितिमा विद्यार्थीले कलेज परिसरमा आफूमाथि भइरहेको दमनबारे सुनाएका थिए। जिल्लाको प्रशासन प्रमुखबाटै आन्दोलनका क्रममा सुरक्षा ग्यारेन्टी नपाएपछि विद्यार्थी निराश भएर कलेज फर्किएका थिए। त्यस दिनदेखि उनीहरूको आन्दोलनले गति लिन सकेको छैन।

गुन्डागर्दी गर्ने ५ जनाको नाम विद्यार्थीले दिएको बताए पनि हालसम्म ती पक्राउ परेका छैनन्। प्रजिअ भट्टराईले फेरि कुटपिट वा दुर्व्यवहार भए तत्काल खबर गर्न विद्यार्थीलाई सल्लाह दिएर फर्काएका थिए। काठमाडौं उपत्यकाबाहिर राज्यले निर्धारण गरेको ४२ लाख ५० हजार रुपैयाँ शुल्कभन्दा बढी रकम नेसनल मेडिकल कलेजले लिएको छ। विभिन्न बहानामा प्रतिविद्यार्थी १२ लाखदेखि १५ लाख रुपैयाँसम्म बढी शुल्क असुलेको विद्यार्थीले बताए।

शान्तिपूर्ण तबरले कलेज व्यवस्थापनसँग आफ्ना माग राख्दा कलेजका एमडी बसरुद्दिन अन्सारीले कलेजभित्रै कुटपिट गराएको संघर्ष समितिका सदस्य प्रकाश चन्दले बताएका थिए। एमबीबीएस प्रथम वर्षमा अध्ययनरत एक विद्यार्थीका अनुसार कलेज व्यवस्थापनले लाइब्रेरी चार्जको नाममा ३५ हजार, खेलकुदबापत ४० हजार, सीडीपी चार्ज ५० हजार, होस्टेल र मेस चार्ज १५ हजार, इन्टरनेटबापत १ हजार ४ सयलगायत विभिन्न शीर्षकमा १२ लाख रुपैयाँ बढी असुल्ने गरेको छ।

“कलेजको होस्टलमा नबसे पनि त्यसको शुल्क दाखिला गर्नुपर्छ,” ती विद्यार्थी भन्छन्, “जबकि होस्टल बस्नुपर्ने अनिवार्य छैन।” अतिरिक्त शुल्क नदिँदा कलेज व्यवस्थापनले परीक्षामा सामेल नगराउने धम्की दिएको विद्यार्थीको गुनासो छ। अतिरिक्त शुल्कबारे अभिभावक बुझ्न आउँदा कलेज व्यवस्थापनले दुर्व्यवहार गरेको विद्यार्थीले बताउँदै आएका छन्।

उनीहरूका अनुसार १८ औं ब्याचमा एक सय विद्यार्थी अध्ययनरत छन्। “विगत एक महिनादेखि हामीले बढी शुल्क फिर्ताको माग राखेका छौं,” एक विद्यार्थी भन्छन्, “हाम्रो कुनै सुनुवाइ भएको छैन बरु कलेज व्यवस्थापनले बाहिरबाट गुन्डा झिकाएर धम्क्याउने गरेको छ।”

## राजनीतिक उदय

०५४ को स्थानीय निकायको निर्वाचनमा बसरुद्दिनका कान्छा भाइ ताजुद्दिन अन्सारी आफ्नै गाउँ परसौनीबिर्ताको वडा-४ को अध्यक्षमा कांग्रेसबाट चुनाव लडेका थिए। एमालेका इस्लामोद्दिन अन्सारीसँग उनी पराजित भएका थिए। गाउँलेका अनुसार बसरुद्दिनको परिवार पहिले कांग्रेसी पृष्ठभूमिको हो। नेपाल मुस्लिम रिलिफ सोसाइटी मातहत सञ्चालन अनुमति पाएको शिक्षण अस्पतालको स्वामित्व परिवर्तनमा कांग्रेसका नेताहरूले अन्सारी परिवारलाई सहयोग गरेका थिए।

०६३/६४ को मधेस आन्दोलनपछि राजनीतिमा उदाएका उपेन्द्र यादवको मधेसी जनअधिकार फोरमसँग पनि केही वर्ष बसरुद्दिन अन्सारीको निकटता थियो। फोरमका नेताहरूलाई सिमरा एयरपोर्टमा ल्याउन-पुऱ्याउन उनी आफैं पुग्थे। वीरगन्जमा भएको फोरमको पहिलो महाधिवेशनमा उपेन्द्रलगायतका नेता बसरुद्दिनसँगै महाधिवेशनस्थल पुगेका थिए। ०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा बसरुद्दिन माओवादीको टिकटमा पर्सा क्षेत्र नं २ बाट निर्वाचनमा होमिए। तेस्रो चरणको स्थानीय तहको निर्वाचनको ठीक अगाडि बसरुद्दिन तत्कालीन एमालेमा प्रवेश गरे। एमालेको टिकट लिएर वीरगन्ज महानगरपालिकाको मेयरको चुनाव लडे।

गाउँको वडामा पनि चुनाव जित्न नसकेको अन्सारी परिवार अहिले जिल्ला मात्र नभई प्रदेश २ मै नेकपाको शक्तिकेन्द्रका रूपमा उदाएको छ। २६ असार ०६६ मा नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालको नयाँ भवनको उद्घाटनका लागि पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल आउँदा स्थानीय एमाले नेताले विरोध गरेका थिए। “अब विरोध गर्ने अवस्था छैन,” नेकपा पर्साका एक नेता भन्छन्, “जिल्ला, प्रदेश संयोजक, पार्टी अध्यक्ष, प्रधानमन्त्रीसँग उही निकट छ, उसको विरोध गऱ्यो भने पार्टीमै बस्न गाह्रो हुन्छ।” शिक्षण अस्पताल परिसरमै रहेको सुविधाजनक अतिथिगृहमा जिल्ला भ्रमणका बेला पार्टीका उच्च नेताको बास हुने गरेको छ। प्रहरी प्रशासनका उच्च अधिकारी पनि उक्त गृहमा बस्ने गरेका छन्। ने

# निर्लज्ज सञ्चालक,

## अतिरिक्त शुल्क फिर्ता गराउन चिकित्सा शिक्षा संघर्ष समितिको आन्दोलन ६-७ वटा मेडिकल कलेजमा फैलिइसक्दासमेत सरकार रमिते

**माधव बस्नेत**

*'राज्य किन मौन छ ?'*

सडकमा उत्रिएका झन्डै ३ सय विद्यार्थीमध्ये बहुसंख्यकका हातमा उल्लिखित प्लेकार्ड थियो । बाँकीको हात पनि खाली थिएन । तिनका हातमा पनि 'अतिरिक्त शुल्क फिर्ता गर । मेडिकल माफिया मुर्दावाद' लेखिएका प्लेकार्ड थिए ।

चिकित्सा शिक्षा संघर्ष समितिमा आबद्ध विद्यार्थी २० कात्तिक मध्याह्न माइतीघर चोकदेखि नयाँ बानेश्वरसम्म सडक संघर्षमा उत्रिएका थिए । नेसनल मेडिकल कलेज वीरगन्ज, चितवन मेडिकल कलेज चितवन, गण्डकी मेडिकल कलेज पोखरा, युनिभर्सल मेडिकल कलेज भैरहवा, किस्ट मेडिकल कलेज ललितपुरलगायतका विद्यार्थी सरकारलाई सुसेलो सुनाउन भाइटीकाको भोलिपल्ट १३ कात्तिकदेखि नै चिकित्सा शिक्षा अध्ययन संस्थान महाराजगन्जस्थित डीन कार्यालयमा भेला भएका थिए ।

१४ कात्तिक दिउँसो २ बजे चिकित्सा क्याम्पस महाराजगन्जको माहोल अलि भीडभाड थियो । त्यहाँ वीरगन्जस्थित नेसनल मेडिकल कलेजका पहिलो वर्षका विद्यार्थीको ठूलो समूह आइपुगेको थियो । चितवन मेडिकल कलेज र युनिभर्सल मेडिकल कलेजबाट पनि विद्यार्थी थपिने क्रम जारी थियो । केही दिनअघि वीरगन्जस्थित नेसनल मेडिकल कलेजका विद्यार्थीलाई साथ दिन पुगेको उनको समूहलाई उक्त कलेजका सञ्चालक बसुरुद्दिन अन्सारी निकटले आक्रमण प्रयास गरेका थिए ।

"शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान डीनको

# मूकदर्शक सरकार

कार्यालय र काठमाडौँ विश्वविद्यालयका उपल्लो नेतृत्वको मिलेमतोमा मेडिकल शिक्षामा अध्ययनरत विद्यार्थीमाथि लुट मच्चाइएको छ," चिकित्सा शिक्षा संघर्ष समितिका संयोजक मिलन गैरे भन्छन्, "हामीले रहरले आन्दोलन गरेका होइनौँ । तर सरकारले हाम्रा मागलाई गम्भीर ढंगले लिएको देखिँदैन ।" विद्यार्थी १८-२० कात्तिकमा लगातार ३ दिनसम्म सडकमा उत्रिए ।

सरकारले शैक्षिक सत्र ०७४/७५ मा उपत्यकाभित्रका मेडिकल कलेजले विद्यार्थीबाट ३५ लाख र उपत्यकाबाहिरका मेडिकल कलेजले ३८ लाख ५० हजार रुपैयाँ लिन पाउने शुल्क तोकेको थियो । शैक्षिक सत्र ०७५/७६ मा उपत्यकाभित्रका मेडिकल कलेजका लागि ३८ लाख ५० हजार र उपत्यकाबाहिरका मेडिकल कलेजका लागि ४२ लाख ४५ हजार शुल्क तोकिएको थियो ।

यसैगरी १ कात्तिकमा चिकित्सा शिक्षा आयोगले शैक्षिक सत्र ०७६/७७ का लागि उपत्यकाभित्र ४० लाख २३ हजार र उपत्यकाबाहिर ४४ लाख ३६ हजार रुपैयाँ शुल्क तोकेको छ। यद्यपि, मेडिकल कलेजहरूले भर्ना, रजिस्ट्रेसन, सम्बन्धन, कम्युनिटी, फिल्ड, क्लिनिकल ट्रेनिङ, इन्टर्न, मेडिकल टेस्ट, विद्यार्थी कल्याण, शिक्षक/गाइड, पुस्तकालय, खेलकुद, परीक्षालगायत २४ वटा शीर्षकमा न्यूनतम २ लाखदेखि २५ लाख ४० हजार ५ सय रुपैयाँसम्म अतिरिक्त शुल्क उठाएर लुट मच्चाएको भन्दै विद्यार्थी र तिनका अभिभावकले लिखित/मौखिक आवाज उठाउँदै आएका छन्। राष्ट्रिय सतर्कता केन्द्रले गरेको अनुसन्धानबाट १२ वटा मेडिकल कलेजले विद्यार्थीबाट २ अर्ब ८५ करोड १३ लाख १६ हजार २ सय ९७ रुपैयाँ ठगी गरेको खुलासा भइसकेको छ ।

७ कात्तिकमा सतर्कता केन्द्रले निर्णय गर्दै लखेको छ, 'मेडिकल कलेजहरूमा भएको अनियमितता सम्बन्धमा प्रतिवेदन पेस गर्न गठित छानबिन टोलीबाट पेस भएको प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा त्यसमा उल्लिखित सुझाव कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालयलाई निर्देशन दिन, आवश्यक कारबाहीका लागि प्रतिवेदनको छाया प्रति सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागमा लेखिपठाउने र प्रतिवेदनको छाया प्रति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।'

यस्तै, प्रतिवेदन संघीय संसद् प्रतिनिधिसभा शिक्षा तथा स्वास्थ्य समिति मातहतको मेडिकल कलेजहरूको शुल्क विवादलगायत विविध विषयमा अध्ययन गर्न गठित उपसमितिले पनि तयार पारेको छ। चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष श्रीकृष्ण गिरी पठनपाठनसम्बन्धी सबै शुल्क शिक्षा शुल्कभित्र पर्ने भएकाले चिकित्सा शिक्षा ऐन र विश्वविद्यालय ऐनअनुसार मेडिकल कलेजहरूले अतिरिक्त शुल्क लिन नपाउने बताउँछन् । "शिक्षण शुल्क निर्धारण भइसकेपछि सम्पूर्ण शुल्क त्यहीँभित्र पर्छ । अन्य विषयमा शुल्क लिन नपाइने अन्तर्राष्ट्रिय मान्यता छ", उपाध्यक्ष गिरी भन्छन्, "राष्ट्रिय चिकित्सा ऐन, ०७५ को दफा २ मा शिक्षण शुल्क भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अवधिभर लिने भर्ना, शिक्षण, प्रयोगशाला, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क सम्झनुपर्ने उल्लेख छ। अतिरिक्त शुल्क लिएको पाइए सरकारले कानुनअनुसार कारबाही गर्न सक्छ ।"

संसदीय उपसमिति संयोजक सुरेशकुमार राईका अनुसार सरकारका प्रतिनिधि निजी मेडिकल कलेजका सञ्चालकसँग कहीँ न कहीँ चुकेका छन् । निजी मेडिकल कलेजले विद्यार्थीबाट यति धेरै रकम असुलेका छन् कि दुई-तीन वर्षसम्म अहिलेकै शुल्कमा पढाए पनि सहजै धान्न सक्छन् । "मेडिकल शिक्षामा ठूलो अनियमितता र बेथिति छ । चिकित्सा शिक्षा ऐनले तय गरेको भावभूमिमै टेकेर हामीले ती बेथिति औँल्याएका छौँ", राईको कथन छ, "अब कार्यान्वयन र कारबाही गर्ने जिम्मा सरकारको हो ।"

### शुल्क फिर्तामा पटके म्याद

काठमाडौँ आएर अनुनय-विनय र प्रदर्शन गर्दासमेत चिकित्सा शिक्षा संघर्ष समितिमा आबद्ध विद्यार्थीको आवाजलाई सरकारले जुन प्राथमिकतासाथ लिनुपर्थ्यो, त्यसरी नलिएपछि उनीहरू २२/२३ कात्तिकमा कलेजमै फर्किए। यसपछि २४ कात्तिकमा चितवन मेडिकल कलेजमा अध्ययनरत विद्यार्थीले त्यहाँ तालाबन्दी गरे। २५ कात्तिकमा युनिभर्सल मेडिकल कलेज भैरहवामा तालाबन्दी भयो ।

२५ कात्तिकमै शिक्षामन्त्री गिरिराजमणि पोखरेलले मन्त्रालयमै पत्रकार सम्मेलन गरी निजी मेडिकल कलेजलाई विद्यार्थीसँग उठाएको अतिरिक्त रकम फिर्ता गर्न १५ दिने समयसीमा दिए । तोकिएको समयभित्र रकम नफर्काए मेडिकल कलेज सञ्चालकलाई कारबाही गरिने उनको भनाइ छ। १७ कात्तिकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगका तर्फबाट संयुक्त वक्तव्य प्रकाशित गरी विद्यार्थीबाट लिइएको अतिरिक्त शुल्क फिर्ता गर्न मेडिकल कलेजहरूलाई आग्रह गरिएको थियो।

त्यसअघि ६ असोज ०७६ मा गृहमन्त्री रामबहादुर थापा र शिक्षामन्त्री पोखरेलको उपस्थितिमा सम्बन्धित विश्वविद्यालयका पदाधिकारीसहित बसेको बैठकले एक महिनाभित्र रकम फिर्ता गर्न कलेजहरूलाई निर्देशन दिएको थियो । बैठकले शुल्क फिर्ता नगरे निजी मेडिकल कलेजविरुद्ध ठगी मुद्दाअन्तर्गत कारबाही प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको थियो । तर अतिरिक्त शुल्क फिर्ता गर्नुको साटो वीरगन्जस्थित नेसनल मेडिकल कलेजका सञ्चालक बसुरुद्दिन अन्सारीले बाउन्सर लगाएर एमबीबीएस प्रथम वर्षका विद्यार्थीमाथि आक्रमण गरेको दृश्य सामाजिक सञ्जालमा भाइरल भयो । तर पनि सरकारले

अन्सारीमाथि कुनै कारबाही गरेन ।

१३ कात्तिकमा *नेपाल* प्रतिनिधिले फोन सम्पर्क गर्दा अन्सारीले पार्टी काममा गाउँमै रहेको बताएका थिए । त्यसपछि उनी सम्पर्कमा आएनन् ।

८ चैत ०७५ मा शिक्षा मन्त्रालयमा निजी मेडिकल कलेज सञ्चालक, विश्वविद्यालयका पदाधिकारी र विद्यार्थी प्रतिनिधिबीच अतिरिक्त शुल्क फिर्ता गर्ने सहमति भएपछि विद्यार्थीले दुई महिनादेखि गण्डकी मेडिकल कलेजमा गर्दै आएको आन्दोलन फिर्ता लिएका थिए । तर निजी मेडिकल सञ्चालकले शुल्क फिर्ता गरेनन् । आन्दोलनको लप्को चितवन मेडिकल कलेज, नेसनल मेडिकल कलेज हुँदै यसबेला युनिभर्सल मेडिकल कलेजमा पुग्दा पनि सरकारले पहल तोकेको शुल्कभन्दा विभिन्न विषयमा अतिरिक्त शुल्क लिएको देखिएकाले यस सम्बन्धमा सम्बन्धित निकायबाट नियमअनुसार कारबाही गर्न लेखिपठाउने ।'

दोस्रो बुँदामा उल्लेख छ, 'काठमाडौं विश्वविद्यालय ऐन, ०४८ मा उक्त विश्वविद्यालयलाई शुल्क निर्धारण गर्ने अधिकार रहेको देखिँदैन । तर उक्त विश्वविद्यालयले सरकारले तोकेभन्दा बढी शुल्क उठाउन परिपत्र गरेको देखिँदा यस सम्बन्धमा नियमअनुसार कारबाही हुनुपर्ने देखिन्छ ।' तेस्रो बुँदा बोल्छ, 'त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको अनुगमन निर्देशनालयको अनुगमनपछि पेस भएको प्रतिवेदन सम्बन्धित निकाय, पदाधिकारीले कार्यान्वयन गरेको नपाइएकाले जिम्मेवार गर्न' सुरेशकुमार राईको संयोजकत्वमा ९ सदस्यीय उपसमिति गठन गरेको थियो । उपसमितिले सरकारी ४ र निजी १८ गरी २२ वटै मेडिकल कलेजमाथि अध्ययन, अनुगमन गरेर १५ भदौ ०७६ मा समितिसमक्ष प्रतिवेदन बुझाइसकेको छ ।

राईका अनुसार संसद्को शिक्षा तथा स्वास्थ्य समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रतिवेदन बुझाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पनि शिक्षा मन्त्रालयलाई कारबाहीका लागि पत्राचार गरिसकेको जानकारी आफूले पाएको राई बताउँछन् । भन्छन्, "तर शिक्षा मन्त्रालयले कारबाही गर्न किन ढिलो गरिरहेको छ ? मैले बुझ्न सकिरहेको छैन ।"

**^ खातका खात प्रतिवेदन, खै सरकारी कदम ? : चिकित्सा शिक्षाका विकृति रोक्न गठित आयोग र समितिका प्रतिवेदन**

कदमी लिएको देखिँदैन ।

त्यसो त, १२ कात्तिक ०७५ मा समेत शिक्षा मन्त्रालयले 'विद्यार्थी र तिनका अभिभावकको उजुरीउपर छानबिन गरी कारबाही गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई लेखिपठाएको' थियो । त्यो पत्र कता हरायो ? सम्बन्धित निकाय बेखबर छन् । २८ असोज ०७५ मा मन्त्रिपरिषद् बैठकले ०७५/७६ को मेडिकल अध्ययन शुल्क निर्धारण गर्दै 'निर्णयविपरीत कुनै पनि कलेजले विद्यार्थीसँग बढी शुल्क लिए जिल्ला प्रशासन कार्यालयले प्रचलित कानुनबमोजिम छानबिन गरी कारबाही गर्नसमेत' निर्णय भएको थियो । मन्त्रिपरिषद्को त्यो निर्णय अहिलेसम्म पनि कार्यान्वयन भएको छैन ।

सतर्कता केन्द्रले मेडिकल नियमविपरीत मनलाग्दी शुल्क लिएकोबारे सरकार र सरोकारवाला निकायलाई १४ वटा सुझाव दिएको छ । पहिलो बुँदामा छ, 'कलेजहरूले नेपाल सरकारले पदाधिकारीलाई कानुनबमोजिम कारबाही गरी प्रतिवेदनमा उल्लिखित कैफियत कार्यान्वयन हुनुपर्ने ।'

नेपाल मेडिकल काउन्सिलका नवनियुक्त अध्यक्ष भगवान कोइराला मेडिकल कलेजहरूले लिएको अतिरिक्त शुल्क गैरकानुनी भएको बताउँछन् । "मेडिकल कलेजहरूले असुलेको शुल्क घुसखोरीसरह हो, जसरी मालपोत कार्यालयमा अन्डर-टेबल घुसखोरी हुन्छ । मेडिकल कलेजमा पनि त्यस्तै भइरहेको छ," कोइराला भन्छन्, "अभिभावक, विद्यार्थीले पनि अन्डर-टेबल लगेर बुझाएका छन् । सरकारले पनि कारबाही गर्न सकेको छैन । घुसखोरमाथि जुन बाटोबाट भए पनि कारबाही हुनुपर्छ ।"

## प्रतिवेदनका खात, समस्या ज्यूँका त्यूँ

संघीय संसद्को शिक्षा तथा स्वास्थ्य समितिले २६ चैत ०७५ मा 'मेडिकल कलेजहरूको शुल्क विवादलगायत विविध विषयमा अध्ययन

मेडिकल शिक्षामा रहेका बेथिति अध्ययन गर्न यस्ता समिति दर्जनभन्दा धेरै बनिसकेका छन् । र, ती समितिले दिएका सबै प्रतिवेदन र कारबाहीका लागि गरेका सिफारिस बेवारिसे बनाइएका छन् । यसले निजी मेडिकल सञ्चालकको पकड कुन हदसम्म छ र तिनले सरकारलाई कसरी निरीह बनाउने प्रयास गरिरहेका छन् भन्ने सहजै बुझ्न सकिन्छ । मन्त्रालयलाई निर्देशन दिने ।'

राई प्रतिवेदनको बुँदा नम्बर ६.४ मा 'कलेजहरूले लिएको अतिरिक्त शुल्क' सम्बन्धमा उल्लेख छ । त्यसमा समितिले लेखेको छ, 'यस समितिबाट तोकिएबमोजिम माग गरिएको शुल्कसम्बन्धी विवरण, स्थलगत भ्रमणका क्रममा प्राप्त विवरण तथा थप स्पष्टताका लागि माग गरिएको विवरणका आधारमा

अधिकांश कलेजले नेपाल सरकारले तोकेभन्दा बढी शुल्क लिएको स्पष्ट भएकाले : (क) विश्वविद्यालय सम्बन्धन शुल्कबापत हुन आउने प्रतिविद्यार्थी शुल्क, डीन कार्यालयले लिने संस्थागत शुल्कबाट प्रतिविद्यार्थीलाई पर्न आउने शुल्क, कम्युनिटी, इन्टर्नसिप, परीक्षा शुल्क, सम्बन्धित कलेजहरूको आय-व्यय विवरणमा बाँधिएको आम्दानीबमोजिम कर बोनस तथा लाभांश भुक्तानी भइसकेको रकमबाहेक राज्यले तोकेभन्दा बढी लिएको शुल्कलाई हाल अध्ययनरत विद्यार्थीको आगामी किस्तामा भुक्तानी गर्न बाँकी शुल्क मिलान वा समायोजन गर्ने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान तथा डीन कार्यालयलाई निर्देशन दिने ।'

संसद्को शिक्षा तथा स्वास्थ्य समितिले राईको संयोजकत्वमा मेडिकल शिक्षाबारे अध्ययन गर्न उपसमिति गठन गरेको दुई दिनअघि २४ चैत ०७५ मा राष्ट्रिय सतर्कता केन्द्रले पनि छानबिन टोली गठन गरेको थियो । १७ चैत ०७५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पठाएको पत्रअनुसार सतर्कता केन्द्रले छानबिन टोली गठन गरेको थियो । उक्त टोलीले ७ कात्तिकमा छानबिन रिपोर्ट तयार पारेको थियो ।

राष्ट्रिय योजना आयोगले पनि शिक्षा तथा विज्ञान प्रविधि, स्वास्थ्य क्षेत्र हेर्ने सदस्य उषा झाको संयोजकत्वमा मेडिकल कलेजमाथि अध्ययन गर्न पछिल्लो पटक समिति गठन गरेको थियो । झा नेतृत्वको समितिले पनि मेडिकल शिक्षामाथि प्रतिवेदन तयार पारेर झन्डै दुई महिनाअघि नै चिकित्सा शिक्षा आयोगका अध्यक्ष प्रधानमन्त्रीसमक्ष पेस गरेको छ । झा नेतृत्वको प्रतिवेदनले पनि तत्कालीन शिक्षा मन्त्रालय, त्रिभुवन र काठमाडौं विश्वविद्यालय तथा डीन कार्यालयको नेतृत्वमाथि दोष थोपरेको छ ।

१ वैशाख ०७४ मा विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो । कार्की आयोगले चिकित्सा शिक्षालाई अमर्यादित बनाउने दर्जनौं सरकारी पदाधिकारी र मेडिकल कलेज सञ्चालकलाई कारबाही गर्न, सचेत पार्न सुझाएको थियो । तर सरकारले अहिलेसम्म कारबाही गरेको छैन ।

०७३ मा राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य शिवकुमार राईको संयोजकत्वमा पनि सरकारले मेडिकल शिक्षामाथिको बेथिति छानबिन गर्न शुल्क पुनरावलोकन समिति गठन गरेको थियो । उक्त समितिले पनि प्रतिवेदन तयार गरी गुपचुप बुझायो भने शुल्कचाहिँ सार्वजनिक गर्‍यो ।

**६. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६ कार्तिक ७ गतेको निर्णयः**

मेडिकल कलेजहरूमा भएको अनियमितता सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरू कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयलाई निर्देशन दिन, आवश्यक कारवाहीका लागि प्रतिवेदनको छाँया प्रति सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागमा लेखी पठाउने तथा प्रतिवेदनको छाँया प्रति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई उजूरीको लगत कट्टा गर्ने निर्णय गरियो ।

अझ ०७२ मा त सरकारले चिकित्सा शिक्षासम्बन्धी छानबिन गर्न तत्कालीन पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश हरिबाबु भट्टराईको अध्यक्षतामा 'चिकित्सा शिक्षासम्बन्धी छानबिन आयोग' र त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाको संयोजकत्वमा 'चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय नीति तर्जुमा उच्चस्तरीय कार्यदल' गठन गरेको थियो । माथेमा कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न पनि सरकार लामै समय हिचकिचायो । यही कार्यदलको प्रतिवेदनका केही बुँदा समेटिएर अहिले चिकित्सा शिक्षा ऐन, ०७५ आएको छ ।

"ठगीमा परेका विद्यार्थीको शुल्क फिर्ता तथा समायोजन नभएसम्म आन्दोलन जारी रहन्छ ।"

**– प्रकाश चन्द**
संघर्ष समिति संयोजक
चितवन मेडिकल कलेज

०७१ मा चिकित्सा शिक्षासम्बन्धी विश्वविद्यालयको सम्भाव्यता अध्ययन गर्न चिकित्साशास्त्र अध्ययन संस्थानका डीन डा रमेशकान्त अधिकारीको संयोजकत्वमा कार्यदल बनाएको थियो । त्यही वर्ष जयराम गिरीको नेतृत्वमा पनि सरकारले चिकित्सा शिक्षाको अध्ययन गर्न समिति बनाएको थियो ।

यसअघि ०६८ मै योजना आयोगका तत्कालीन सदस्य प्रेमबहादुर कुँवरको नेतृत्वमा पनि चिकित्सा शिक्षामाथि प्रतिवेदन बनेको थियो । चिकित्साशास्त्र संघर्ष समिति संयोजक गैरेका अनुसार मेडिकल कलेजहरूले लिएका अतिरिक्त शुल्क छानबिन गर्न त्रिभुवन विश्वविद्यालयले विष्णु खनालको नेतृत्वमा छानबिन समिति बनाएको थियो । काठमाडौं विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालय, शिक्षा मन्त्रालयले पनि पटक-पटक यस्ता समिति बनाएका थिए । तर तिनका प्रतिवेदन पनि गुपचुपै राखियो ।

चिकित्सा शिक्षा अध्ययनमा बेथिति कतिसम्म छ भने त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मेडिकल कलेजहरूबीच पाठ्यक्रममै भिन्नता छ । परीक्षा प्रणाली पनि एकीकृत छैन । त्रिभुवन विश्वविद्यालयले भन्दा काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन लिएका मेडिकल कलेजले ६ महिना चाँडो अध्यापन सिध्याउँछन् ।

"हाम्रो संघर्ष अतिरिक्त शुल्क फिर्ता हुनुपर्छ भनेर त हो नै, मेडिकल शिक्षा पढाउने सबै कलेजको क्यालेन्डरमा एकरूपता हुनुपर्छ भन्ने पनि हो", गैरे भन्छन्, "छात्रवृत्ति बढोत्तरी हुनुपर्छ । ठगीमा परेका विद्यार्थीको शुल्क फिर्ता तथा समायोजन नभएसम्म आन्दोलन जारी रहन्छ ।" चितवन मेडिकल कलेज संघर्ष समिति संयोजक प्रकाश चन्द थप्छन्, "सरकारले पहल गर्न आनाकानी गरिरह्यो भने हाम्रो संघर्ष मेडिकल कलेज सञ्चालकबाट सरकारतिर पनि फर्कनेछ । हामी चाहन्छौं, त्यस्तो दिन नआओस् ।" ने

# असफल आईजीपी

## संगठनलाई मजबुत बनाउनु सट्टा उल्टै विवादास्पद काममा

**मनबहादुर बस्नेत**

महानिरीक्षक बन्नासाथ सर्वेन्द्र खनालले आफ्ना सांगठानिक प्राथमिकताका १० बुँदा सार्वजनिक गरेथे । ती बुँदा पढ्दा लाग्थ्यो, उनको कार्यकालमा प्रहरी संगठनको छवि र प्रभावकारिताले अभूतपूर्व फड्को मार्दै छ । विडम्बना, १९ महिनापछि महानिरीक्षक प्राथमिकताका बुँदा र प्रतिफल दाँज्दा भने निराशजनक चित्र देखा पर्छ ।

संगठन कति भद्रगोल हालतमा पुगेको छ भन्ने उदाहरण हो, १२ वर्ष पुरानो आपराधिक घटनाको उत्खनन हुँदा प्रहरीबीच देखिएको विवाद । रौतहटको फरहदवामा ०६४ मा भएको बम विस्फोट र उक्त विस्फोटका घाइतेलाई जिउँदै इँटाभट्टामा जलाएको आरोपमा पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता मोहम्मद आफताव आलम २६ असोजमा पक्राउ परेका थिए । आलमलाई पक्राउ गर्दा प्रहरीको तारिफ भएको थियो । तर यति राम्रो काम गर्दासमेत प्रहरी नेतृत्व आन्तरिक कारण विवादमा तानियो ।

२३ कात्तिकमा जिल्ला प्रहरी कार्यालय रौतहटले प्रेस वक्तव्य निकालेपछि विवाद छताछुल्ल भयो । आलम पक्राउको जस प्रहरी मुख्यालय एक्लैले लिन खोजेपछि रौतहट प्रहरीले लिखित रूपमै त्यसको प्रतिरोध गरिदियो । आईजीपी खनाल निकट भनेर चिनिने केही अनलाइनमा रौतहट प्रहरीले आलमलाई भगाउन खोजेको र काठमाडौंबाट गएको विशेष ब्युरोको टोलीले पक्रेको समाचार प्रकाशित भएका थिए । विशेष ब्युरो आईजीपीको प्रत्यक्ष कमान्डमा रहन्छ । रौतहट प्रहरीले घुमाउरो शैलीमा आईजीपीप्रति संकेत गर्दै 'असम्बन्धित कार्यालय र व्यक्तिको प्रसंग सुनियोजित रूपमा जोडिएको' भनेर प्रतिवाद गरेको छ ।

रौतहट प्रहरी र केन्द्रबीचको विवादबारे आफूलाई केही थाहा नभएको प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डीआईजी) विश्वराज पोखरेलले बताए । लिखित रूपमै नेतृत्वविरुद्ध असन्तुष्टि देखाएको प्रहरी इतिहासमै सम्भवतः पहिलो घटना हो, यो । "यसले नेतृत्व तह र फिल्डका कार्यालयबीच ठूलो समस्या छ भन्ने देखाउँछ," पूर्वडीआईजी हेमन्त मल्ल भन्छन् ।

### गुटबन्दी शृंखला

यो त सतहमा देखिएको समस्या मात्र हो । आईजीपीले आफू निकटलाई च्याप्ने र इतरका व्यावसायिक प्रहरीलाई भूमिकाहीन बनाउने गरेकाले भित्रभित्रै यस्ता समस्या थुप्रै गुम्सिएका छन् । आईजीपीले प्राथमिकताको ५ नम्बर बुँदामा 'प्रहरी कर्मचारीको व्यावसायिकता, पारदर्शिता र निष्ठामा उत्कृष्टता' उल्लेख गरेका छन् । तर उनले व्यावसायिक प्रहरीलाई पाखा लगाउने गरेको आरोप छ ।

यो आरोपलाई पुष्टि गर्ने केही तथ्यसमेत छन् । खासगरी उपेन्द्रकान्त अर्याल आईजीपी छँदा उनले आफूलाई बढुवा, पदस्थापनमा पूर्वाग्रही व्यवहार गरेको खनालको बुझाइ छ । सोही बुझाइको कारण हुन सक्छ, कुनै समय अर्यालसँग काम गरेका प्रहरी अधिकारीलाई आईजीपी खनालले संगठनका कर्मचारीसमेत ठानेनन् । यस्तो भेउ पाएपछि केही प्रहरी अधिकृत जागिर छाड्न बाध्य भए ।

खनाल आईजीपी हुनासाथ प्रहरी निरीक्षक दीपेन्द्र अधिकारीले प्रदेश १ को तराई क्षेत्रमा आफ्नो पोस्टिङ मागेका थिए । आईजीपीले मौखिक सहमति दिएपछि उनले राजधानीमा पढिरहेका आफ्ना बच्चाको विद्यालय सारे । तर सीआईबीबाट पदस्थापन भएन । लगत्तै अधिकारीले राजीनामा दिए । उनी अर्यालसँगै केन्द्रीय अनुसन्धान ब्युरोमा लामो समय काम गरेका प्रहरी हुन् ।

१९ वैशाखमा प्रहरी नायब उपरीक्षक (डीएसपी) कुमोध ढुंगेललाई राजधानी काठमाडौंमा भएको एउटा लुटपाट घटनाका अभियुक्तसँग सम्पर्क देखिएकाले निलम्बन गरिदियो, गृह मन्त्रालयले । उक्त सम्पर्कको उद्देश्यबारे निलम्बन पत्रमा उल्लेख छैन । तर ६ महिना बित्दासमेत न ढुंगेलको अभियोग पुष्टि भयो, न त उनको निलम्बन फुकवा नै ।

त्यसलगत्तै सार्वजनिक केही तथ्यले भने निलम्बनको अन्तर्य शंकास्पद देखाउँछ । एक अनलाइनमा अपहरण, लागूऔषध मुद्दामा कारागारमा रहेका 'डन' रमेश बाहुनसँग ढुंगेलको सम्पर्क भएको कागजात र कल डिटेल रेकर्ड (सीडीआर) बाहिरियो । "ढुंगेल आपराधिक गिरोहकै सदस्य बनेर अन्डरकभर (भेष बदलेर गरिने अनुसन्धान) रूपमा छिर्ने प्रहरी भएकाले त्यस्ता व्यक्तिसँग सम्पर्क हुनु सामान्य हो," पूर्वडीआईजी मल्ल भन्छन्, "सम्पर्कको कारण नकेलाई आरोप लगाउनु राम्रो होइन । पहिले काम गरेका आधारमा मेरो पनि त्यस्तै मानिससँग अहिले पनि सम्पर्क भइराख्छ । के मलाई दोषी मान्ने ?"

रामेछाप प्रहरी प्रमुख छँदा जेलको सूचनाकै आधारमा सैंपुकी १४ वर्षीया सुन्तली तामाङको बलात्कारपछि हत्या गरिएको ६ वर्ष पुरानो घटनाका अभियुक्त श्याम राउतलाई पक्रन ढुंगेल सफल भएका थिए । त्यसअघि राउतलाई प्रहरीले नै भगाएको थियो । राउतलाई ढुंगेलको टोलीले भारतको अन्डमान निकोबार आइल्यान्डबाट समाएको थियो ।

प्रहरीले संगठित र गम्भीर प्रकृतिका अपराध रोक्न अन्डरकभर अपरेसन चलाउँछ । जेलमा सम्पर्क-सूत्र खडा गरेर दर्जनौं केस सल्टाएका उदाहरण छन् प्रहरीसँग, जुन कभर्ट अपरेसनकै एउटा अंग हो । अपहरण र फिरौती असुलीको मुद्दामा नुवाकोट कारागारमा सजाय भोगिरहेका उदय सेट्ठी र अमर टन्डनले जेलभित्रैबाट फिरौती असुलेको सूचना प्रहरीले त्यहीँ खडा गरेको 'एजेन्ट' बाटै आएको थियो । थाइल्यान्ड, मलेसियासम्म सञ्जाल बनाएर जेलबाटै यो समूहले फिरौती लिने गर्थ्यो । ०६६ माघमा प्रहरीले दुवै जनाबाट मोबाइल बरामद गऱ्यो ।

बुटवलमा दुर्गा तिवारी र बलु पौडेलको हत्यारा भनिएका मनोज पुन भारतमा लुकेको स्थानको सूचनासमेत जेलबाटै प्रहरीकोमा पुगेको थियो । यसले पनि छर्लंग हुन्छ, जेलमा अनुसन्धानकर्ताले आफ्नो सञ्जाल बनाएको । कोभर्ट अपरेसनमा कानुनको बर्खिलाप पनि जानुपर्ने हुन्छ । त्यसलाई कानुनले संरक्षित गर्ने विश्वव्यापी चलन छ । तर नेपालमा एकातिर यस्तो अनुसन्धान गर्दा कानुन उल्लंघन भए के गर्ने भन्ने कानुनी पाटो अपूरो छ भने अर्कोतिर संगठनले समेत यस्ता घटनाको प्रतिवाद गर्न सकेको छैन ।

^ अनियमितताबारे अख्तियारमा परेको उजुरी

अनुसन्धानका कतिपय तथ्य यति गम्भीर हुन्छन् कि ती बाहिरिँदा सूचनादाता र अनुसन्धानकर्मी दुवैको जीवन आजीवन जोखिममा धकेलिन्छ । ढुंगेलले अनुसन्धान गरेका यस्तै संवेदनशील कागजात बाहिर छ्यालब्याल पारिदिए, उनी विरोधी खेमाका प्रहरीले । प्रहरीको अपराध अनुसन्धान विभागले यस्ता कागजात चुहाउनेउपर छानबिन गरेर रिपोर्ट बुझाउन गत जेठमा महानगरीय प्रहरी आयुक्त कार्यालय, रानीपोखरीलाई पत्राचार गरेको थियो ।

गुटबन्दीका अर्को उदाहरण हुन्, इन्स्पेक्टर रमेश बजगाईं । अन्तर्देशीय अपराध अनुसन्धानमा निपुण बजगाईं अहिले महानगरीय ट्राफिक प्रहरी महाशाखामा छन् । उनी ट्राफिकमा पुग्नुको कथा रोचक छ । डीआईजी छँदा ०७४ मा खनाल ट्राफिक महाशाखा प्रमुख थिए । सीआईबीमा कार्यरत उनलाई खनालले ट्राफिकमा ल्याउन चाहे पनि आउन मानेनन् । खनाल प्रहरी प्रमुख बनेको केही महिनापछि नै बजगाईंको सरुवा ट्राफिक महाशाखामा भयो । भारतीय समकक्षी प्रहरीसँग राम्रो सम्बन्ध भएकाले नेपालमा अपराध गरेर भारत लुक्न जाने अधिकांशलाई नेपाल ल्याउने अधिकृतमध्येका हुन्, बजगाईं ।

व्यावसायिक निष्ठामा उत्कृष्टता राख्ने भनिए पनि तथ्यले त्यस्तो देखाउँदैन । उनी आएपछि ३३ किलो सुन तस्करी प्रकरणमा समेत कोभर्ट अपरेसन चलाउने प्रहरीमाथि छानबिन भएको थियो । उनीहरू अदालती आदेशमा छुटिसकेका छन् । निर्मला हत्या प्रकरणमा पछि अनुसन्धान गर्न पुगेका सीआईबीका डीएसपी अंगुर जिसी निलम्बनमा परे, प्रमाण नष्ट गर्न सघाएको आरोपमा । उनीविरुद्धको मुद्दा कञ्चनपुर जिल्ला अदालतमा विचाराधीन छ । जिसी टिमले गरेको अनुसन्धानको ट्र्याक सही देखिएपछि खनालले पुनः जिसीलाई अनुसन्धानमा सघाउन अनौपचारिक खबर पठाएका छन् । यो यही प्रकरण हो, जसले सरकार निकै आलोचित बनेको थियो ।

आईजीपी खनाल पुस ०७५ मा पक्राउ परेका प्रदीप रावललाई सोधपुछ गर्न मध्यरातमा सीआईबी पुगेनन् मात्र, केही सञ्चारकर्मीमार्फत रावलले निर्मलाको हत्या आफूले गरेको स्वीकारेको सूचना चुहाए । "नेतृत्वले घटनाको नियमन गर्न सक्छ, अनुसन्धानमा संलग्न हुन सक्दैन," पूर्वडीआईजी मल्ल भन्छन् ।

## गैरन्यायिक हत्याका कमान्डर

आईजीपीका कार्यप्राथमिकताको ४ नम्बर बुँदामा मानव अधिकारको प्रवर्द्धन गर्ने लेखिएको छ । तर उनकै प्रत्यक्ष निर्देशनमा विप्लव समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले गैरन्यायिक हत्या गरेको रिपोर्ट सार्वजनिक भयो, ४ कात्तिकमा । *नेपाल*लाई प्राप्त राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनअनुसार विप्लव समूहले सर्लाहीस्थित बागमती नगरपालिकाका मेयर भरत थापालाई कारबाही गर्ने वक्तव्य निकाल्यो । त्यसपछि थापासहितको प्रतिनिधिमण्डलले गृहमन्त्री बादललगायतका नेकपाका उच्च नेतासँग काठमाडौंमा भेट्यो । भेटपछि नै पौडेललाई कारबाही गर्न विशेष ब्युरोबाट २६ वैशाखमा टोली खटिएको प्रतिवेदनमा उल्लेख छ । 'उक्त प्रहरी टोलीले मेयर थापालाई भेटेर सुरक्षा चुनौती विश्लेषण गरेको,' प्रतिवेदनमा भनिएको छ ।

५ असारमा पौडेललाई प्रहरीले समात्न सक्ने अवस्था हुँदाहुँदै गोली हानेको प्रतिवेदनको तथ्य खण्डमा उल्लेख छ । भनिएको छ, 'प्रहरीले मोटरसाइकलबाट ओर्लनेबित्तिकै कुनै दोहोरो संवाद नगरीकन पेस्तोलबाट कुमार पौडेललाई अन्धाधुन्ध गोली हानेको ।' *नेपाल*लाई प्राप्त अर्को तथ्यअनुसार पनि ब्युरोबाट खटिएका प्रहरीको पहिलो फोन आईजीपी खनाललाई आएको थियो । कारबाहीमा प्रदेश प्रहरीसमेत संलग्न भएको भनिए पनि उनीहरूलाई प्रक्रिया मिलाउन मात्र बोलाइएको थियो । ब्युरोबाट गएको टोलीलाई बचाउन प्रदेशका प्रहरीलाई प्रयोग मात्र गरेको आयोगको तथ्य खण्डमा उल्लेख छ । आयोगले घटनामा संलग्न र प्रत्यक्षदर्शी १९ जनाको बयान लिएर आदेश दिने अधिकारीलाई कारबाही सिफारिस गरेको हो ।

पौडेलको परिवार अहिले पनि निर्धक्क हिँड्न सकिरहेको छैन । १९ कात्तिकमा कुमारका भाइ हरिकृष्णसँग *नेपाल* प्रतिनिधिको भेट भएको थियो । झन्डै एक घन्टा कुरा गरेर निस्केको केही समयपछि नै एक अपरिचित व्यक्तिले 'घटनाबारे उसलाई किन भनेको' भन्दै केरकार

गरेको हरिकृष्णले बताए । "यो कुरा मैले मानव अधिकार आयोगमा पनि भनेको छु," उनले भने, "दाइलाई त राज्यले मार्‍यो नै, हामीलाई समेत स्वतन्त्र भएर बाँच्न नदिने भयो ।" कुमार मारिनासाथ उनलाई इलाका प्रहरी कार्यालय नवलपुरले गिरफ्तार गरेको थियो ।

## अख्तियारमा कागजात

आईजीपी खनालको प्राथमिकताको सातौं सूची हो, भ्रष्टाचारमाथि शून्य सहनशीलता । तर उनी आईजीपी बनेपछिका दुई आर्थिक वर्षमा अर्बौं रुपैयाँ भ्रष्टाचार भएको भन्दै गत भदौमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । उजुरीपछि अख्तियारले आर्थिक वर्ष ०७४/७५ र ०७५/७६ को खरिद कागजात नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । प्रहरीलाई चाहिने लत्ताकपडा, बुटदेखि भीभीआईपी सवारी साधन खरिदमा अनियमितता गरेको उजुरीमा दाबी गरिएको छ । दुवै आर्थिक वर्षमा करिब २ अर्ब रुपैयाँ अपचलन गरेको उजुरीमा उल्लेख छ ।

जय सलिना इन्टरप्राइजेज र जयश्री सप्लायर्सले ३८ करोड ७३ लाख ६० हजार रुपैयाँ बराबरको सामान ०७६ असार मसान्तसम्म आपूर्ति गरिसक्नुपर्नेमा नगरी पुरानो स्टक सामानलाई नयाँ आम्दानीमा बाँधेर देखाएर अनियमितता गरेको उजुरीमा दाबी गरिएको छ।

साथै, भीभीआईपी मोटरसाइकल खरिदमा बढी दरमा कबोल गर्ने कम्पनीलाई बोलपत्र स्वीकृत गरिएको भेटिएको आयोग स्रोतले जनाएको छ । जसअनुसार ४८ थान मोटरसाइकल किन्न २१ करोड ६० लाख रुपैयाँ खर्च भएको थियो । सार्वजनिक खरिद ऐनअनुसार कम दरमा सामान आपूर्ति गर्नेको बोलपत्र स्वीकृत गर्नुपर्छ । ०७४ मा प्रहरीको डीएमएस बुट गुणस्तरहीन हुँदाहुँदै स्वीकृत गरेर अनियमितता गरेकोसमेत उजुरी परेको छ । प्रहरीले भारत नयाँ दिल्लीस्थित एसटीएस ट्रेडिङ सर्भिसमा गुणस्तर परीक्षणका लागि जुत्ता पठाएको थियो । परीक्षणबाट उक्त जुत्ता गुणस्तरहीन रहेको पाइएको थियो, जुन ०७४ वैशाखमा भण्डार शाखामा पठाइएको थियो । गुणस्तरहीन पाइएकाले नै यी बुट अघिल्ला आईजीपी प्रकाश अर्यालले रोके पनि खनालले स्वीकृत गरिदिए ।

उजुरी परे पनि अख्तियारले प्रधान कार्यालयबाट फाइल लैजानेबाहेक केही गरेको


प्रेस विज्ञप्ती

संघीय संसद, प्रतिनिधि सभा रौतहट क्षेत्र नं. २ का निलम्बित सांसद मो. अफताब आलम पक्राउ प्रकरणमा केही अनलाईन न्यूज पोर्टलले अत्यन्त भ्रामक, तथ्यहीन र कपोकल्पित समाचार सम्प्रेषण भएकोमा जिल्ला प्रहरी कार्यालय रौतहटको गम्भिर ध्यानाकर्षण भएको छ।

यति गम्भिर मुद्दामा आधारहीन समाचार प्रकाशित गरेर ति अनलाईनले सम्मानित जिल्ला अदालत रौतहटमा विचाराधीन मुद्दालाई प्रभावित तुल्याउने कुत्सित मनशाय राखेको देखिन्छ। बहाल कानुन र विभागिय नीति, निर्देशन बमोजिम जिल्ला प्रहरी कार्यालयको क्षेत्राधिकार भित्र रहेकोले जिल्ला प्रहरी कार्यालय रौतहटले आलमलाई पक्राउ गरेको घाम जत्तिकै छर्लङ्ग छ। मुद्दालाई त्रुटिरहित, निष्पक्ष बनाउनु हाम्रो मुलभूत दायित्व हो। तर आरोपित पक्राउ लगायतको विषयमा जिल्ला प्रहरी कार्यालय रौतहट र जिम्मेवार प्रहरी अधिकारीहरु कर्तव्यच्युत भएको भन्ने आशयका साथै असम्वन्धित कार्यालय र व्यक्तिको प्रसंग सुनियोजित रुपमा जोडी केही अनलाईनहरुले प्रोपोगाण्डा गराई रहेका छन्। यस्ता तथ्यहीन, अनर्गल एवं अतिरञ्जित समाचार प्रति भ्रममा नपर्न सम्पूर्ण सर्वसाधरणमा हार्दिक अपिल गर्दछौ।

साथै यसरी गैर-जिम्मेवार बनेर भ्रमपूर्ण समाचार प्रकाशित गर्ने कार्य जारी रहेमा त्यस्ता संचार माध्यम तथा व्यक्ति बिरुद्ध सम्वन्धित निकाय मार्फत कानुनी उपचार खोज्ने व्यहोरा समेत जानकारी गराउँदछौ।

जिल्ला प्रहरी कार्यालय, रौतहट।

मिति: २०७६।०७। २३ गते।

**^ छताछुल्ल विवाद : आफताव आलमलाई प्रहरी प्रधान कार्यालयले पक्रेको बताएपछि रौतहट प्रहरीको प्रतिवाद**

छैन । स्रोतका अनुसार कैफियत नभेटिएर भन्दा पनि अख्तियारका प्रमुख आयुक्त नवीन घिमिरेको अरुचिका कारण अनुसन्धान रोकिएको हो । घिमिरेका सम्धी पूर्वडीआईजी पवन खरेलसमेत अनियमिततामा तानिने जोखिम देखिएकाले अनुसन्धानमा उल्झन देखिएको अख्तियार स्रोतको दाबी छ । खरेल ०७४ र ०७५ को केही समय प्रबन्ध शाखा प्रमुख थिए । खरिद जिम्मा यही शाखाको हो ।

## मियो मासिँदै

ठ्याक्कै १९ महिना बित्यो, खनालले प्रहरी कमान्ड सम्हालेको । तर यो अवधिमा नीति निर्माणमा महत्त्वपूर्ण मानिने पोलिसी कोअर्डिनेसन कमिटी (पीसीसी) को बैठक जम्मा १० वटा मात्रै भयो । सुरुमा खनालको पदवहालीको विषयमा बसेको थियो भने त्यसपछिका ४ वटा बैठक प्रहरी कर्मचारीको बढुवा विषयमा थियो । यो वर्ष त सात महिनामा जम्मा दुइटा मात्रै पीसीसी बैठक बस्यो । अन्तिमचोटि २६ असारपछि बैठक नबसेको चार महिना भएको *नेपाल*लाई प्राप्त पीसीसी बैठकसम्बन्धी अभिलेखबाट खुल्छ ।

२४ असोजमा प्रहरी दिवसको दिन पूर्वएआईजी यादव अधिकारीले लाइफटाइम एचिभमेन्ट अवार्ड पाए । उनीसहित २५ जना प्रहरी सम्मानित भएका थिए । तर अवार्ड पाउने निर्णय पीसीसीबाट भएको थिएन । जबकि यस्ता निर्णय यसअघि पीसीसीबाट गरिने चलन थियो । आईजीपीको एकल निर्णयबाट अवार्ड बाँडिएपछि अधिकारीले आफ्ना पूर्वसहकर्मीबाट बधाईभन्दा बढी गुनासो पाए ।

यसको कारण हो, पीसीसीलाई छलेर गरेको अवार्ड दिने निर्णय यादवले स्वीकार्नु । पीसीसी प्रहरीको पूर्वएआईजी देवेन्द्र सुवेदीका अनुसार पीसीसी प्रहरीको दैनिक कार्यमा प्रभावकारिता र सामूहिक नेतृत्वको भावना विकास गराउन ल्याइएको हो । प्रहरीमा पीसीसीको अवधारणा ०५९ मा श्यामभक्त थापा आईजीपी बन्नु केही समयअघि आएको हो । रणनीतिक योजना बनाउन बनेको त्यो समितिमा सुवेदीले समेत काम गरेका थिए । नीति बनाउन र विभागहरूबीच समन्वय गर्न यसको परिकल्पना गरेको थियो ।

श्यामभक्त आईजीपी बनेपछि यो समितिलाई सक्रिय बनाए । ०७१ मा आएको नयाँ प्रहरी नियमावलीले भने नीति निर्माण समिति नाम दिएर पीसीसीलाई समेट्यो, जसको अध्यक्ष आईजीपी, सबै एआईजी र उपत्यकाका डीआईजी सदस्य रहन्छन् भने सचिवालयका डीआईजी सदस्य सचिव हुन्छन् । यसबाहेक विषयवस्तुअनुसार आमन्त्रित सदस्यसमेत हुन सक्छन् । "हरेक विभागले आ-आफ्नो नीति, योजना बनाएका हुन्छन् । एउटा विभागको योजना, नीतिले अर्कोमा असर गरिरहेको हुन सक्छ, त्यसैले यस्ता कुरा सबैबीच छलफल भएर आउनुपर्छ," सुवेदी भन्छन्, "संगठनको प्रमुख आईजीपी भए पनि संगठन आईजीपी मात्र होइन । निर्णयमा सबैको सहभागिता चाहिन्छ ।" यसबारे जिज्ञासा राख्दा प्रवक्ता पोखरेल आफूलाई खनाल आईजीपी भएपछि कति बैठक बसे भन्ने जानकारी नभएको भन्दै पन्छिए । जबकि उनी पीसीसीका सदस्य सचिव हुन् ।

एक पूर्वआईजीपीका अनुसार पीसीसीको निर्णय भनेर गृह मन्त्रालयमा पठाउँदा त्यसको अर्थ र दबाब नै ठूलो हुन्छ । गृहलाई समेत गर्नैपर्ने दबाब महसुस हुन्छ । तर १९ महिनाका पीसीसी बैठकमा कहिल्यै प्रहरीका रणनीतिक योजनाबारे कुरा नभएको एक डीआईजी बताउँछन् । संघीयतामा प्रहरी कर्मचारीको समायोजन नीतिबारे पनि कुरा उठेको छैन ।

*नेपाल*ले आईजीपी खनालसँग पटक-पटक सम्पर्क गर्दा अस्वस्थताका कारण कुरा गर्न असमर्थ भएको बताए ।

दुई तिहाइ जनमत पाएकाले वर्तमान सरकारको आयु तुलनात्मक रूपमा लामो छ । स्थायी सरकार भएकाले प्रहरीले संगठनात्मक सुधारका थुप्रै काम गर्ने अवसर छ । चुनाव, आन्दोलनजस्ता अस्थिरताको सूचक केही छैन । बरु व्यावसायिक प्रहरी धमाधम कारबाहीमा पर्न थालेपछि १० वर्षे द्वन्द्वकालमा भन्दा बढ्ता प्रहरीको मनोबल गिरेको छ । काम गर्ने स्वर्णिम बेला आन्तरिक सुरक्षा दायित्व बोकेको प्रहरी संगठन लथालिंग र विवादित बन्दै गइरहेको छ । "यी सबै संगठनलाई ठूलो रोगले च्यापेको द्योतक हुन्," पूर्वडीआईजी मल्ल भन्छन् । ने

# दसगजामै भारतीय चेकपोस्ट

## सिमानाको असली सिपाही हामी नै हौं : नागरिक

सिरहा, भगवानपुर गाउँपालिका-४ ठाडीको दसगजामा भारतीय कस्टम चेकपोस्ट

**राजकुमार राउत**/लहान

नेपाल-भारत अन्तर्देशीय सीमारेखा अन्तर्गतको सिरहा भगवानपुर गाउँपालिका-४ ठाडीमा भारतीय पक्षले दसगजामै वर्षौंदेखि भारतीय अर्धसैनिक बल (एसएसबी) र कस्टम चेकपोस्ट सञ्चालन गर्दै आएको छ । यति मात्र होइन, भारतीय नागरिकले नेपालतर्फ आधा दर्जनभन्दा बढी पसल सञ्चालन गरेका छन् ।

अन्तर्राष्ट्रिय नियमअनुसार द्विदेशीय सीमा छुट्याउन गाडेको स्तम्भदेखि २० मिटर उत्तर र २० मिटर दक्षिणको खाली भूभाग दसगजामा कुनै पनि देशले संरचना ठड्याउन पाउँदैन । दसगजा क्षेत्रमा कुनै किसिमको सीमा विवाद, सीमास्तम्भ मर्मतसम्भार वा नयाँ निर्माण गर्नु परे दुवै देशको सहमतिमा सरोकारवाला निकाय बसेर त्यसको निदान गर्नुपर्छ ।

भारतीय पक्षले ठाडीमा रहेको सशस्त्र बोर्डर आउट पोस्ट, इलाका प्रहरी कार्यालयबाट डेढ सय मिटर तथा भन्सार कार्यालयबाट सय मिटरको दूरीमा नेपाली सीमा मिचेर निर्माण गरेको कस्टम र एसएसबीको सुरक्षा जाँच पोस्ट छ । तर त्यहाँ सीमा मिचेकोबारे सशस्त्र र जनपद प्रहरी नै बेखबर छन् । बरु स्थानीयले आफ्नो भूमिको पहरेदारी गरिरहेका छन् । स्थानीय समाजसेवी श्रीलाल पासवान भन्छन्, "भारतले जति सीमा मिच्यो-मिच्यो तर हामी ठाडीबासीले ४० वर्षदेखि त्यसको रक्षा गर्दै आएका छौं । राज्य अहिलेसम्म केही बोलेको छैन ।"

०७५ फागुनमा एसएसबीले नेपालको सीमामा स्वागतद्वार निर्माण गर्न रातारात जेसीभी लगाएर स्तम्भ गाडेको थियो । सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट ठाडीका तत्कालीन प्रमुख सशस्त्र प्रहरी निरीक्षक कैलाश कटुवालले स्थानीयलाई भेला गरेर नेपाली सीमाको रक्षा गर्न आग्रह गरे । त्यसपछि ठाडीबासीले संयुक्त रूपमा स्वागतद्वार निर्माण नगर्न एसएसबीलाई चेतावनी दिएपछि स्थगित भयो ।

स्वागतद्वार निर्माणमा स्थानीयबाट भएको अवरोधको एक सातापछि सिरहाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितसहितको टोलीले ठाडी सीमाको निरीक्षण गर्‍यो । तर उक्त टोली कसैसँग सोधपुछ नगरी त्यसै फर्किएको स्थानीय शिक्षक अशोक सिंह सुनाउँछन् ।

स्थानीय शंकर साह एसएसबीले दादागिरी देखाएर सीमामा स्वागतद्वार बनाउन खोज्दा नजिकै रहेको सशस्त्र र जनपद प्रहरी केही पनि नबोलेको बताउँछन् । भन्छन्, "स्थानीयको प्रतिरोधकै कारण एसएसबीले स्वागतद्वार बनाउन खनेको खाल्डो पुर्‍यो । हामीले सीमा अतिक्रमण भएको खबर तत्कालै गृहमन्त्री, मन्त्री, जनपद र सशस्त्रका आईजीपीलाई गरायौं । तर उनीहरूले सीमा समस्या भनेको स्थानीयकै भएकाले स्थानीय प्रहरीलाई भन्नू भन्ने जवाफ दिए ।"

लगडीगढयानीमा राज्यको कुनै सुरक्षा निकायको उपस्थिति छैन । भारतीयले रातरात नेपालको सीमास्तम्भ गायब पार्ने हुँदा स्थानीय एकजुट भएर सीमाको सुरक्षा गर्दै आएको लगडीगढयानीका पूर्वसचिव देवनारायण यादवको भनाइ छ ।

हाल सञ्चालनमा रहेको भारतीय कस्टम चेकपोस्टसम्म साविकको भगवानपुर गाउँपालिका- ३ को २४७ र २४८ नम्बर कित्ता जमिन आफ्नो भएको शिक्षक अशोक सिंहको दाबी छ । उक्त स्थानमा पानी निकासाका लागि चन्दा संकलनबाट निर्माण गरेको कल्भर्टसमेत भारतीयले दाबी गरिरहेको स्थानीयको गुनासो छ ।

ठाडीमा मात्र होइन, सिरहाको सिरहा नगरपालिका-२० को लगडीगढयानीमा भारत बिहार मधुवनी जिल्लाको लगडीपदमा ग्राम पञ्चायतका ज्ञानी मुखियाको घरको आँगनमै नेपालको जंगे पिलर छ । त्यहाँ सीमा मिचेर भारतीयले डेढ सयभन्दा बढी घरटहरा निर्माण गरेको पूर्वसचिव यादव बताउँछन् ।

सिरहाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीका अनुसार जिल्लाको ठाडी, लगडीगढयानी, माडरमा सीमा मिचिएको छ । भन्छन्, "सीमा समस्या दुई देशका सरकारको भएको हुँदा स्थानीय प्रशासनले यसमा केही गर्न सक्दैन । भारतीय पक्षले ठाडीमा सीमा मिचेकोबारे गृह मन्त्रालयलाई पत्राचार गरिसकेका छौं ।" ने

# ४ हराए, ४ ढले

## दुई खोलाको बाढीको चपेटामा परेका सीमास्तम्भ मर्मतसम्भारमा सरकारी बेवास्ता

**मनोज पौडेल**/ठकुरापुर (कपिलवस्तु)

वियजनयर गाउँपालिका-५, ठकुरापुरमा ४ महिनाअघि बाढीको भेलमा हराएका ४ सीमास्तम्भ अझै फेला परेका छैनन् । बाढीले ढालेका ४ सीमास्तम्भ अझै ठडिन सकेका छैनन् ।

२८ असारको बाढीले सुदूरपश्चिमको सीमा छुट्याउँदै बगेका दुई खोलाका ८ सीमास्तम्भ प्रभावित भए पनि मर्मतसम्भार हुन सकेको छैन । एक सीमास्तम्भ अर्रा खोलामा क्षतिग्रस्त बनेको छ । ठकुरापुरका रामबहादुर थापा भन्छन्, “पानीको भेलले सार्दै लगेको छ । पछि यही कुराले विवाद बढ्छ । त्यही भएर अहिले नै सतर्कता अपनाई हराएका र ढलेका सीमास्तम्भ उठाउन ढिलो गर्नुहुन्न ।”

वियजनयर गाउँपालिका-५, ठकुरापुर र भारतको बलरामपुर जिल्ला गिद्धहवा सीमामा रहेको पिलर नं ५७८/७ ढलेको छ । त्यसको डेढ किमि उत्तर पिलर नं ५७८/१० पनि ढलेको छ । पिलर नं ५७८/७ को २ किमि दक्षिण दुइटा पिलर ढलेका छन् । उक्त गाउँपालिकाको वडा-६ गेडुवाजोत र भारत प्रतापपुरको सीमा रहेको पिलर नं ५७७/७ र ५७७/९ ढलेका छन् । ५७७/९ नम्बर पिलर तेस्रो परेर बालुवा र पानीमा धसिएको छ । आधी भाग मात्र देखिन्छ ।

“त्यही नजिक रहेको ५७७/७ नं पिलर देखिएको छैन,” बिओपी, डालपुरका सशस्त्र प्रहरी निरीक्षक अनिरुद्ध हजारा भन्छन्, “बाढीले बगाएको हुन सक्छ ।” आफूहरू दैनिकजसो पुगेर निरीक्षण गर्दै फर्किने गरेको उनी बताउँछन् । पानीमाथि आएको ५७७/६ नं पिलरको जग कुनै पनि बेला ढल्न सक्छ । त्यस्तै, विजय नगरपालिका-१ अर्रा खोलाको चमरका जंगलमा ५८७/७ नम्बरको स्तम्भ क्षतिग्रस्त बनाएको छ । टुप्पो भाँचिएको छ । ठूल्ठूला बोल्डर लागेर भाँचिएको र स्तम्भ पनि सरेको अनुमान गरिएको छ । जिल्लाकै विकट मानिने जुवाबैराठ गाउँबाट एक घन्टा पैदल हिँडेर उक्त ठाउँ पुगिन्छ ।

कृष्णनगर नगरपालिका-१२, भगवानपुरमा पनि बाढीका कारण दुई सीमास्तम्भ हराएका छन् । वियजनयर गाउँपालिका-५, ठकुरापुरका हरिराम यादव हराएका स्तम्भ छिट्टै पुनः स्थापित गर्न लागिहाल्नुपर्ने बताउँछन् । भन्छन्, “पानीको भेलले सार्दै लगेको छ । नापी विभाग आएर ढलेका र हराएका सीमास्तम्भ उठाउन ढिलो गर्नुहुन्न ।”

जिल्लाकै ठूला खोलामा पहाडतिर थोरै पानी पर्नासाथ बहाव तीव्र हुन्छ र स्तम्भ ढल्ने अवस्थामा पुग्छन् । कमजोर फाउन्डेसनका कारण स्तम्भ ढलेका र हराएको वडा-७ का अध्यक्ष दिनेश चौधरी बताउँछन् । भन्छन्, “आधी मिटर पनि फाउन्डेसन छैन, त्यही भएर अडिएनन् । दुई देशको सीमास्तम्भजस्तो संवेदनशील कुरामा कम्तीमा ३-४ मिटर गहिरो फाउन्डसेन बनाएको भए केही हुन्थेन ।”

गत वैशाखमा मात्र मर्मत गरी गाडिएका खोलामै रहेका सीमास्तम्भ २ महिना नपुग्दै ढलेको चौधरीको भनाइ छ । स्तम्भ मर्मत ढिलो भइरहेकामा चिन्तित स्थानीयले सक्दो छिटो पुनः स्थापित गर्न माग गरेका छन् । ठकुरापुरका अजय चौधरी सरकार राष्ट्रियताप्रति संवेदनशील नभएको बताउँछन् । भन्छन्, “सानोतिनो बाढी आउनासाथ अहिले ढलेका स्तम्भ बगाउने अवस्था छ ।” हराएका पिलर जहाँ गाडिएका थिए, त्यहीँ गाड्न प्राविधिक टोली छिटो आउनुपर्ने स्थानीय राजेन्द्र यादव बताउँछन् । “सीमास्तम्भ ढलेको ठाउँबाट बगेर ठाउँ सर्न थालेका छन्,” यादव भन्छन्, “यो संवेदनशीलतालाई बुझ्नुपर्छ ।”

सीमास्तम्भ रेखदेख जिम्मा पाएको सशस्त्र प्रहरीका प्रमुख उपरीक्षक जनकराज पुरीका अनुसार बाढीले हराएका र ढलेका सीमास्तम्भको विस्तृत विवरण विभागमा पठाइसकिएको छ । ती ठाउँको नियमित अनुगमन भइरहेको छ । हराएका स्तम्भ खोज्दा नभेटिएको जानकारी गृह मन्त्रालयमा पठाइसकेको कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठ बताउँछन् । भन्छन्, “सक्दो छिटो पुनः निर्माण हुन्छ ।” ने

मनोज पौडेल

ठकुरापुर र भारतको बलरामपुर जिल्ला गिद्धहवा सीमामा ढलेको पिलर नं ५७८/७

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np

# नेपाल

राष्ट्रिय साप्ताहिक

समसामयिक विषयवस्तुको वृत्तान्त
नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट

www.nepalmag.com.np

GET IT ON Google Play

Available on the App Store

कालापानी
बहस- २

# कालापानीमा ओलीको

सामरिक दृष्टिले महत्त्वपूर्ण र संवेदनशील मानिने लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्रको करिब ३७० वर्गकिमि अतिक्रमण गरिएको नेपाली भूमि भारत सरकारद्वारा सार्वजनिक विवादास्पद नयाँ नक्सामा भारतीय भूमिको रूपमा उल्लेख गरेपछि ७ दशक पुरानो सीमा विवाद पुनः बल्झिएको छ। सन् १८१६ को मार्चमा भएको सुगौली सन्धि, नेपाल र तत्कालीन ब्रिटिस-इन्डिया सरकारबीच आदान-प्रदान भएका ऐतिहासिक दस्तावेज र अन्तर्राष्ट्रिय कानुनले अतिक्रमित भूमि नेपाली भूमि भएको प्रमाणित भइसकेको छ । तर भारतद्वारा अतिक्रमित भूमिलाई भारतको नक्सामा समेत गभिएपछि नयाँ विवाद हुनु स्वाभाविक हो । सन् १९५० लगायत भारतसँग भएका सबै असमान सन्धि खारेज गरी नयाँ सन्धि गर्ने तथा सबै सीमा विवाद समाधान गरी नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वतन्त्रता र स्वाधीनताको रक्षा गर्ने संकल्पका साथ प्रधानमन्त्री भएका केपी ओलीलाई सीमा विवाद समाधान गर्ने चुनौती र अवसर सिर्जना भएको छ ।

नेपाल, भारत र चीनबीच त्रिकोणात्मक सीमा कालापानी क्षेत्रको सामरिक महत्त्व भएको कारणले सन् १९६२ को चीनसँगको युद्धको समयमा भारतले कब्जा गरी अर्धसैनिक बल तैनाथ गरेको तथ्य घामजत्तिकै छर्लंग छ । भारतले सीमा अतिक्रमण मात्रै होइन, नेपालको सार्वभौमिकतामाथि समेत अतिक्रमण गरेको छ। भारतको विवादास्पद नक्सा सार्वजनिक भएपछि उसको अतिक्रमणकारी प्रवृत्तिविरुद्ध तथा भौगोलिक अखण्डता तथा सार्वभौमिक स्वतन्त्रताको पक्षमा अहिले नेपाली समाज आन्दोलित छ। सरकार, राजनीतिक दल, नागरिक समाज सबैले एक स्वरले अतिक्रमित भूमि फिर्ता गर्न भारतसँग माग गर्दै नेपालको भौगोलिक अखण्डताको रक्षा गर्न नेपाल सरकारलाई खबरदारी गरिरहेका छन् । सरकारद्वारा आह्वान गरिएको सर्वदलीय बैठकमा प्रतिपक्षी कांग्रेसलगायत सम्पूर्ण दलले उच्चस्तरीय कूटनीतिक संवादमार्फत अविलम्ब सीमा विवाद समाधान गर्न निर्देश गर्दै सरकारको कदमलाई पूर्ण समर्थन गर्ने सर्वसम्मत निर्णय गरेका छन् ।

भारतले विवादास्पद नक्सा सार्वजनिक गरेको करिब दुई साता भइसक्यो । तर भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्य र भारतीय विदेशमन्त्री विजयकेशव गोख्लेको बैठक, २३ कात्तिकको सर्वदलीय बैठक र २० कात्तिकको परराष्ट्र मन्त्रालयबाट जारी गरिएको बेनामे विज्ञप्तिबाहेक सीमा विवाद सम्बन्धमा हालसम्म ओली सरकारले कुनै

गेजा शर्मा वाग्ले

पनि ठोस नीतिगत निर्णय र कूटनीतिक पहल गरेको छैन। नेपालको सीमा अतिक्रमण र सार्वभौमसत्ताजस्तो संवेदनशील विषयमा पनि 'राष्ट्रवादी' सरकारको रहस्यमय मौनता किन ? भारतसँग कूटनीतिक पहल र संवादका लागि ओलीले अहिलेसम्म कुन साइत पर्खेर बसेका छन् ? के सरकारले अझै पनि नेपथ्यमा राजनीतिक तथा कूटनीतिक जोड-घटाउ गरिरहेको छ ? यदि हो भने नेपाल र नेपालीका लागि त्योभन्दा ठूलो दुर्भाग्य अरू के हुन्छ ?

नेपालसँग भएका प्रमाण र अन्तर्राष्ट्रिय कानुनअनुसार लिम्पियाधुरादेखि नेपालको सीमा कायम गरी भारतसँगको सीमा विवाद सधैँका लागि अन्त्य गर्नु सरकारको अनिवार्य राष्ट्रिय दायित्व हो। उक्त दायित्वबाट च्युत भए भने ओलीलाई इतिहासले क्षमा गर्ने छैन। सीमा विवाद सम्बन्धमा भारतसँग संवाद गर्न यति व्यापक राजनीतिक समर्थन तथा जनताको भावनात्मक विश्वास हालसम्म नेपालका कुनै पनि सरकार र प्रधानमन्त्रीले पाएका थिएनन्। नाकाबन्दी र अहिलेको नक्सा प्रकरणले नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सार्वभौमिक स्वतन्त्रता रक्षाको दृष्टिले राष्ट्रिय जागरणको विशिष्ट परिवेश सिर्जना भएको छ । नाकाबन्दीको समय नेपालको जनमत केही हदसम्म विभाजित थियो र राजनीतिक दलहरू पनि विभाजित थिए। तर अहिले अभूतपूर्व राष्ट्रिय सहमति भएको छ। यसले नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता र सार्वभौमिक सत्ता थप भावनात्मक र बलियो बनाएको छ। भारतसँग सीमा विवाद समाधान गर्ने यति अनुकूल अर्को अवसर नेपाललाई कहिल्यै सिर्जना हुने छैन। त्यसैले ओलीले चुनौती र दुर्लभ ऐतिहासिक अवसर दुवै एकैपल्ट पाएका छन् । के ओलीले चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सक्लान् ?

यदि सरकारले गम्भीर गृहकार्य गरी दृढतापूर्वक भारतसँग 'नेगोसियसन' गर्‍यो भने विवाद समाधानको सूत्र सरल पनि छ। सुगौली सन्धिमा काली नदी नै नेपाल-भारतको सीमा नदी भएको स्पष्ट रूपमा उल्लेख गरिएको छ। उक्त वास्तविकतालाई भारत स्वयंले पनि स्वीकारेको छ। त्यसैले काली नदीको उद्गमस्थलबारे निर्क्योल गर्न नेपाल सफल भयो भने अहिलेको सीमा विवाद सधैँका लागि समाधान हुनेछ। किनभने लिम्पियाधुरा नै काली नदीको उद्गमस्थल हो। आफूसँग भएका ऐतिहासिक दस्तावेज, तथ्य र प्रमाणका आधारमा उक्त वास्तविकता पुष्टि गर्न कूटनीतिक कौशल र प्राविधिक क्षमताका साथ नेपाल भारतसँगको 'नेगोसियसन' मा प्रस्तुत हुनुपर्छ र उसलाई 'कन्भिन्स' गर्न सक्नुपर्छ। योभन्दा श्रेष्ठ विकल्प नेपालसँग छैन।

# अग्निपरीक्षा

ओलीले मोदीसँग अविलम्ब उच्चस्तरीय वार्ता गर्नुपर्छ र कूटनीतिक संवादको प्रक्रियाद्वारा सीमा विवाद समाधान गर्न अधिकतम प्रयास गर्नुपर्छ ।

कूटनीतिक संवाद र 'नेगोसियसन' राजनीतिक सट्टाबजारको खेलजस्तो होइन । दुई तिहाइको दम्भ, जनवादी मादकता र ओलीको हचुवा शैली गैरकूटनीतिक प्रवृत्ति हुन् । उक्त वास्तविकतालाई ओलीले आत्मसात गर्नु अपरिहार्य छ । त्यसैले भारतसँग सीमा विवाद समाधानका सम्बन्धमा ओलीले दुइटा सन्दर्भबाट शिक्षा लिनु स्वयं उनकै राजनीतिक स्वास्थ्यका लागि लाभदायक होला ।

पहिलो- ५९ वर्षअघि मार्च १९६० मा चीन भ्रमणमा रहेका दूरदर्शी राजनेता एवं नेपालका तत्कालीन प्रधानमन्त्री बीपी कोइराला र चीनका अध्यक्ष माओबीचको कूटनीतिक संवाद र समाधानको सूत्र । अहिले भारतसँग कालापानीजस्तै त्यतिबेला चीनसँग पनि सगरमाथा सीमा विवाद थियो । तर चीन भ्रमणका क्रममा बीपी र माओबीच शीर्ष तहमा भएको संवादमा बीपीले उच्च कूटनीतिक कौशलसाथ

माओलाई 'कन्भिन्स' गरेपछि सगरमाथा विवाद नेपालको प्रस्तावअनुरूप समाधान भएको थियो । बीपी र माओबीचको उक्त दुर्लभ ऐतिहासिक संवादको विस्तृत दस्तावेज चिनियाँ परराष्ट्र मन्त्रालयद्वारा सन् २०१४ मा प्रकाशित *माओत्सेतुङ अन डिप्लोमेसी* पुस्तकमा प्रकाशित गरिएको छ । के केपीले बीपीबाट शिक्षा लिएर भारतसँगको सीमा विवाद अन्त्य गर्न सफल होलान् ?

दोस्रो- सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्र भएको बंगलादेशसँग पनि स्थापनाकालदेखि नै भारतको सीमा विवाद थियो । तर सघन गृहकार्यमार्फत बंगलादेशले राजनीतिक, कूटनीतिक र प्राविधिक गरी तीनै तहमा भारतसँग प्रभावकारी 'नेगोसियसन' गर्दै आइरहेको थियो । त्यसैले भारतीय प्रधानमन्त्री मोदीको सन् २०१४ को बंगलादेश भ्रमणको क्रममा बंगलादेशको प्रस्तावलाई स्वीकार गर्दै भारत सीमा विवाद समाधान गर्न तयार भएको थियो । जसरी भारतले उदारतापूर्वक बंगलादेशसँगको सीमा विवाद समाधान गरेको थियो, त्यसरी नै नेपालसँग किन गर्न सक्दैन ? त्यसैले बंगलादेशसँगको सीमा विवाद र समाधानको नजिरबाट शिक्षा लिएर नेपालले गम्भीर गृहकार्य गरी भारतसँग उच्च मनोबल, दृढ अडान र आत्मविश्वासका प्रस्तुत हुनुपर्छ ।

भारतीय प्रधानमन्त्री मोदीको सन् २०१४ को पहिलो नेपाल भ्रमण अवसरमा सीमा विवाद समाधान गर्न दुवै देशका सचिवस्तरीय समिति बनेको थियो । उक्त समिति गठन भएको ६ वर्षसम्म हालसम्म एउटा पनि बैठक बसेको छैन । तर भारतले एकलौटी नक्सा सार्वजनिक गर्‍यो, किन ? यो भारतको मिचाहा र एकलौटी प्रवृत्ति हो कि होइन ? अहिलेको प्रचलित भाषामा विवादित भूमि भनिएको छ । तर यो विवादित होइन, अतिक्रमित भूमि हो । त्यसैले नेपाल सरकार, राजनीतिक दल र सञ्चार माध्यमले अतिक्रमित भूमि भन्नुपर्छ ।

०४६ पछि सीमा विवादका मुद्दा पटक-पटक उठे तर उक्त समाधान नभई सेलाए । अहिले समाधान गर्ने उपयुक्त घडी आएको छ । यसपल्ट नेपालले भारतको मिचाहा र अतिक्रमणकारी प्रवृत्तिलाई ठोस जवाफ दिनुपर्ने आवश्यकता छ । तर उत्तरी छिमेकी चीनसँग नेपालले बहुचर्चित रणनीतिक साझेदारी गरेपछि कूटनीतिक वृत्तमा गम्भीर बहस भइरहेको घडीमा आकस्मिक रूपमा देखिएको भएको सीमा विवादले भारतसँग कूटनीति सम्बन्ध चिसिन सक्ने सम्भावना उच्च देखिन्छ । सम्भवतः अहिलेको विवादास्पद नक्सा प्रकरण पनि संयोग मात्रै नहुन सक्छ । त्यसैले ठोस परिस्थितिको ठोस विश्लेषण गरी नेपालले उपयुक्त नीति तथा कूटनीति अनुसरण गर्नुपर्ने अर्को जटिल परिवेश पनि सिर्जना भएको छ । तर हालसम्म पनि ओलीले भारतीय समकक्षीसँग सीमा विवाद सम्बन्धमा संवाद गरेका छैनन् । ओलीले भारतीय प्रधानमन्त्री मोदीसँग शीर्ष तहमा संवाद गरी नयाँ दिल्लीस्थित नेपाली दूतावासमार्फत विवादास्पद नक्साबारे भारतलाई ध्यानाकर्षण वा असहमतिपत्र पठाइसक्नुपर्ने थियो । ओलीले मोदीसँग अविलम्ब उच्चस्तरीय वार्ता गर्नुपर्छ र कूटनीतिक संवादको प्रक्रियाद्वारा सीमा विवाद समाधान गर्न अधिकतम प्रयास गर्नुपर्छ । भारतले पनि विवादास्पद नक्सा फिर्ता लिनुपर्छ र नेपालसँग वार्तामा आउनुपर्छ । यदि कूटनीतिक संवादको प्रक्रियाद्वारा समाधान गर्न भारत तयार भएन भने नेपालले उक्त मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ । के ओलीले उक्त निर्णायक पहल गर्न सक्लान् ? त्यसैले 'राष्ट्रवादी' ओलीको अग्निपरीक्षाको घडी हो, अहिले । ने

@GejaWagle

कालापानी बहस-३ मा अर्को साता

*कालापानी अतिक्रमण : नेपालसँग उपलब्ध विकल्प र अन्तर्राष्ट्रियकरणको अन्तर्राष्ट्रिय अनुभव*

**टीका ढकालको लेख**

कालापानी
बहस- २

# कालापानी कलहपछि

चन्द्रदेव भट्ट

भारतले नेपालमाथि पछिल्लो नाकाबन्दी लगाएको चार वर्षमै द्विदेशीय सम्बन्ध फेरि अप्ठेरो मोडबाट गुज्रिरहेको छ । वैदिक सनातन धर्मका अनुयायी यी दुई मुलुकबीचको सम्बन्ध अहिलेकै स्थिति कायम रहे भोलिका दिनमा कसरी अघि बढ्ला भनी आकलन गर्न अप्ठेरो छैन। त्यसो त नेपाल-भारत सम्बन्ध आधुनिक राज्य व्यवस्था सञ्चालन गर्न अगाडि सारिएको शासन प्रणाली अँगालेपछि त्यति सहजसँग अगाडि बढेको देखिँदैन। यसले यी देशलाई हजारौं वर्षदेखि एकैसाथ राख्न सफल वैदिक सनातन धर्म पनि पछिल्ला दिनमा कमजोर हुँदै गएको छ । यस पछाडिका धेरैमध्ये प्रमुख कारण सन् १९४५ देखि विकास भएको अर्थराजनीति हो । यो अर्थराजनीतिले राज्य-राज्यबीच परस्पर निर्भरताभन्दा सबैको निर्भरताको केन्द्र एउटै हुन आउँछ, जसले एउटै सभ्यता र संस्कृति भएका मुलुकलाई पनि फरक कित्तामा उभ्याइदिने र सम्बन्धलाई परिभाषित गर्ने मानक भावनामा आधारितभन्दा तथ्यगत र प्रामाणिक रूपमा अगाडि ल्याएको देखिन्छ । सभ्यतामूलक राज्यहरू राष्ट्र-राज्यमा परिणत हुन्छन् । यसले सम्बन्धलाई तथ्यगत र प्रामाणिकताको आधारमा परिभाषित गर्छ, त्यस्ता सम्बन्धलाई व्यवस्थापन गर्न फरक किसिमको क्षमता, कर्ता र सीपको आवश्यकता पर्छ। धेरैजसो मुलुकमा यसको अभाव देखिन्छ किनकि यसले हामीलाई विवेकभन्दा वैज्ञानिकताबाट निर्देशित हुन बाध्य गर्छ । इतिहासको कालखण्डसँगै यो क्षेत्रमा धेरै परिवर्तन भए। तर केही कुरा आजसम्म परिवर्तन भएका छैनन्। धर्म र आस्थामा बढी विश्वास गर्ने पूर्वी गोलार्द्धका मुलुकहरू र त्यसमा पनि नेपाल, भारतजस्ता राष्ट्रलाई एकैचोटि यतातिर डोऱ्याउन अप्ठेरो हुन्छ। नेपाल-भारत सम्बन्ध नै तलमाथि पर्न जाने यी केही सैद्धान्तिक पक्ष हुन् तर यसको अतिरिक्त व्यावहारिक पक्ष पनि छन् । सिमाना जोडिएका छिमेकी भएकाले बेलाबेला समस्या देखिनु स्वाभाविक हो । सिमानालगायत पानीपँधेरोको समस्या छिमेकीसँगै हुन्छन्। नेपाल-भारतको सम्बन्धमा कलह ल्याउने लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई त्यसैको उपज पनि मान्न सकिन्छ। तर कालापानी समस्या त्योभन्दा फरक हो। यो विवादले दुई देशबीच सम्बन्ध फेरि ओरालो लागेको छ।

सन् १८१६ को सुगौली सन्धिले नेपालको अहिलेको सरहद कायम गरेको हो। यो सन्धिले नेपाल-भारतबीचको सिमाना पनि प्रस्ट्याउँछ । नेपाल-भारत सीमा विवाद माथि भनेजस्तै कुनै नौलो होइन । सबैलाई थाहा छ, कालापानीको कलह नेपाल-भारतले पहिलोचोटि सामना गरिरहेका छैनन्। यो समस्याको वृक्षारोपण सन् १९५१ को हाराहारीदेखि मूलतः भारत स्वतन्त्र र चीनमा साम्यवादी व्यवस्था सुरुआतसँगै भएको देखिन्छ । त्यतिबेलादेखि नै यो क्षेत्र मात्र होइन, उत्तरी हिमाल रणनीतिक महत्त्वमा परिणत भइसकेको थियो । भारत र चीनबीचमा यो क्षेत्रलाई लिएर अघोषित शीतयुद्ध सुरु भइसकेको थियो । सन् १९६२ मा त अघोषित शीतयुद्धमै रूपान्तरण भयो । नेपाली शासकहरूले यो क्षेत्रको गहनता महसुस गरेका थिए वा गर्न चाहेनन्, त्यसै भन्न सकिँदैन। तर केचाहिँ सत्य हो भने नेपाली शासकले काठमाडौँबाहिरको क्षेत्रलाई उति गम्भीरतापूर्वक कहिल्यै पनि लिएको देखिँदैन । आजसम्म काठमाडौँ केन्द्रित विकास, 'कनेक्टिभिटी' काठमाडौँ निर्देशित विद्वता र राजनीति यसको ज्वलन्त उदाहरण हो । अरू क्षेत्र आजका दिनसम्म यस्ता अवसरबाट वञ्चित नै छन् भन्दा अतिशयोक्ति नहोला।

काठमाडौँले गम्भीर रूपले लिएको भए कुमाउ-गढवालमाथिको नेपाली स्वामित्व गुम्ने थिएन । सत्ता टिकाउनका लागि जे पनि गर्ने प्रवृत्तिले नेपाली जनताले दुःख पाउँदै आएका छन् र राष्ट्रिय महत्त्वका विषय ओझेल पर्न गएका छन् । त्यसो त सुदूरपश्चिम क्षेत्र आजका दिनसम्म गोर्खाली शासकहरूको नजरमा त्यति छिट्टै पर्दैन। कालापानीजस्तो विकट क्षेत्र प्राथमिकतामा पर्ने कुरै भएन। प्राथमिकतामा परेको भए अरू सबै ठाउँमा भएका भारतीय चेक पोस्ट हट्ने र यहाँको मात्र रहने थिएन होला। अहिले आएर पटक-पटक २०१८ सालमा गरेको जनगणनालाई मात्र प्रमाणको रूपमा सारेर कालापानी हाम्रै हो भन्ने तर्क अगाडि ल्याउनु यो क्षेत्रप्रति गरेको अर्को लापरबाही हो । ०१८ देखि ०६८ सम्म धेरैचोटि जनगणना भइसकेका छन् तर २०१८ पछि त्यो क्षेत्र पटक्कै छाडेको देखिन्न । जनगणना पनि भएको पाइँदैन। अर्को पक्ष जनगणनालाई मात्र प्रमाणको रूपमा ल्याउनु पनि कमजोर तर्क हो जबकि माथि भनेजस्तै यो विषय सुगौली सन्धिले नै निर्क्योल गरिसकेको छ। हामीसँग नक्सा नभए पनि ब्रिटिस भूगर्भशास्त्रीहरूले प्रकाशमा ल्याएका नक्साहरू प्रमाणको रूपमा आफैँ बोल्छन् ।

त्यसो त पञ्चायती व्यवस्थाको ३० वर्ष नेपाल-भारतबीचका संवेदनशील पक्षलाई अगाडि बढाएको पाइँदैन।

# नेपाल–भारत सम्बन्ध

सरोज बैजु

धर्म र आस्थामा बढी विश्वास गर्ने पूर्वी गोलार्द्धका मुलुकहरू र त्यसमा पनि नेपाल, भारतजस्ता राष्ट्रलाई एकैचोटि यतातिर डोर्‍याउन अप्ठेरो हुन्छ ।

त्यतिबेलाका शासकहरू पनि सत्ता जोगाउनमै व्यस्त देखिन्छन् । नेपाली राजाहरूले सन् १९५० को सन्धि, जसलाई हामी असमान भन्छौं, त्यसको विषयमा पनि भारतीय पक्षसँग कुरा उठाएको खासै पाइँदैन । झन् भारतसँग हातहतियार खरिदसम्बन्धी १९६५ को गोप्य सन्धि गरिन्छ, जुन १९८९ मा मात्र सार्वजनिक भयो । सन् १९९० को राजनीतिक परिवर्तन र सन् २००५/०६ को राजनीतिक परिवर्तनपछि परिस्थिति बदलिएको छ । अहिलेका शासकहरूले राष्ट्रिय महत्त्वका विषय उजागर गरे पनि ती विषयलाई तात्त्विक निष्कर्षसम्म पुर्‍याउन नसक्दा दुई देशबीचको सम्बन्ध अप्ठेरोमा परेको अनुभूति गर्न सकिन्छ ।

कूटनीतिक पहलबाट कालापानी समस्याको समाधान गर्न नसकिने होइन । यसका लागि चाहिने सबैथोक हामीसँग छ । अहिले नेपालमा लगभग आधा दर्जनभन्दा बढी परराष्ट्रमन्त्री, आधा दर्जन भूपूप्रधानमन्त्रीहरू र चार पुस्तासम्म काम गरेका कूटनीतिज्ञहरू जीवितै छन् । यस्तो जनशक्ति अरू देशमा बिरलै पाइन्छ तर इच्छाशक्ति अभाव र सत्ता स्वार्थले गर्दा हाम्रो कूटनीतिक क्षमतामा ठूलो ह्रास आएको छ । तर यसबीच जनचेतनाको स्तर ह्वात्तै बढेको छ । यसको प्रत्यक्ष प्रमाण हो 'विकिपिडिया' मा कालापानी क्षेत्रलाई लिएर भारत र नेपालका 'विकिपिडियन' हरूबीच पेज संशोधन गर्ने प्रतिस्पर्धा । यो प्रतिस्पर्धामा नेपाली युवायुवती निःशुल्क र निःस्वार्थ काम गर्दै आएका छन् । तर विडम्बना नै मान्नुपर्छ, जनचेतनाअनुसार काम गर्ने राजनेताको अभावले हाम्रा समस्या ज्यूँका त्यूँ छन् । राष्ट्रिय मुद्दामा राजनीतिक सहमति भए पनि त्यसलाई सही तरिकाले प्रस्तुत गर्न सकिरहेका छैनौं ।

कालापानी क्षेत्रलाई लामो समयसम्म उपेक्षित गरेको हुनाले आज मुद्दा त्रिदेशीय भएर गएको छ । दुवै छिमेकी भारत र चीनका लागि यो क्षेत्र रणनीतिक र व्यापारिक महत्त्वको हुन गएको छ । दुवै देशले त्यो क्षेत्रमाथि रहेको नेपालको सार्वभौमिकतालाई मान्यता दिएको देखिँदैन, जुन आफैंमा गम्भीर विषय हो । बदलिँदो परिस्थितिमा दुवै देशको मनसाय बुझ्नु जरुरी छ । हिमालय क्षेत्रमा सीमालाई लिएर भोलिका दिनमा झन् ठूला समस्या हुने पक्का छ । यस्तो अवस्थामा काठमाडौंका सडकमा स्कुले बालबालिकालाई प्रयोग गरेर विषवमन

< **फेरि चढ्यो आक्रोशको ज्वर : कालापानी क्षेत्रसमेत समेट्दै भारतद्वारा नयाँ नक्सांकन भएपछि राजधानीमा विद्यार्थीहरू प्रदर्शनमा उत्रिए**

गराउनुभन्दा उच्च राजनीतिक तहमा वार्ता गर्‍यौँ भने समस्या समाधानतिर जाने थियो कि ! सडकको जुलुसले उक्साउने काम मात्र गर्छ र भारत पनि लगभग १८ सय वर्ष विदेशीद्वारा शासित भएको हुनाले त्यहाँका शासकलाई नारा-जुलुसले कम प्रभाव पार्छ। अर्को कुरा, काठमाडौँमा नेपाल-भारतसँग गाँसिएर गरिने छलफल रणनीतिक स्वार्थ परिपूर्ति गर्न मात्र प्रयोग भएको देखिन्छ। बिहानको नास्ता, दिउँसोको खाजा र बेलुकीको जलपानबाट पोषित व्यक्तिलाई नेपाल-भारत सम्बन्ध बिग्रेपछि कसको चुल्होमा आगो बल्दैन भन्ने कुरा थाहा हुन्छ। त्यसैगरी राज्यव्यवस्थाबाट सुविधा खाएर जीवन निर्वाह गर्ने व्यक्तिले मजदुरी गरी जीविका धान्नेको पीडा महसुस गर्दैनन्। दुवै वर्गको राष्ट्रियताको परिभाषा फरक हुन्छ। त्यसै पनि सहरियाहरू नेपाल-भारतभन्दा तेस्रो राष्ट्रमा बढी निर्भर छन्। काठमाडौँमा जुन हिसाबले विकासको छलफल गरिन्छ, त्यसले हामीलाई नेपालभन्दा बाहिरसँग जोड्दै गएको छ। काठमाडौँको समृद्धिको आधार आम नागरिक र दूरदराजसँग जोडिएको देखिँदैन। हामी



काठमाडौँमा समृद्धिको नारामा रमाएर नागरिकलाई भूलभलैयामा अलमल्याइरहेका छौँ तर उत्तराखण्डका घर, गोठ र खेतमा काम गर्ने व्यक्ति सुदूर र कर्णालीका नागरिक छन्। प्रसिद्ध धार्मिकस्थल केदारनाथ दर्शन गर्न प्रत्येक दिन २५ हजार घोडा ओहोरदोहोर गर्छन्। यी सबै सम्हाल्ने सुदूर तथा कर्णालीका भाइबहिनी र दाजुभाइ छन्। त्यहाँ डोली र डोकोमा तीर्थयात्री बोक्ने काममा पनि त्यत्तिकै नेपाली छन्। यो त प्रतिनिधिमूलक उदाहरण मात्र हो। यस्ता धेरै उदाहरण छन्, जुन शासकको नजरमा परेका छैनन्। काठमाडौँमा पटक-पटक सत्ता परिवर्तन भए। सुदूरपश्चिमबाट पटक-पटक शासनसत्ताको उच्च ओहोदामा केही व्यक्ति नपुगेका होइनन् तर पनि त्यो क्षेत्रका जनताको जीवनमा तात्त्विक परिवर्तन भएको देखिँदैन। आजका दिनसम्म पनि सुदूरपश्चिम र कर्णाली क्षेत्रका अधिकतम जनताको जीवन भारतमाथि निर्भर छ। यस कारण सहरबजारमा आन्दोलन गरेर सडक तताउनुभन्दा यो विषयलाई माथि भनेजस्तै उच्च राजनीतिक तहमै लग्नु आवश्यक हुन्छ।

भूमि आर्जन गर्न सकिँदैन भने गुमाउने अधिकार हामीसँग छैन। जंगबहादुरले बाँके, बर्दिया, कैलाली, कञ्चनपुर फिर्ता लिएर नेपालको सार्वभौमिकताको विस्तार गरे, जसलाई हाम्रो इतिहास खलनायकको रूपमा प्रस्तुत गर्छ। भीमसेन थापाले नेपालको ठूलो भू-भाग गुमाए तर उनी राष्ट्रिय विभूति भए। बीपी कोइरालाले नेपाल-चीन सीमा विवाद मिलाए तर उनको पार्टी र उनलाई अत (अराष्ट्रिय तत्त्व) घोषणा गरियो। हाम्रो मूल्यांकन गर्ने तरिका पूर्वाग्रही छ। हामीले पुर्खाले आर्जेको जमिन गुमाएमा इतिहासले कसरी मूल्यांकन गर्नेछ, अहिल्यै भन्न सकिँदैन। यदि राजनीतिक संयन्त्रले भारतसँगका समस्या समाधान गर्न सक्दैन भने हामीसँग अरू वैकल्पिक कूटनीतिक उपाय पनि छन्। उदाहरणका लागि नेपाली र भारतीय सेनाप्रमुख एकअर्काका मानार्थ सेनाधिपति हुन्। यी दुई अधिकारीबीचमा वार्ता भए पनि योलगायत अरू धेरै समस्या समाधान गर्न सकिन्छ। त्यसैगरी भारतका धर्मगुरुहरूको नेपालप्रति आगाध प्रेम छ। यिनीहरू अहिलेको भारतको सत्तामा राम्रो पहुँच राख्छन्। हामी तिनलाई पनि परिचालन गर्न सक्छौँ। त्यसैगरी भारत र नेपालका व्यापारीबीच पनि राम्रो सम्बन्ध छ। हामी यो वर्गलाई पनि परिचालन गर्न सक्छौँ तर हामी त्यतिबेला समस्याका समाधान गर्न सक्दैनौँ, जतिबेला यो पेसागत विज्ञहरू र नोकरशाहीको जिम्मा लगाउँछौँ। किनकि कालापानी हामीले थाहा नपाउँदै अति संवेदनशील क्षेत्र भएको छ। यी दुवै वर्गका आफ्नै स्वार्थ हुन्छन् र छिमेकीका सम्बन्धसँग त्यति धेरै भावना गाँसिएको हुँदैन।

कालापानीको विषयमा धेरै लेख र किताब पनि प्रकाशमा आएका छन्। यो क्षेत्रको विषयमा जानकारी राख्ने विज्ञहरूको पनि कमी छैन। कालापानीको मूल समस्या हामीले हाम्रो अवस्था स्पष्ट पार्न नसक्नु र आफैँमा अल्मलिनु हो। पछिल्ला दिनमा राज्य व्यवस्था समितिले कालापानीलाई समेटेर नेपालको नयाँ नक्सा निकाल्नू भनेर नेपाल सरकारलाई दिएको निर्देशनले हाम्रो अवस्था झन् कमजोर बनाउँछ। यो प्रतिरक्षात्मक कदम हो किनकि भारतले नक्सा प्रकाशन गरेपछि हामी पनि प्रकाश गर्दै छौँ। यसले योभन्दा अगाडि हामीसँग त्यो भू-भागलाई समेटेर निकालेको नक्सा थिएन भन्ने सन्देश जान्छ। त्यसैगरी मुद्दाको अन्तर्राष्ट्रियकरण गर्नु भनेको भारतसँग स्थायी शत्रुता निम्त्याउनु हो। अर्को पक्ष- कुनै पनि विषय अन्तर्राष्ट्रियकरण गर्न नयाँ प्रमाण हुनुपर्छ, जुन हामीसँग छैन। त्यसो त, अघि भनेजस्तै यस्तै अवस्था रहिरह्यो भने नेपाल-भारत सम्बन्ध सामान्यीकरण गर्न ज्यादै अप्ठेरो देखिन्छ, जुन दुवै देशका लागि घाटा हो। यहाँ धमिलो पानीमा माछा मार्नेको कमी छैन र नेपाल-भारत सम्बन्ध दिनप्रतिदिन भू-राजनीतिको चपेटामा पर्दै छ।

भारतको अहिलेको नेतृत्व रामका आदर्शलाई राज्य सञ्चालनको स्रोत मान्छ। भर्खरै राम जन्मभूमिको पक्षमा फैसला पनि आएको छ। जन्मभूमिको माया के-कस्तो हुन्छ भन्ने कुरा रामले लंका विजय गरेपछिका उद्‌गारबाट प्रस्ट हुन्छ। रामले लंकामाथि विजय प्राप्त गरे पनि शासनको बागडोरमा रावणका भाइ विभीषणलाई राख्छन्। अर्काको देश हडप्ने कोसिस गर्दैनन्। यस्तो आदर्शमा विश्वास गर्ने राष्ट्रले एउटै संस्कृति, धर्म र परम्परामा विश्वास गर्ने अर्को राष्ट्रको जमिन हडप्ने कुरा सोच्न पनि सकिँदैन। साँच्चै त्यस्तो भए यसले रावणवादी चरित्रको प्रदर्शन मात्र गर्नेछ, जुन निश्चय पनि मोदीको भारत चाहँदैन होला। ने

नाक्चेनाङ्ला नाका

# तिब्बती हाटबजारकै भर

## दुई सय परिवारको बास नेपाली भूमिमा भए पनि गाँस र कपासका लागि तिब्बतमै आश्रित

**राजबहादुर शाही**/मुगु

मुगम कार्मारो–२ मुगु गाउँका टासी लामा, ३५, को तिब्बतसँगको व्यापारिक साइनो १५ दिनको मात्र छ । टासी हरेक वर्ष १५ दिनका लागि तिब्बतमा सामान किनमेल गर्न जान्छन् । टासीले तिब्बतसँग व्यापार गर्न थालेको भने करिब २० वर्ष पुगेको छ ।

१० वर्षको उमेरमै भारी बोकेर तिब्बत उक्लिन थालेका उनी चाहन्छन्, सके वर्षैभरि, नसके महिना दिन तिब्बतसित व्यापार गर्न पाइयोस् । तिब्बती व्यापारी साथीसँग भेटघाट भइरहोस् । तर उनले तिब्बती नियम मिचेर व्यापार गर्न पाउँदैनन् ।

प्रत्येक वर्ष १ देखि १५ साउनसम्मका लागि मात्र अस्थायी तिब्बती हाटबजार खुल्छ । त्यही मौका छोपेर सामान किन्न र चिनापर्ची भएका तिब्बतीसँग साइनो नवीकरण गर्छन् । उक्त अवधिभित्र सामान किनमेल गर्न नसके वर्षभरिको गाँस र कपासका लागि गाउँ छाडेर बाहिरिनुपर्ने अवस्था हुन्छ । भन्छन्, "अवधि सकिएपछि पैसा भए पनि किनमेल गर्न मिल्दैन । तिब्बती हाटबजार उठेर गइहाल्छ । सरकारी सहयोगबिना हामीले चाहँदैमा केही हुन्न ।"

पञ्चायतकालदेखि नै मुगु गाउँका आदिवासी जनजातिले तिब्बतीसँग व्यापार गर्दै आए पनि व्यापारिक सम्बन्ध विस्तार हुन सकेको छैन । १५ दिने तिब्बती हाटबजारले सामान किनमेल गर्न हतार हुन्छ । कहिले साउन महिना लाग्ला र तिब्बतमा सामान किन्न अनि जडीबुटी बेच्न जाउँला भन्दै दिनगन्ती गरेर बस्ने गरेको मुगु गाउँकै छिरिङ तोर्ची लामा बताउँछन् । भन्छन्, "वर्षभरि तिब्बतसँग व्यापार गर्न सरकारले नियम बनाइदिएको भए पनि यस्तो दुःख-कष्ट गरेर किन बस्नुपर्थ्यो ?"

जिल्ला सदरमुकाम गमगढीदेखि २८ कोष टाढाको मुगु गाउँ तिब्बत सीमासँगै जोडिएको छ । उक्त गाउँमा बस्ने दुई सय परिवारको बास नेपाली भूमिमा भए पनि गाँस र कपासका लागि तिब्बततिरै निर्भर छन् । अघिल्लो वर्ष तिब्बतबाट किनेर ल्याएको खाद्यवस्तु पछिल्लो वर्षसम्म पुर्‍याउनै मुस्किल हुने स्थानीयको गुनासो छ । तिब्बती हाटबजार नलाग्दै घरमा दैनिक उपभोग्य वस्तु सिद्धिएर पल्लो घरसँग पैँचो गर्नुपर्ने अवस्थाले मनमा पीर मानेर जीवन निर्वाह गर्नुपर्ने बाध्यता छ । मुगु गाउँदेखि तिब्बत पुग्न गह्रुँगो भारीसँग दुई दिन र रित्तै एक दिन समय लाग्ने स्थानीयको भनाइ छ । स्थानीय छिरिङतोर्ची दुखेसो पोख्छन्, "यो हाम्रै सरकारको कमजोरी हो ।"

मुगु गाउँदेखि जिल्ला सदरमुकाम पुग्न तीन दिन र तिब्बत पुग्न एक दिन लाग्छ । स्थानीयलाई नेपालको भन्दा तिब्बती बाटो सहज लाग्छ । मुगु गाउँदेखि रातापानी, पुरानो मुगु, टाँकेखोला, रानीओढार, रिमारको बाटो हुँदै १३ नम्बरको तिब्बत सीमा पिलर भेटिन्छ । भीरपखेरा केही नभएकाले तिब्बत पुग्न र आउन सहज हुने स्थानीयको अनुभव छ ।

### १५ दिने व्यापार

तिब्बतमा खुल्ने १५ दिने तिब्बती हाटबजारबाट स्थानीयले ऊनदेखि नुनसम्म किनेर ल्याउने गर्छन् । आफ्नो भूमिमा अन्न उत्पादन न्यून हुने भएकाले वर्षैभरिका लागि पुग्ने चामल, मैदा, नुन, तेल, घ्यु, चिनी, साबुन, चाउचाउ, जुस,

राजबहादुर शाही

नाक्चेनाङ्ला नाकाबाट मालसामान बोकेका खच्चडको लस्कर

रक्सी, तिब्बती चिया, कम्बल, जुत्ता, चप्पल, भाँडाकुँडा ल्याउने गरेका छन् ।

तिब्बती भाषाको समस्याले अधिकांश स्थानीय दाहाते अर्थात् नेपालीसितै सामान किनेर ल्याउनुपर्दा ठगिनेसमेत गरेका छन् । चिनियाँ मुद्रा सुक्कुरको भार वृद्धि हुँदै गएकाले खाद्यवस्तु, लत्ताकपडा विगत वर्षभन्दा महँगो हुँदै गएको टासी सुनाउँछन् । पहिले चिनियाँ एक सुक्कुरको ७ देखि ८ रुपैयाँमा सटही हुन्थ्यो भने यो वर्ष १६ देखि १७ रुपैयाँ सटही गर्नुपर्दा वस्तुभाउ महँगोमै खरिद गर्नु परेको उनको भनाइ छ ।

स्थानीयले तिब्बतमा खाद्यवस्तु किनमेल गर्न जाँदा आफ्नो घरबस्तीबाट वनजंगलको जडीबुटी पाटनको यार्सा, उवाको सातु र खल्तीमा पैसा बोकेर जान्छन् । तिब्बतबाट गह्रुँगो भारी बोकेर ल्याउन नसकिने हुँदा चौंरी, झोवा, घोडा खच्चरलाई १५ दिनसम्म भरियाको रूपमा प्रयोग गर्छन् । मुगम कार्मारोङ गाउँपालिका प्रमुख छिरिङ क्याप्ने लामा भन्छन्, “हामीलाई रेल चाहिएन, सरकारले पक्की सडक बनाइदिए पुग्छ ।” सरकारले भूगोल र जनसंख्याका आधारमा थोरै बजेट विनियोजन गर्ने भएकाले बाटो, खानेपानी, स्कुल क्षमता विस्तार गर्दै रकम सकिने उनको गुनासो छ ।

तिब्बतसँग जोडिएको मुगुको उत्तरी क्षेत्रमा छायानाथ तिहार बगर, कोइजी मरक्का हिमाल, माथिल्लो मुगु पर्यटकीय हिसाबले महत्त्वपूर्ण छन् । वनजंगल, वन्यजन्तु र जलस्रोतको भण्डार रमणीय मानिन्छन् । बौद्ध धर्मावलम्बीका १२ सयभन्दा बढी चिटिम गुम्बा यसै क्षेत्रमा पर्छन् ।

उत्तरी नाक्चेनाङ्ला सडक खोल्न सके चिनियाँ पर्यटकका लागि उत्कृष्ट मार्ग हुने कर्णाली प्रादेशिक पर्यटन विकास समितिका संयोजक राजु कार्की बताउँछन् । उनका अनुसार तिब्बत जोड्ने सडकले डोल्फुको तामाखानी अनुसन्धान तथा उत्खनन गर्न सहज हुन्छ । बहुमूल्य यार्सा पनि उक्त क्षेत्रमै पाइने हुँदा पर्यटकले त्यो रुट मन पराउँछन् । उक्त स्थानलाई सिकार आरक्ष क्षेत्र घोषणा गर्न सके अझ बढी पर्यटक आउन सक्छन् ।

### कछुवा गतिमा सडक

मुगम कार्मारोङस्थित पुवा गाउँका जिक्मेद लामा, ३९, को गाडी चढेर तिब्बत जाने सपना अधूरै छ । उनले तिब्बतबाट सामान ल्याउन थालेको ८ वर्ष भयो । ६ वर्षअघि गमगढीमा गाडी पुग्दा अब तिब्बत नाक्चेनाङ्ला पुग्ला भन्ने आशा राखेका लामा सडक निर्माणको गति हेर्दा उदेक मान्छन् । भन्छन्, “राजनीतिक दलहरूले भोट माग्ने बेला नाक्चेनाङ्ला सडक बनाइदिन्छौं भन्छन्, जितेपछि वास्ता गर्दैनन् ।”

कर्णाली प्रदेशकै गौरवको आयोजना मानिने मुगु गमगढीदेखि नाक्चेनाङ्लासम्म ८५ किलोमिटर र सुर्खेतबाट नाग्मा, गमगढी हुँदै तिब्बत सीमासम्म ३ सय ३२ किलोमिटर लम्बाइ छ । ०६७ देखि निर्माण थालिएको नाक्चेनाङ्ला सडकको छाइल गाउँसम्म १७ किलोमिटर ट्र्याक मात्रै खुलेको छ । अझै ६८ किलोमिटर सडक खन्न बाँकी छ । ५ वर्षभित्र नाक्चेनाङ्लासम्म गाडी पुऱ्याउने लक्ष्यका साथ निर्माण थालिए पनि अलपत्र छ ।

उक्त सडकको कुल लागत ८० करोड भए पनि अहिलेसम्म १० करोड मात्र खर्च भएको सडक डिभिजन कार्यालयले जनाएको छ । चालू आर्थिक वर्षमा प्रदेश सरकारबाट १० करोड बजेट विनियोजन भएको सडक डिभिजन कार्यालयका इन्जिनियर श्रवणकुमार महतारा बताउँछन् ।

गमगढी-नाक्चेनाङ्ला सडक निर्माण परियोजना स्वीकृति भए पनि बजेटको समस्याले अहिलेसम्म कार्यालयसमेत खोलिएको छैन । ठेक्का स्वीकृति गरे पनि काम कछुवाको गतिमा छ । निर्माण कार्य पनि असार मसान्तका बेला हुने भएकाले आधा बजेट फ्रिज जाने गरेको छ ।

नेपालको उत्तरी तिब्बततर्फका सात नाकामध्ये नाक्चेनाङ्ला सबैभन्दा छोटो र सहज हुँदा पनि सडक निर्माणमा लापरबाही भएको जिल्ला नागरिक समाजका अध्यक्ष रूपबहादुर मल्ल बताउँछन् । भन्छन्, “अब ठेक्काबाट सडक बन्ला भन्ने आशै छैन । नेपाली सेनालाई जिम्मा दिए हुन्छ ।”

स्थानीयका अनुसार मुगु कर्णाली नदीको तीरैतीर भएर तिब्बत सीमा पुगिने भएकाले सडक खन्न कुनै अप्ठेरो छैन । उक्त सडकको कर्णाली नदीमा दुई स्थानमा बाहेक अन्यत्र बेलिब्रिज बनाउनु पर्दैन ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणमा आउँदा मुगुबासीले नाक्चेनाङ्ला सडकले प्राथमिकता पाउने अपेक्षा गरेका थिए । प्रदेश सभासद् झोवा विकले उत्तरी सडकलाई वैधानिक बनाउनसमेत आग्रह गरेकी थिइन् ।

राजस्व असुल्ने निकाय मुगु भन्सार कार्यालय कर्मचारी नहुँदा सुनसान छ । घरमा साइनबोर्ड मात्र झुन्ड्याइएको छ । मुगु-तिब्बत सीमा क्षेत्रको अवैध व्यापार नियन्त्रण र मालसामान चेकजाँचका निम्ति मुगुमा भन्सार कार्यालय खुलेको वर्षौं भइसक्यो ।

भन्सारमा कर्मचारी नहुँदा एकातिर राजस्व असुलीमा गिरावट आएको छ भने अर्कोतिर नाक्चेनाङ्ला हुँदै तिब्बततिर अवैध कारोबार बढेको प्रदेश सभासद् विकको गुनासो छ । ने

# 'खनि हो यामु'

गोकर्ण गौतम

स्टुडियोमा आफ्नै तालमा गिटार बजाएर गुनगुनाउँदै थिइन्, तृष्णा गुरूङ । त्यत्तिकैमा गायक '११:३० बसन' (वसन्त श्रेष्ठ) नजिकै आए । आफूलाई मन पर्ने गायक देख्दा सुरूमा नर्भस भइन् । उनले भनेछन्,

'हामी सँगै गाउनुपर्छ है ?' तृष्णाले सहमत हुँदै मुन्टो हल्लाइन् । दुई महिनापछि ११:३० बसनले स्टुडियोमा बोलाए । र, जन्मियो :

*सोचेको कुरा होइन यो*
*जानेको कुरा होइन यो*
*रोजेको कुरा होइन यो*
*तिम्रो-मेरो माया बस्यो कसरी*
*दैव जानोस्*

स्लो-रक शैलीको यस गीत युवा पुस्तामाझ लोकप्रिय भयो । पहिलो गीत हिट भएकाले तृष्णाको सांगीतिक यात्राले गति पाउनुपर्ने हो तर त्यसो भएन । बरू गुमनाम भइन् । गीत सुन्नेले पनि उनका बारे थाहै पाएनन् । सम्झिन्छन्, "टिन एजमै थिएँ, गायनमा कसरी अगाडि बढ्नुपर्छ, हेक्कै भएन । पढाइमै व्यस्त भएँ ।" हुन पनि त्यतिबेला उनलाई कहीं-कतै देखिएन ।

भनिन्छ, समय लाग्छ तर सिर्जनशीलता कहिल्यै मर्दैन । तृष्णाको हकमा त्यही भयो । ६ वर्षको मौनतापछि तृष्णाले पहिलो सोलो गीत *युट्युबमा* अपलोड गरिन्, 'खनि हो यामु ए कान्छा...' ।

नौलो स्वर र शब्दको यस गीतले एक्कासि धेरै श्रोताको ध्यान खिच्यो । तृष्णाकै शब्दमा, छिट्टै र नसोचेको लोकप्रियता हासिल भयो । यही गीतबाट छनक मिल्यो, नेपाली संगीतकी उदीयमान नक्षत्र हुन्, तृष्णा । त्यसैले यो पाँच वर्षमा उनले आफूलाई पूरापूर प्रमाणित गरेकी छन् । नेपालभित्र र डायस्पोरामा मात्र होइन, बेलायतको प्रतिष्ठित रोयल अल्बर्ट हलमा पर्फम गरिसकेकी छन् । वजनदार शब्द, मिठास स्वर र फरक कम्पोजिसन उनका गीतको चिनारी हो ।

तृष्णालाई सम्झना भएसम्म अरूले 'भविष्यमा के बन्छौ ?' भनेर सोध्दा 'सिंगर' बाहेक अर्को उत्तर दिएकी छैनन् । जबकि उनका साथीहरू डाक्टर, पाइलट र लाहुरे भन्थे । उनीचाहिं जहिल्यै गीत गाएको सपना देख्थिन् । भन्छिन्, "आमाले भन्नुभएको, एक-दुई वर्ष हुँदै केही सामान पायो भने बजाएर धुन निकाल्थैं रे । अनि, बोली फुटेसँगै गाउन थालेँ ।"

उनको परिवार मात्र होइन, अन्य नातेदारमा समेत कोही व्यावसायिक गायक-गायिका छैनन् । तर तृष्णा गीत भन्नासाथ हुरूक्कै । ३ कक्षा पुग्दा गिटारको कर्ड सिकिसकेकी थिइन्, आफ्नै दाइसँग । उनका बुबा मेकानिकल इन्जिनियर थिए । घरमा हुँदा कहिलेकाहीं बाँसुरी बजाउँथे । दाजु गिटार बजाउँथे । त्यही धुन सुन्दै हुर्किन् तृष्णा, जसले संगीतप्रतिको सान्निध्य अझ घनीभूत बनाउन भूमिका खेल्यो । तृष्णालाई परिचित गराउने 'खनि हो...' को कथा पनि उनै दाजुसँग जोडिएको छ ।

दाजु गिटार बजाउँदै 'खनि हो कान्छी' गाउँदै सुनाउँथे, यसको धुन मनमै गढेको थियो, तृष्णाको । तर बाँकी शब्द थिएनन्, दाजु तिनै शब्द दोहोऱ्याउँथे । गुरूङ भाषामा 'खनि हो' को अर्थ हुन्छ, 'कता जान लागेको ?' ठूलो भएपछि दाजु लाहुर लागे । तृष्णाचाहिं गिटारमा झनै झुम्मिन थालिन् । तर त्यो गीतको रन्को उनमा अझै थियो ।

त्यही अपूरो गीतलाई पूरा गर्ने रहर पलायो । पानी परेको एक साँझ सरर लेखिन् । कम्पोज गरिन् । दाजुलाई सुनाउँदा भावुक भए । उनकै सल्लाहमा गीत रेकर्ड गरियो र सार्वजनिक भयो । तृष्णा भन्छिन्, "मेरा हरेक गीतको आफ्नै कथा हुन्छ । जसको शब्द-शब्दमा डुबेर गाउने प्रयास गर्छु ।"

एक दिन चक्रपथमा गाउँदै हिंडेका गाइने देखिन् । आमाबाट गाइनेका अनेक किस्सा सुने पनि त्यसरी प्रत्यक्ष कहिल्यै देखेकी थिइनन् । गाइनेको चालढाल, गायनशैली र गायनबाट प्रेरणा मिल्यो, उनलाई । त्यही प्रेम पोखेर लेखिन्, 'गाइने दाजै...', जसले उनको सफलतामा अर्को सिंढी थप्यो । जहाँ जाँदा होस्, व्यक्ति र समाजलाई सूक्ष्म रूपमा अवलोकन गर्ने र त्यसलाई गीतमा बुन्न खोज्छिन् । यही कारण हुनुपर्छ, उनका गीतमा जोकोही मोहित हुन्छ । लोक धुन मिसाएर पप शैलीमा गाउँदा गीत थप जीवन्त बन्छ । 'रेलैमा...', 'माया पिरती...', 'साँझको बेला...' यसका उदाहरण हुन् ।

**जहाँ जाँदा होस्, व्यक्ति र समाजलाई सूक्ष्म रूपमा अवलोकन गर्ने र त्यसलाई गीतमा बुन्न खोज्छिन् । यही कारण हुनुपर्छ, तृष्णाका गीतमा जोकोही मोहित हुन्छ ।**

लगातार गीत हिट भएपछि कलाकार दबाबमा पर्छन् । हरेक पटक 'हिट' हुने चक्करमा लाग्छन् तर यो लहडले मौलिकता र सिर्जनशीलता अलप भएको चालै पाउँदैनन् । परिणामः पाखा पर्दै जान्छन् । यो प्रवृत्तिको सिकार भएका कलाकार देखेकी छन्, तृष्णाले । सोही कारण आफूमा कहिले 'हिट' को भोक नभएको बताउँछिन् । "म हरेक गीतलाई उत्कृष्ट बनाउन सक्दो मिहिनेत गर्छु । सिर्जना गर्दा बजारको दबाबबाट मुक्त हुन्छु," आफ्ना हरेक गीत आफैं लेख्ने तृष्णा भन्छिन्, "मेरा लागि *युट्युब* भ्युज मात्र अब्बलताको मानक होइन ।"

लेख्ने र गाउने क्रममै थाहा पाइन्, आफ्नै ब्यान्ड भयो भने कन्सर्टमा सहज हुन्छ, अझ दरिलो पर्फमेन्स गर्न सकिन्छ । त्यसैले एक वर्षअघि ब्यान्ड स्थापना गरिन्, तृष्णा एन्ड द कोल्याब । ६ सदस्यीय समूहको एक्लो भोकलिस्ट हुन्, तृष्णा । गायनबाहेक तृष्णाको अर्को कमाइको स्रोत छैन । संगीतमै मग्न छिन् तर उनका लागि संगीत पैसा कमाउने माध्यम हैन रे । तृष्णाको सिद्धान्त छ, गीत गाएर पैसा कमाउनुपर्छ तर पैसा कमाउनकै लागि गीत गाउने होइन ।

उनका लागि गीत आफ्नो भावना अभिव्यक्त गर्ने माध्यम हो, गाउँदा होस् या लेख्दा, आनन्दानुभूति हुन्छ । गीतबिनाको जीवन कल्पनै गर्न सक्दिनन् । र, हरेक गीत कोर्दा आफू गाउँमा भएको अनुभूत गर्छिन् । "सकेसम्म हरेक गीत गाउँ पुगेरै लेख्न खोज्छु । पुग्न सकिनँ भने गाउँको कल्पनामा डुब्छु," उनी भन्छिन्, "गाउँ सम्झँदा मात्र पनि स्वर्णिम अनुभूति हुन्छ । त्यही सन्तुष्टि गीतमा पोख्ने गर्छु ।" ने

# 'जितले आत्मविश्वास अग्लिन्छ'

२४ असोजदेखि ३ कात्तिकसम्म बेलायतमा सञ्चालित 'एक्सरसाइज क्याम्ब्रियन प्याट्रोल' मा नेपाली सेनाले ३४ मुलुकका प्रतिस्पर्धीलाई उछिन्दै स्वर्ण पदक जित्यो । ८ सदस्यीय विजेता टोलीका कमान्डर थिए, प्रमुख सेनानी असीमदेव गुरुङ ।

**सबैलाई जित्ने आशा थियो ?**

प्रतिस्पर्धामा उत्रिने भनेकै जित्ने लक्ष्यसहित लिएर हो । वर्षभरि हुने नेपाली सेनाका विभिन्न तालिम प्रतिस्पर्धामा राम्रा गरेकाबाट छानिएकाले जितको अपेक्षा स्वाभाविक हो ।

**यसैका लागि भनेर छुट्टै तालिम हुँदैन ?**

हुन्छ । हामीले दुई महिनाको तालिम गरेका थियौं ।

**स्वर्ण जित्नु मात्रै उपलब्धि हो र ?**

यो त एउटा प्लेटफर्म हो । विकसित मुलुकका सेनाको तुलनामा हामी कुन अवस्थामा छौं भन्ने थाहा हुन्छ । सेनाको व्यावसायिक पाटोमा सिक्न यसले मौका दिन्छ । निष्पक्ष रूपमा मूल्यांकन हुने माध्यम हो । साथै, आफ्ना कमजोरी र सबल पक्ष जान्न पाइन्छ ।

**सबल र निर्बल पक्ष के रहेछन् ?**

ठ्याक्कै यही हो भनेर अहिल्यै भन्न सकिन्न । हामीले 'अफिसियल्ली' अभिलेखीकरण गरेर राखेका हुन्छौं । यसबारे अनुसन्धान गरेर, वैधता दिएर निचोडमा पुग्छौं र अर्कोचोटि सुधार्ने कोसिस गर्छौं ।

**यसमा कुन-कुन पक्षमा प्रतिस्पर्धा हुन्छ ?**

व्यावसायिक पाटोका सबै पक्ष जाँच्न खोजिएको हुन्छ । युद्धकालीन विशेष परिस्थितिको परिकल्पना गरेर अभ्यास गरिन्छ । सैनिक कला, शारीरिक र मानसिक तन्दुरुस्ती, योजना क्षमता जाँचिएको हुन्छ ।

**यस्ता प्रतिस्पर्धाबाट मुलुकले कसरी लाभ लिन सक्छ ?**

हामीले अन्तर्राष्ट्रिय रूपमा प्रतिष्ठा कमाएका छौं । यसलाई प्रयोग गर्न नेपालका अन्य राज्य संयन्त्रलाई सजिलो हुन्छ । नेपालले यो प्रतिष्ठालाई कसरी प्रयोग गर्छ, त्यसमा लाभ कति हुन्छ भन्ने निर्भर हुन्छ । सोझो लाभ त नेपाल र नेपाली सेनाको नाम विश्वमा आयो, त्यो नै हो । सेनाको आत्मविश्वास अग्लिन्छ ।

■ **मनबहादुर बस्नेत**

सरोज बैजु

nepalmag.com.np

# हार्लेमको बायाँ घुम्ती

उज्ज्वल प्रसाई

**कवि अमृता प्रीतमले सहरलाई एक लम्बेतान बहस भनेकी छन् ।** कहिलेकाहीं लाग्छ, सहरसँग जानीबुझी सर्जकका धुन र शब्दमा सवार हुने क्षमता हुन्छ, जिज्ञासु अन्वेषकका अघिल्तिर प्रश्न बनेर उभिने सामर्थ्य हुन्छ । आफ्ना मौलिकता र नक्कल, साउती र चिच्याहट, संगति र असंगति, रूप र बहुरूप, प्रतिरोध र समर्पणजस्ता विशेषताको कलात्मक रूपान्तरण गर्न जानेरै सायद कुनै ठाउँ सहर बन्छ । आफ्ना नाममा गतिला कविता वा गीत नलेखाएका सहर, सहरै होइनन् । पुँजी र नाफाको नीरस खेलमा निमग्न सहरको सतह उक्काएर हेर्न सके त्यहाँ गीत र कविताको प्रचुरता देखिन्छ ।

सन् १९६२ मा न्युयोर्क पुग्दाको विस्मयलाई बब डिलनले गाए, 'पीपल गोइङ डाउन टु द ग्राउन्ड, बिल्डिङ गोइङ अप टु द स्काई... ।' मानिस जमिनमुनि गइरहेका, घर आकाशतिर लम्किरहेका । धमाधम आकाश ताकेर उँभो लम्केका असंख्य घरअघिल्तिर सडकमा पाइला चाल्दा मैले न्युयोर्केली कवि एलेन गिन्सबर्गलाई पनि सम्झेको थिएँ । भनिन्छ, वाचन गर्दा मात्र अर्थ खुलाउन सकिने उनको 'हाउल' कवितामा स्वयं म्यानहाटन गुन्जिन्छ । 'ड्रिम्स ! एडोरेसन्स ! इल्युमिनेसन्स ! रिलिजन्स ! द होल बोटलोड अफ सेन्सिटिभ बुलसिट !' न्युयोर्कजस्ता सहर निर्माण गर्ने व्यवस्थाको असली आवाज सुनाउन सहरले नै गिन्सबर्गहरू हुर्काउँछ ।

न्युयोर्क यात्राको योजना सुनाएपछि एक मित्रले भनेको थियो, 'पुँजीवादको त्यो किल्लाको प्रभाव तिमीमा कस्तो पर्छ, थाहा पाउन म आतुर छु ।' यो सहरका केही प्रसिद्ध विश्वविद्यालयमा आयोजित गोष्ठीदेखि विद्यार्थीका चियागफसम्म, पुस्तक पसलदेखि सडकपेटीका नाङ्ले पसलसम्म यत्रतत्र मैले व्यवस्थाविरोधी प्रतिरोधका आवाज सुनेँ । प्रतिरोधी त्यो धुन न्युयोर्कमा मात्रै होइन, बोस्टन, मेरिल्यान्ड र वासिङ्टनमा पनि उही तीव्रतासाथ बजिरहेको थियो । हार्लेमका सडक नाप्दा होस् वा हार्वर्ड विश्वविद्यालयका भित्ता नियाल्दा होस्, यथास्थिति बदल्ने चाहना अभिव्यक्त भएको देखिन्थ्यो । त्यसो त लगभग पाँच दशकअघि डिलनले आफ्नो गीतमा भनिसकेका थिए, 'असंख्य मान्छेको टेबलमा खाना छैन, बरू त्यहाँ चक्कु र काँटा छन् । र, जरूरी छ, तिनले केही न केही काट्न ।' समृद्ध मुलुकले भोकै राखेका मान्छे असंख्य छन् । दिनरात नछुट्याई तुजुक प्रदर्शन गरिरहने सहरले इज्जतिलो जीवन जिउन नदिएका मान्छेको संख्या उति नै ।

### त्यो 'र्‍याडिकल' किनारा

न्युयोर्कस्थित द न्यु स्कुलको इन्डिया-चाइना इन्स्टिच्युटले प्रसिद्ध भारतीय बौद्धिक भीमराव अम्बेडकरको सम्मान र सम्झनामा आयोजना गरेको गोष्ठीको अवसर थियो । आफ्नो समयको सामाजिक एवं शैक्षिक यथास्थिति बदल्न महत्त्वपूर्ण योगदान गरेका जोन डुवीले स्थापना गरेको विश्वविद्यालय हो द न्यु स्कुल । अम्बेडकर उनै डुवीका मेधावी विद्यार्थी थिए । डुवी र अम्बेडकरको त्यही बौद्धिक सम्बन्धले हामीलाई न्युयोर्कसम्म डोर्‍याएको थियो । अद्यापि सान्दर्भिक रहेको अम्बेडकरको बौद्धिक विरासतको औपचारिक चर्चा गर्नु गोष्ठीको मुख्य उद्देश्य थियो ।

कार्यक्रमको औपचारिक सुरूआत हुनुअघि नै द न्यु स्कुलभित्र प्रतिरोधको धुन बजेको सुनिन थाल्यो । आयोजक संस्था बसेको भवनको एउटा कुनामा भेटिइन् इलाई नडिउ, जो न्यु स्कुलकी विद्यार्थी र शिक्षक दुवै हुन् । उनीसँग भेट हुनुअघि नै उनको टेबलमा लहरै सजाइएका किताबले एकसरो परिचय दिएको थियो । प्रकृति र मानव समाजको सम्बन्धको व्यापकतालाई पुँजीवादको साँघुरो घेराबाहिर गएर बुझ्न सघाउने किताबको बाहुल्य त्यहाँ देखिन्थ्यो । जेसन डब्ल्यु मुअरले सम्पादन गरेको 'एन्थ्रोपोसिन अर क्यापिटलोसिन ?' होस् वा लौरन बर्लेन्टको 'क्रुअल अप्टिमिज्म' होस्, ज्ञानको स्थापित सत्तालाई चुनौती दिने प्रयत्न झल्किन्थ्यो, त्यो कुनोमा ।

सन् २०२० को अप्रिलमा 'र्‍याडिकल इकोलोजी' शीर्षकको गोष्ठी आयोजना गर्ने ध्याउन्नमा थिइन्, इलाई । राजनीतिशास्त्र विभागको सहयोगमा विद्यार्थीले हरेक वर्ष यस्ता प्रतिरोधी विषयमा कार्यक्रम गर्न 'र्‍याडिकल डेमोक्रेसी' नामक समूह गठन गरेका छन् । दुःखले जुटाउने सानो स्रोतका भरमा प्रभावकारी अन्तरक्रिया सञ्चालन गर्ने प्रयत्नमा तल्लीन रहन्छ, त्यो समूह । आसन्न गोष्ठीको तयारी बैठकमा सहभागी हुँदा सुनिएको आवाज उही प्रतिरोधको थियो ।

'र्‍याडिकल इकोलोजी' बारे बोल्न को निम्त्याउने ? छलफलको मुख्य विषय यो थियो । मौजुदा अर्थ-सामाजिक संरचनाको उच्चासनमा बसेर 'अन्य' लाई पाठ पढाइरहेको कुनै सर्वोच्चतावादी गोरो




पुरूषलाई निम्ता नदिनेमा उनीहरू दृढ सुनिन्थे । वचनमा मात्रै होइन, कर्ममा समेत पर्यावरणका संकटबोध गरेको र त्यसलाई बदल्ने अठोटमा लागेको मान्छे निम्त्याउन सहज हुंदैन । आधारभूत तहका कृषकलाई बजारको माखे साङ्लोमा कैद गर्ने मोन्सान्टोजस्ताको असलियत उजागर गरिरहेकी बौद्धिक अभियन्ता वन्दना शिवाजस्ता नाममा उनीहरू छलफल गरिरहेका थिए । 'पेट्रोक्यापिटलिज्म' को बजार-सत्ता टिकाउन प्लास्टिकको भूमिका कस्तो छ भनेर अन्वेषण गरिरहेकी हिथर डेभिस पनि उनीहरूको छनोटमा परेको नाम थियो । मौजुदा व्यवस्थामा अन्तरनिहित सर्वनाशक विशेषता उजागर गर्ने र त्यसलाई बदल्ने साहस जुटाउने यत्नमा थिए, ती 'र्‍याडिकल' विद्यार्थीहरू ।

## रंगभेद र जात-व्यवस्थाको साइनो

न्युयोर्क पुग्दापुग्दै देखिएको त्यो सानो प्रतिरोधी स्वर गोष्ठी सुरू भएसँगै गिन्सबर्गको 'हाउल' मा परिणत भयो । एसियाली र अमेरिकी ब्राह्मणवादको पोल खोल्दै त्यसले न्यायको अपिल गर्‍यो । दक्षिण एसियाको जब्बर जात-व्यवस्था, त्यसलाई थप बलियो बनाउँदै उदाएको राजनीतिक हिन्दुत्ववादको असलियत उदांगो पार्‍यो । अमेरिकामा बौरिएर आएको नश्लवाद र त्यसलाई मलजल गरिरहेको श्वेत सर्वोच्चतावादसँग हिन्दुत्ववादको साइनो गाँसिएको दाबी सप्रमाण पेस गर्‍यो ।

अमेरिकामा जात-व्यवस्था फैलिंदै र बलियो बन्दै गएको तथ्यांक प्रस्तुत हुँदा मौजुदा लोकतन्त्रमा परेका भ्वाङ देखिएको थियो । लोकतान्त्रिक चरित्रको विस्तार गर्ने होडमा सबैभन्दा अघिल्लो पंक्तिमा रहेको मुलुकले रंगभेद मात्र होइन, हिन्दुवादी जात-व्यवस्थासमेत हुर्काउने वातावरण उपलब्ध गराएको इक्वालिटी ल्याब्सको सर्वेक्षण प्रतिवेदनमा स्पष्ट देखिन्थ्यो । दक्षिण एसियाबाट न्युयोर्कजस्ता सहरमा बसाइँ सरेर गएका दलित, शुद्र र आदिवासीले स्वतन्त्र एवं इज्जतिलो जीवनको अपेक्षा गरेका थिए । त्यहाँ पुग्दा पनि आफ्नो असली पहिचान खुलाउन सकेनन् । पहिचान खुलेकाहरूको बँचाइ सकसपूर्ण रह्यो ।

डोनाल्ड ट्रम्पजस्ता प्रकट रंगभेदी शासकले आफ्नो घाँटी राजनीतिक हिन्दुत्ववादलाई सहर्ष वरण गरेका नरेन्द्र मोदीसँग जोडेपछि अवस्था अझै विकराल बन्यो । अमेरिकी सहरमा बसोबास गर्ने हिन्दुत्ववादीले विद्युतीय सञ्जालमार्फत प्रचार गरेको 'अन्य घृणा' को असर भारतमा मात्र सीमित थिएन । अन्यायी सत्ताको जाँतोमा पिसिएका र त्यसलाई बदल्ने कोसिस गरिरहेका प्रत्येक दक्षिण एसियालीको आवाज दबाउन *फेसबुक*जस्ता संस्था नै सहयोगी भएको पोल त्यहाँ खोलिएको थियो । सम्बन्धित विषयका अध्येताले *फेसबुक* र *ट्वीटर*जस्ता आवरणमा लोकतान्त्रिक देखिने विद्युतीय आमवृत्त पूर्णतया दक्षिणपन्थीको हातमा पुगेको सप्रमाण पुष्टि गरेका थिए ।

न्यायको खोजीमा पाइला चालिरहने र असल मान्छे बन्ने प्रयत्न गरिरहने बिजुहरूले हार्लेमको कथा पढ्न सक्छन् । बिस्तारै नवधनाढ्यको कब्जामा पर्न थालेको हार्लेम बदलिएको खबर राख्न सक्छन् ।

उदारवादी पुँजीवादको कच्चा धरातलमा परेका अनेक क्षीद्रबाट रंगभेदी दक्षिणपन्थको उदय भएको स्पष्ट भएसँगै प्रतिरोधको स्वर तीव्र हुन थाल्यो । त्यसैले गोष्ठीमा मात्र होइन, खुला सडक र डबलीमा युवाहरू प्रतिरोधी धुन बजाउन तल्लीन देखिन्थे । यथास्थितिसँग असन्तुष्टि पोख्ने मात्रै होइन, बदल्ने उपायको खोजी गर्न उत्प्रेरित गर्दै उनीहरू न्याप, ज्याज र ब्लुज सिर्जना गरिरहेका सुनिन्थे ।

## विद्रोही बिजुसँग हार्लेमतिर

बन्दकोठामा बजेको प्रतिरोधको धुन त्यति मुखर नहुन सक्छ, जति खुला सडकमा सुनिन्छ । कुर्सीमा बसेर बोझिलो बनेको आङ तन्काउँदै दुई-चार किलोमिटर पैदल हिँडे त्यो धुनको प्रभाव अझ गहिरो हुन सक्छ । गोष्ठी आयोजक संस्थाका नेता अशोक गुरूङले बुझेर होला, एक हुल सहभागीलाई बिजु म्याथ्युको जिम्मा लगाइदिए ।

दुई लहर अग्ला भवनबीचबाट देखिने एक धर्सो आकाशमा बादल मडारिएको थियो । मौसम अनुमान गर्ने वेबसाइटले वर्षाको सम्भावना अधिक रहेको बताउँदै थियो । वासिङ्टन हाइट्सको १६५ औं सडकको एउटा कुनामा कुरिरहेका बिजुलाई भेट्दा बादल अझै बाक्लियो । अग्लो र मोटो ज्यानमा उनिएको सामान्य रातो ज्याकेट, धेरै घामपानी पचाएर खुइलिसकेको ठूला गोजीसहितको जिन्स र एक काँधे झोला झुन्ड्याएका उनी सुरूमै फरासिला सुनिए । रूझिने डर यसै कम भयो ।

करिब तीन दशकदेखि हार्लेममा बसिरहेका बिजु पेसाले प्राध्यापक हुन् । मार्क्सवादलाई समाज बुझ्ने र बदल्ने प्रयत्नमा सहयोगी विचार ठान्ने उनी बहिष्कृत समुदायको पहिचानको आकांक्षालाई बुझ्न सक्छन् । भारतमा विद्यार्थी छँदै वामपन्थमा प्रवृत्त भएका उनले अमेरिका आएदेखि मजदुर संगठनका काम गरे । यल्लो क्याब भनिने ट्याक्सी चलाउने चालकलाई संगठित गर्न सघाए । ट्याक्सी-मजदुरको संगठनको कामलाई प्राज्ञिक कर्मसँग जोडे र त्यसैबारे किताब लेखे । *ट्याक्सीः क्याब्स एन्ड क्यापिटलिज्म इन न्युयोर्क* नामक किताबमा उनले पुँजी र श्रमको सम्बन्धका पहेली खुलाउने प्रयत्न गरे । आफ्ना प्राज्ञिक काम र राजनीतिक संघर्षका कारण विद्यार्थी र प्राध्यापक मात्र होइन, समुदायमा भिजेर काम गर्ने असंख्य अभियन्ताका मित्रका रूपमा परिचित भए, बिजु ।

पैदल यात्रा सुरू गर्नुअघि पिठ्युँपट्टिको भवन औंल्याउँदै बिजुले भने, 'म्याल्कम एक्सलाई गोली हानेर मारेको त्यही भवनमा हो । धेरै यस्ता ऐतिहासिक भवनमा जस्तै अहिले यहाँ पनि व्यापार व्यवसाय चल्छ ।' त्यति भनेर उनले हामीलाई हार्लेमका सडकतर्फ हिंडाए । हार्लेममा हुर्के-बढेका नामी लेखक जेम्स बाल्ड्विनले आजभन्दा करिब पाँच दशक पहिले लेखेथे, 'हार्लेमका सडक हुँदै हिंड्नु र थाहा पाउनु हामी कस्ता भएका छौं, यो मुलुक कस्तो बनेको छ ?' सम्भवतः बाल्ड्विनको स्मरण गर्दै बिजुले त्यो भवनको ताजा अवस्था देखाएर अमेरिकाको एकसरो परिचय गराउन खोजेका थिए ।

हार्लेमका सडकमा हिंड्दै उनले डब्लु इबी डुबोइस र ल्यांग्स्टन ह्युज सम्झाए । अफ्रिकी-अमेरिकी आन्दोलनका उतारचढावका पहलु बताए । अफ्रिकी मूलका मानिसको बाहुल्य हुनुभन्दा पहिले बनेका भवनका बँचेका नमुना देखाए । डुबोईसले जीवनकालको लामो खण्ड बिताएको घरको एउटा तलामा बिजुको बास छ । त्यो भवनबाट तल हेर्दा हार्लेम खोलो बगिरहेको देखिन्छ, जसको गर्भमा सिंगो हार्लेम भेगको बदलावको कथा छ । न्यायको खोजीमा पाइला चालिरहने र असल मान्छे बन्ने प्रयत्न गरिरहने बिजुहरूले हार्लेमको कथा पढ्न सक्छन् । बिस्तारै नवधनाढ्यको कब्जामा पर्न थालेको हार्लेम बदलिएको खबर राख्न सक्छन् । मध्यमवर्गीय घेराबन्दीको प्रक्रिया अर्थात् 'जेन्ट्रिफिकेसन' ले हार्लेमको ऐतिहासिक महत्त्वलाई धुमिल बनाउन सक्नेमा सचेत हुन सक्छन् ।

## देब्रे मोडको त्यो बुकस्टोर

जेन्ट्रिफिकेसनले न्युयोर्कको असली अनुहार छोपिँदै छ, वर्षौंदेखि यही सहरमा श्रम गर्दै आएका मानिसकै लागि यो परचक्री बन्दै छ । पीई मोस्कोविजले आफ्नो पछिल्लो पुस्तक *हाउ टु किल अ सिटी*मा यस्तो चिन्ता व्यक्त गरेका छन् । यही सहरमा हुर्केका यी तन्नेरी लेखक आफूले देख्दादेख्दै न्युयोर्कले अनौठो रूप धारण गर्न थालेको बताउँछन् । केटाकेटी छँदा सित्तैमा एक-दुई टुक्रा पिज्जा दिने पसले पत्तै नपाई बसाइँ सऱ्यो । कुनै एक बिहान त्यही ठाउँमा झकिझकाउ ठूलो र महँगो रेस्टुराँ खुल्यो, जहाँ उनी पस्नै सक्दैनन् । खाना खाने परको कुरा, भित्र पसेर एकसरो हेरे पनि पैसो लाग्ला भनेर हच्किन्छन् । चिनारूका हेलो-हाई कतै सुनिंदैन, जता ढल्के पनि लेनदेनको ऊहापोह मात्र देखिन्छ ।

*हाउ टु किल अ सिटी* मेरो हातमा राख्दै बुकस्टोरका कर्मचारीले भने, 'सामान्य मान्छेका लागि दिनप्रतिदिन असुरक्षित बन्दै गएको सहरबीच एउटा सुरक्षित स्पेस निर्माणको प्रयत्न हो, यो बुकस्टोर ।' वामपन्थी झुकाव राख्ने लेखक, कलाकार र अभियन्ताका लागि निर्माण गरिएको ब्लुस्टकिंग्स नामको त्यो पुस्तक पसल सामूहिक प्रयत्नको उपज हो । रंगभेदी, लैंगिक विविधता अस्वीकार गर्ने, नाफा र बजार मात्रलाई सर्वेसर्वा ठान्ने जमात शक्तिशाली बन्दै गर्दा सुरक्षित ठाउँको खोजी भयो । सामूहिक प्रयत्न नगरी त्यस्तो ठाउँ बनाउनु असम्भव थियो । परिवर्तनको तीव्र आकांक्षा भएका पढैयाहरू भेला भए र सुरू गरे, ब्लुस्टकिंग्स बुकस्टोर क्याफे एन्ड एक्टिभिस्ट सेन्टर ।

न्युयोर्कका सडकपेटीमा पैदल घुम्दाघुम्दै ब्लुस्टकिंग्स फेला परेको थियो । पस्दै गर्दा सँगै गएका रोशनराज बरालले दिल्लीमा आफूले पढेको विश्वविद्यालय जेएनयु सम्झे । उनले भने, 'उता जेएनयु

सिध्याउन लागेका बेला यता जेएनयुको झल्को आउने ठाउँमा आइपुगियो ।' परचक्री र हेपाहा बन्न थालेको दुनियाँको चरित्र बुझाउने किताब र तिनलाई बदल्न उत्साहित तुल्याउने पुस्तिका देखिन्थे त्यहाँ । एउटा सानो पसलसमेत प्रतिरोधी आवाज जगेर्ना गर्ने थलो बन्न सक्छ । वैचारिक निकटताले निर्माण गरेको त्यो सानो समूहले पेस गरेको गतिलो उदाहरणका रूपमा बुझ्यौं, हामीले ब्लुस्टकिंग्सलाई । सत्तालाई चुनौती दिने आमवृत्त खुम्चन थालेका बेला त्यति प्रयत्न पनि लोकतन्त्रको त्राण बन्न सक्छ ।

पसलका विपरीत कुनोमा कफी पिएर पढिरहेका र साउतीमा बात मारिरहेका मान्छे देखिन्थे । यो सानो स्पेस सबैका लागि सहज र सुरक्षित बनोस् भन्नेमा सबै सचेत थिए । गफ गर्नेले पढ्नेलाई असर गरेको थिएन । ऱ्याकमा पुस्तक छानेर यताउता डुलिरहेकालाई अप्ठेरो नपरोस् भन्नेमा सचेत देखिन्थ्यो । काउन्टरमा बसेकाहरू ग्राहकका जिज्ञासा सुन्न र तिनलाई पुस्तक खोजिदिन उत्तिकै तत्पर थिए । किताब किनेपछि त्यही दिन बेलुका हुने कार्यक्रममा आउन निम्ता दिंदै काउन्टरमा बसेका एक जनाले भने, 'हामी राती एघार बजेसम्म खुलै राख्छौं, यहाँ आज बुक रिडिङको कार्यक्रम छ । समय भए आउनुहोला ।'

## नटराजनको रूपान्तरण

ब्लुस्टकिंग्सको साँझ भेलामा उपस्थित हुन सकिएन । दोस्रो पटक त्यहाँ पुगेर थप केही अभियन्ताहरूसँग गफिने रहर अपूरै रह्यो । पढ्न र काम गर्न न्युयोर्क पुगेका नेपालीलाई यस्ता ठाउँ फेला पार्न त्यति सहज नहोला । धेरैलाई यस्तो आवश्यकताको महसुस नभएको पनि हुन सक्छ । इस्टकोस्टका विभिन्न सहरमा भेटिएका केही नेपाली युवाले अफ्रिकी/अमेरिकी समुदायप्रति खुला द्वेष व्यक्त गरे । उनीहरू हाकाहाकी भन्थे, 'सबै कालाहरू काम नलाग्ने बद्मास हुन्छन्, जोगिनुपर्छ ।' ब्लुस्टकिंग्समा पुग्न, त्यहाँ राखिएका किताब पढ्न र ती अभियन्तासँग संगत गर्न पाउँदा उनीहरू बदलिन सक्थे । उनीहरूको गहुँगोरो रंग पनि त खतरा मोलिरहेको छ ।

संगतबाट बदलिएका थिए, भारतीय युवा बालमुर्ली नटराजन । न्यु जर्जीस्थित एक विश्वविद्यालयमा एन्थ्रोपोलोजी अध्यापन गर्ने यी प्राध्यापक भारतबाट अमेरिका आउँदा इन्जिनियर र डाक्टर भए मात्र मान्छे भइन्छ भन्ठान्ने कट्टर तामिल ब्राह्मण थिए । परिवार र समुदायले चाहेअनुरूप इन्जिनियरिङ एक तहको अध्ययन सकेर ठूलो इन्जिनियर बन्न अमेरिका आइपुगेका थिए । विद्यार्थीका रूपमा उनी यहाँ आइपुग्दा अमेरिकी विश्वविद्यालयमा एकसाथ मार्क्सवाद, नारीवाद, ल्याटिन अमेरिकी आन्दोलन र रंगभेदविरोधी आन्दोलन प्रभावी बनेको थियो । उनले भारतबाट संगै बोकेर आएको ब्राह्मणवादले यी आन्दोलनसँग ठक्कर खायो । संगत गर्न पुगेका विद्यार्थी अभियन्ताले उनलाई बदलिन सघाएका थिए । विस्तारै उनका पुरातन मान्यता र बुझाइ खण्डित भए । अनलर्निङको तीव्र प्रक्रियाबाट गुज्रँदै जाँदा उनी सोसल साइन्सका विद्यार्थी बने, न्यायिक अभियानका सक्रिय सदस्य बने । उनलाई आजकल बालमुर्ली नटराजन होइन, मुर्ली भनेर बोलाउँछन्, विद्यार्थी र मित्रहरू ।

भारतीय समाजमा अहिलेसम्म जब्बर रहेको जात-व्यवस्थाको आलोचना गर्दै मुर्लीले किताब लेखे । उनको चाहना थियो, आवश्यकता महसुस गर्नेले आफ्नो किताब सहजै पढ्न पाऊन् । उनी चाहन्थे- जुन समुदायबारे उनले किताब लेखे, कम्तीमा त्यो समुदायका विद्यार्थी र अभियन्ताले उनलाई पढून् । आफ्नो किताबलाई उनले निःशुल्क डाउनलोड गर्न मिल्ने बनाइदिए । मुर्लीको हँसिलो अनुहारमा न जातको दम्भ देखिन्छ, न त ज्ञानको तुजुक ।

सहरको सतहमा जति देखिन्छ, त्यति मात्रै हेरेर आउने काम पर्यटकको हो । त्यसैले उनीहरू बजारू गाइड बुकको सहारा लिन्छन् । पर्यटक हुने हैसियत र रूचि दुवै नहुनु मेरा लागि सुखद भयो, मैले गाइड पढिनँ । डिलन र गिन्सबर्ग, बाल्डविन र ह्युज, मोरिसन र बिजु, इलाई र मुर्ली, द न्यु स्कुल र ब्लुस्टकिंग्सले एक पत्र सतह उक्काएर देखाएको अमेरिका हेर्न पाएँ । ■

> डोनाल्ड ट्रम्पजस्ता रंगभेदी शासकले आफ्नो घाँटी राजनीतिक हिन्दुत्ववादलाई सहर्ष वरण गरेका नरेन्द्र मोदीसँग जोडेपछि अवस्था अझै विकराल बन्यो । हिन्दुत्ववादलाई ।

# झुम्दै पौवा गार्डेनमा

मानिस भन्छन्, काठमाडौँले बेफुर्सदी बनायो । राजधानीले बेफुर्सदी बनायो कि आफ्नै रहर र सपनाले ? त्यो भने सोचनीय कुरा हो । खैर, भानुभक्तको यो अलकापुरीलाई अर्को पनि आरोप छ, यो धुलो-धुवाँमान्डु बन्यो । हुन पनि विश्वको प्रदूषित सहरमा काठमाडौँको नाम बारम्बार आइरहेको छ । धुवाँधुलो, कामको तनावबाट मुक्त हुन काठमाडौं वरपर यस्ता थुप्रै ठाउँ छन्, जहां तपाईं रमाइलो गर्न सक्नुहुन्छ ।

जहरसिंहपौवामा रहेको पौवा गार्डेन रिसोर्ट तनावमुक्त र रमाइलोका लागि उत्कृष्ट छ । डाँडामा रहेको रिसोर्टमा काठमाडौँबाट २ घन्टामै पुग्न सकिन्छ । रिसोर्टमा लोकल कुखुराको मासु, भात र संगीतमा झुम्ने सुविधा छ । रिसोर्टबाट मनोरम हिमालय शृंखलाको दृश्यावलोकन गर्न सकिन्छ भने प्याराग्लाइडिङको बुकिङ पनि हुन्छ । रिसोर्टमा प्याकेजको पनि व्यवस्था छ ।

# क्याजुअल शैली

फ्रान्सेली फेसन डिजाइनर इभ सङलोहले भनेका छन्, फेसन बदलिन सक्छ तर शैली अमर रहन्छ । साँच्चै कतिपय फेसन त्यस्तै हुन्छन् । नपत्याए हेर्नुस् त, मोडल अस्मिता गौतमको पहिरन ।

सेतो ऋप टिसर्ट, जिन्स ज्याकेट र रातो ट्राउजरमा उनी बिन्दास देखिन्छिन् । क्याजुअल यो शैली सदाबहार छ । कुल देखिन चाहने युवा पुस्तामाझ क्याजुअल शैली सधैं लोकप्रिय छ ।

महेश प्रधान

# साइकलमा ब्राजिली परिवार

**सहरमा महोत्सवको माहोल छ ।** कुनै बेला कला-संस्कृतिमा उर्बर रहेको काठमाडौं उपत्यकामा अहिले राष्ट्रिय-अन्तर्राष्ट्रिय चलचित्र प्रदर्शनी चलिरहेका छन् । सधैं ब्राजिली फुटबलको स्वाद चाखेका नेपालीले यो साता भने ब्रजिलियन चलचित्रको स्वाद चाखे । याला इन्टरनेसनल इन्डिपेन्डेट फिल्म फेस्टिबल र काठमाडौंस्थित ब्राजिलियन दूतावासको संयुक्त पहलमा नेपाली चलचित्र *लज्जा* र ब्राजिलको चलचित्र *द मिडल अफ द वर्ल्ड* देखाइएको थियो ।

चलचित्र *लज्जाले* नेपाली समकालीन राजनीतिक समाजमाथि व्यंग्य हानेको छ । दाङमा थारू जातिलाई कमैया बनाइयो । पछि सरकारले कमैया उन्मूलन त गर्‍यो । तर रोजगार र आर्थिक पाटो उकास्न कुनै सहयोग गरेन । चलचित्रका मुख्य पात्रले आफ्नो लंगौटी छोप्न एक मिटर कपडा नपाएपछि अन्ततः राती पार्टीबारे लेखिएको तुल चोरेरै आफ्नो लाज छोप्छन् ।

गरिबीको परिचय ब्राजिलबासीका लागि पनि फरक छैन । ब्राजिलमा १ हजार रूपैयाँ कमाएर परिवार पाल्ने सपना छ, रोमाओ र रोजको । पारैबाबाट साइकलमा ५ जना छोराछोरी बोकी उनीहरू रियो दि जेनेरियो आउँछन् । साइकलमा एक जना यात्रा गर्नु त अचम्म लाग्छ भने डेढ वर्षको बच्चासहित रोमाओको पूरै परिवार साइकलमा यात्रा गर्छन्, मीठो खाने र राम्रो लगाउने सपना देखेर ।

कथामा भोक, गरिबी, लैंगिक असमानता, विसंगति मार्मिक ढंगले प्रस्तुत गरिएको छ । भिसेन्ट अमोरिमले निर्देशन गरेको फिल्म सत्य घटनामा आधारित हो । छोराछोरी भोकाएर रून थालेपछि रोजले 'सुत, सुतेपछि भोक लाग्दैन' भन्दै पेट मुसारेको दृश्यले मन छुन्छ । यस्तै, भोक, गरिबी र धुलोमैलोमा पनि परिवार हाँस्दै गीत गाउँदै गरेको देख्दा रमाउन के पैसा नै चाहिन्छ भन्ने प्रश्न पनि खडा गरेको छ । ब्राजिलको क्लासिक चलचित्रबाट प्रभावित *द मिडल अफ द वर्ल्डले* जीवनको मिठास बोकेको छ ।

---

# जहाँ दिमाग स्वतन्त्र छ




**भनिन्छ, मानव केवल आफ्नो मस्तिष्कमा** स्वतन्त्र हुन्छ । स्वतन्त्र मस्तिष्कमा सिर्जनाको स्तर कति माथि होला ? वृत्तचित्र महोत्सव फिल्म साउथ एसियाको यसपटकको थिम हो, 'ह्वेर द माइन्ड इज फ्री ।' अर्थात् जहाँ दिमाग स्वतन्त्र छ । स्वतन्त्र दिमागले के-कस्ता सिर्जना गरेका होलान् ?

फिल्म साउथ एसिया हरेक दुई वर्षको अन्तरालमा हुन्छ । १२ औं संस्करणको थिम भारतीय साहित्यकार रवीन्द्रनाथ टैगोरको शीर्षकको कविताबाट महोत्सवको थिम लिइएको थियो । २८ कात्तिकमा सुरू भएको महोत्सवमा नेपथ्यका लिड सिंगर अमृत गुरूङले उद्घाटन गरे । उद्घाटनमा उनले भने, "जब सत्तामा कला, जात, धर्म, कर्मको सीमितता वा बन्देजको गन्ध आउन थाल्छ, त्यो अधिनायकवादउन्मुख हुन्छ । आजको संसारमा यो गन्ध आइरहेको छ। हाम्रो बोली त बन्द गराइएला तर चरालाई चुप लगाउने दुस्साहस कसले गर्न सक्छ?"

उद्घाटनलगत्तै पाकिस्तानको वृत्तचित्र *इन्दुज ब्लुज* देखाइएको थियो । मानव सभ्यताको उद्गमस्थल इन्दुजमा कसरी लोकबाजा र गीत पलायन भयो भन्ने कथा चित्रित छ । महोत्सवमा १८ वटा फरक विषयमा चाखलाग्दा वृत्तचित्र देखाइए ।

## नोटबुक

सुनिता लोहनी

# नेपाली पाउडर

**राजधानीमा बाटो र बत्तीको सुविधा छ भनिएको छ ।** तर साँच्चै सुविधा हो कि होइन, बुझ्न जिल्ला घुम्नुपर्दो रहेछ । केही दिनअघि हप्ते बिदा मनाउन जहरसिंहपौवा पुगियो । चाबहिलदेखि साँखुसम्मको बाटो कति खराब रहेछ भने प्रधानमन्त्री केपी ओलीले मास्क लगाउनु पर्दैन भनेको खुबै सम्झिएँ । पानी नपरेकाले बाटो धुलाम्य, नेपाली पाउडर छरपस्ट । बाइकमा सवार म स्पटसम्म पुग्दा धुलोले शरीर पूरै *घामड शेरेको* ट्रेलरमा देखाइएको निश्चल बस्नेतजस्तै बनिसकेकी थिएँ ।

केही दिनअघि पूर्वतिर घुम्न जाने मौका मिलेको थियो । धरानतिर पहिल्यै घुमेकी थिएँ । तर धनकुटा र हिले पनि घुम्ने अवसर मिल्यो । धनकुटाको सडक देखेर छक्क परेकी थिएँ । एकैनासको खैरो पिच, सफा सडक । पहिरो नजाओस् भनेर ढुंगा र तारले बेरेर बनाएका अग्ला भित्ता । काठमाडौंमा पानी पर्दा धान रोपिदिऊँजस्तो लाग्ने खाल्डाखुल्डी कतै देखिएन । यस पटक चाबहिलको यात्रा गर्दा धनकुटाको त्यो बाटो झल्झली सम्झिएँ । धन्य, धनकुटाको बाटो ! धिक्कार, चाबहिलको बाटो !

# सेल्फीले लिएको ज्यान

**समाचार नयाँ होइन तर कसैको मृत्युको समाचार सुन्नुपर्दा** खल्लो लाग्ने । मृत्यु स्वाभाविक भए त ठीकै हो तर बेवकुफीले ज्यान जाँदा असह्य हुने रहेछ । दसैंताका घुम्ने क्रममा तमोर नदी गएका थियौं । त्यहीं बास बस्ने र भोलिपल्ट बराह क्षेत्र जाने योजना थियो । साँझ परिसकेकाले तमोर नदी पुलसँगै रहेको होटलमा खाना खायौं । खाने क्रममा होटल मालिकले अघिल्लो दिन तमोर नदीमा ३ केटा र एक केटी घुम्न आएको र सेल्फी खिच्ने क्रममा केटीको ज्यान गएको सुनाए ।

धनकुटा बजारमा बस्ने युवती २१ वर्षकी थिइन् रे । घरकी कान्छी छोरी उनी साथीसँग तमोर घुम्न आएकी रहिछन् । यस पटक दसैंसम्म पनि पानी परिरहेकाले खोलानदीमा भेल उर्लिएको थियो । पढेलेखेका मान्छेले त्यति बुझ्नुपर्ने हो, भेल आएका बेला खोलाछेउ जानु हुँदैन भनेर ।

होटल मालिकका अनुसार तमोर नदीले दुई- तीन महिनाको अन्तरालमा मान्छे बगाइरहन्छ । फोटो खिच्ने वा डुल्ने क्रममा पहिले पनि थुप्रै युवकयुवतीले ज्यान गुमाएको उनले सुनाए । आफ्नै ज्यान जोखिममा राखेर किन खिच्ने ? के ज्यानभन्दा फोटो अमूल्य हो र ?

# नबिर्सने राजदूत

**ठूलाठालु भनिने मान्छे सार्वजनिक कार्यक्रममा बडेबडे कुरा गर्छन् ।** औपचारिक कार्यक्रमबाहेक अन्त भेट्दा ठूलाबडाको विनम्रता कहाँ जान्छ कहाँ !

भनाइ नै छ, बाँस जति अग्लो भयो, उति नुहिन्छ । त्यस्तै, संस्कृतमा भनाइ छ, विद्या ददाती विनयम् । जो ज्ञानी छ, ऊ विनम्र हुन्छ । र, विनम्र व्यक्ति सबैभन्दा आदरणीय हुन्छ । नेपाली समाजको यो टेको भए पनि हिजोआज हामी यस भनाइबाट पर हुँदै गएका छौं । तर एक औपचारिक कार्यक्रममा ब्राजिली राजदूत मारिया टेरेसा पेसोआलाई भेट्दा छक्कै परें ।

कार्यक्रम सकेपछि चिया खान बस्दै थिएँ । एक गोरी मतिर हाँस्दै बोलिन् । कार्यक्रमबारे सोधिन् । उनी सहज बोलिरहेका बेला अर्का एक व्यक्तिले ब्राजिलको राजदूत भएको बताए ।

उनलाई कतै देखेजस्तो त लागेको थियो । तर कार्यक्रममा गइरहँदा धेरै मानिससँग भेट हुने हुनाले मान्छे ठ्याक्कै ठम्याउन गाह्रो । मैले उनलाई चिनिनँ र त्यो कुरा व्यक्त पनि गरें । उनी मुस्कुराइन् र मलाई अर्को कार्यक्रमका लागि निम्तो दिइन् ।

म निम्तो मानेर गएँ । उनले भुलिसकेकी होलिन् भन्ने सोचेर कार्यक्रमस्थल पुगें । उनले खुसी हुँदै अँगालो मारिन् । चलचित्र देखाइने हुँदा राम्रो सिट छानेर बस्न सुझाइन् । म एक्लै छेउको कुर्सीमा बसिरहेकी थिएँ । कार्यक्रम सुरू हुन लाग्दा उनी अगाडि जाँदै थिइन् । मलाई पछाडिबाट काँधमा समातेर उनले पुनः दोहोर्‍याइन्, 'आई एम सो ग्ल्याड टु सी यु हियर ।' म उनको विनम्रता देखेर नतमस्तक भएँ । ■

GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491,url: bajajauto.com.np | www.facebook.com/pulsarnepal

For more information about your nearest dealer please contact .
Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७